अन्तिम लेखापरीक्षण प्रतिवेदन

गढवा गाउँपालिका
दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गढवा गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गढवा गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेष्ठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ८७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

गढवा गाउँपालिका, गढवा गाउँ कार्यपालिकाको कार्यालय,

दाङ ।

१. **कैफियत सहितको राय –** हामीले गढवा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गढवा गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गढवा गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ४२ लाख ३२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१ करोड १६ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड २२ लाख ६८ हजार, प्रमाण कागजगात पेश गर्नुपर्ने रु.१ करोड ६० लाख ९९ हजार, सोधभर्ना नलिएको रु.११ लाख २५ हजार र पेश्की बाँकी रु.३० लाख ९६ हजार समेत गरी यस वर्ष रु.६ करोड ४२ लाख ३२ हजार बेरुजू कायम रहेको छ । गढवा गाउँपालिकाको गतवर्ष सम्म रु.३३ करोड ५ लाख ८१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३९ करोड ४८ लाख

१३ हजार रहेको छ ।गढवा गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ ।वित्तीय प्रतिवेदन तयार गर्ने गढवा गाउँपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गढवा गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

नायब महालेखापरीक्षक

गढवा गाउँपालिका,

दाङ जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
१४३	१५०	६४२३२	०	०	०	१४३	१५०	६४२३२	११६४४	३२२६८	१६०९९	०	११२५	४९४९२	३०९६

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

स्थानीत तह	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गढवा गाउँपालिका, दाङ	३३०५८१	०	०	३३०५८१	०	६४२३२	३९४८१३

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८० (चालु वर्षको)	नभएको	-	-
२	गत विगत वर्षको	नभएको	-	-
	कुल जम्मा	-	-	-

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गढवा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दंगीशरण गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ३५८.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८५९२ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१३ देखि २०८०।९।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति — कार्यालयको आय र व्ययतर्फ गरी जम्मा रु.१७५९७४५६७८.१८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २४३२९२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

क्र.सं.	विवरण	रकम रु	दाखिला मिति
१	पारिश्रमिक कर असुली	२३३०७	२०८०।९।१६-१९
२	बढी प्रशिक्षक भत्ता	८१६०	२०८०।१०।२२
३	बढी दिवा खाजा	५२२०	२०८०।१०।२२
३	बोलपत्र मूल्यांकन बैठक भत्ता	१४९२०५	२०८०।११।८
४	प्र.अ बैठक भत्ता	५७४००	२०८०।।१०।२३-२६
जम्मा		२४३२९२	

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण परीक्षण

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको सम्बन्धमा निम्नअनुसार देखिएको छः

आय व्यय विवरण -

(क) सुत्र अनुसार आय व्यय - पालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्यय विवरण म.ले.प.फा.नं. २७२ अनुसारको प्राप्ति भुक्तानी हिसाब देहायनुसारको पेश भएको छ ।

विवरण	बजेट रु.	प्राप्ति र खर्च रु.
प्राप्ती (क+ख)	८१३१७०६३५.०४	५७१४८७६१५.६१
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	७७७४३९१६१.७८	५४३६४७८५९.८७
११००० कर	१४७७८२०००.	११३४१८६२४.४
१३००० अनुदान	४५०५०००००	४०४२१७४२२.४
संघीय सरकार	३९८८७२०००.	३६०२०६२०२.४
प्रदेश सरकार	५१६२८०००.	४४०११२२०.
१४००० अन्य राजस्व	४७५०००००.	२६०११८१३.०७

१५००० विविध प्राप्ति	०	०
३२००० वित्तीय सम्पत्ति	१३१६५७१६१.७८	०
ख. अन्य प्राप्ति	३५७३१४७३.२६	२७८३९७५५.७४
वितरण गर्न बाकी राजस्व	०	०
कोषहरु	३५७३१४७३.२६	२००७८१६९.२९
धरौटी	०	७७६१५८६.४५
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०
भुक्तानी (ग+घ)	८१३१७०६३५.०४	६७१२८२३५५.४५
ग. भुक्तानी (सञ्चित कोषबाट)	७७७४३९१६१.७८	६३७८५१४२३.३३
२१००० पारिश्रमिक / सुविधा	४२९३०३३०.	३८२६९३१२.३९
२२००० मालसामान तथा सेवाको उपयोग	१७९११६५८१.७८	१४२७६२९०३.९५
२५००० सहायता (Subsidy)	१८५५६४५१५.	१६९०२५२०१.९९
२७००० सामाजिक सुरक्षा	१९५११८८९.	१८५७०६१९.
२८००० अन्य खर्च	६५०१००.	२७५६२०.
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	३४९६६५७४६.	२६८९४७७६६.
घ. अन्य भूक्तानी	३५७३१४७३.२६	३३४३०९३२.१२
कोषहरु	३५७३१४७३.२६	२९००७९०२.१२
धरौटी	०	४५०६१९०.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-८३,१६०.००
ङ. यो वर्षको बचत (न्युन)		-९९७९४७३९.८४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१७७३०८५९२.४
वर्षान्तको बाकी रकम (ङ + च)		७७५१३८५२.५६
बैंक तथा नगद बाँकी		५८७७०४१९.११

(ख) एकीकृत आय व्यय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

आयतर्फ			ब्ययतर्फ		
विवरण	रकम रु.	रकम रु.	विवरण	रकम रु.	रकम रु.
गत वर्षको जिम्मेवारी		१५९४०५०९८.१	चालु खर्च		३६८९०३६५७.३
क) नगद	०		पुंजीगत खर्च		२६८९४७७६६
ख) बैंक संचितकोष	१३१६५७१६१.८		वित्तीय व्यवस्था		०
ग) बैंक स्थानीय तह विविध कोष खाता ग.५.१ (कर्मचारी कल्याण कोष)	४१९५०८८		क) ऋण भूक्तानी		
३) धरौटी खाता	११७३९६३२		ख) ब्याज भूक्तानी		
ङ) प्रकोप ब्यवस्थापनकोष खाता	५०५०९१३.६७		ग) अन्य भूक्तानी		
च) विविध खर्चखाता ग.२.७	२५९८५००		लगानी		०
विविध खर्चखाता ग.२.७ (धानबाली)	४१६३८०२.६२		क) ऋण भूक्तानी		
५) विभाज्यकोष खाता	०		खं शेयर लगानी		
राजस्व (आन्तरिक आय)		१३९४३०४३७.५	ग) अन्य लगानी		
क) आन्तरिक राजस्व	१७४४९५४६.०७		सामाजिक सूरक्षा तथा संरक्षण खर्च		१४६२१९६८९
ख) राजस्व बाँडफाड	१२१९८०८९१.४		एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम खर्च		४५३८२००८.८२
ग) अन्य आय	०		नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम खर्च		२२८९५४५५.२९
वित्तीय हस्तान्तरण संघ		३८१०४३५२५	प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम खर्च		१०५०००
क) वित्तीय समानीकरण अनूदान	१२८२९७५००		धरौटी फिर्ता		४५०६१९०
ख) सशर्त चालू अनूदान	२०७१४७३७५		जनश्रमदान फिर्ता		०
ग) सशर्त पुंजीगत अनूदान	२८३४८६५०		सशर्त-विशेष-समपुरक अनूदान फिर्ता (संघ र प्रदेश)		२३६९२७९०.६
३) समपुरक अनूदान	०		प्रकोप ब्यवस्थापनकोष खर्च		१७६५१०३७
ङ) विशेष अनूदान	१७२५००००		बैंक स्थानीय तह विविध कोष खाता ग.५.१ (कर्मचारी कल्याण कोष) खर्च		१७७७७००
वित्तीय हस्तान्तरण प्रदेश		४६८६६६८८	बेमौसमी वर्षाका कारण किसानहरुलाई राहत वितरण खर्च		१९२०४९८.५
क) वित्तीय समानीकरण अनूदान	७७२८०००		बेमौसमी वर्षाका कारण		२२४३३०४.१२

			किसानहरुलाई राहत वितरण पश्चात् बांकी फिर्ता		
ख) सशर्त चालू अनूदान	३००००००		प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सुचना अधिकारी तलव) खर्च		३८०९४२.५
ग) सशर्त पुंजीगत अनूदान	८००००००		दावीप्राप्त बीमा रकम दाखिला		१३००००
घ) समपुरक अनूदान	१०२३८६८८		गोबर्डिहा आयूर्वेद औषधालय भवन निर्माण (लूम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालय) खर्च		४९०४४२०
ङ) विशेष अनूदान	१७९०००००		विभाज्यकोषबाट बांडफांड भएको		२०२७५०१४
अन्तरस्थानीय तहबाद प्राप्त		०	मौज्दात		५९२७९८२९.९१
अन्य		०	क) नगद मौज्दात	०	
क) क्षेत्रीय शहरी विकास योजना			ख) बैंक संचितकोष खाता	३७५३६७५८.३२	
ख) सडक बोर्ड नेपाल			ग) बैंक विविध खर्चखाता ग.२.७	२६३७८९०.४७	
ग) पर्यटन बोर्ड नेपाल			बैंक विविध खर्चखाता ग.२.७	६५७२९	
सामाजिक सूरक्षा तथा संरक्षण आय		१४६२१९६८९	घ) बैंक धरौटी खाता	१४९९५०२८.४५	
एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम		४५३८२००८.८२	ङ) बैंक विभाज्यकोष खाता	०	
नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम		२२८९५४५५.२९	च) बैंक प्रकोप ब्यवस्थापनकोष खाता	१२७०३५.६७	
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम		१०५०००	छ) बैंक स्थानीय तह विविध कोष खाता ग.छ.ज्ञ (कर्मचारी कल्याणकोष)	३९१७३८८	
विभाज्य कोषतर्फको आय		२०२७५०१४	ज) बेमौसमी वर्षाका कारण किसानहरुको राहत वितरणार्थ बांकी मौज्दात	०	
प्रकोप ब्यवस्थापन कोष आय		१२७२७१५९	गत वर्षको बढी अ.ल्या.		०
बैंक स्थानीय तह विविध कोष खाता ग.५.१ (कर्मचारी कल्याण कोष) आय		१५०००००	जनश्रमदान मौज्दात		०
बेमौसमी वर्षाका कारण किसानहरुको राहत वितरणार्थ जिल्ला प्रशासन कार्यालय दाङबाट प्राप्त आय		३९३९०.४७			

दावीप्राप्त बीमारकम		१३००००			
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सुचना अधिकारी तलव)		३८०९४२.५			
गोबर्डिहा आयूर्वेद औषधालय भवन निर्माण (लूम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालय)		४९७०१४९			
धरौटी प्राप्त		७७६१५८६.४५			
जनसहभागितामा नगद		०			
विषयगत निकायबाट प्राप्त		०			
लगानीको सांवा फिर्ता		०			
दाखिला हुन बांकी कट्टी रकम		८३१६०			
जम्मा		९८९२१५३०३.१	जम्मा		९८९२१५३०३.१

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले देहाय बमोजिमका आर्थिक कारोवारको सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	बजेट रु.	खर्च रु.
सामाजिक सुरक्षा तथा संरक्षण	१४७४६६०००।००	१४६२१९६८९।०१
एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	६७८८८०००।००	४५३८२००८।८२
नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम	२६००००००।००	२२८९५४५५।२९
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम	१४००००।००	१०५०००।००
जम्मा	२४१४९४०००।००	२१४६०२१५३।१०

२.३ **फरक हिसाब** — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	मौज्दात	
एकीकृत आर्थिक विवरणअनुसार	१५९४०५०९८.१	८२९८१०२०५.०१	९२९९३५४७३.२	५९२७९८२०.९१	
सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७२)	१७७३०८५९२.४	५७१४८७६१५.६१	६७१२८२३५५.४५	७७५१३८५२.५६	अनुसूची २४ मा स्रेस्ता अनुसार बाँकी रु ५,८७,७०,४१९.११
फरक	(१७९०३४९४.३)	२५८३२२५८९.४	२५८६५३११७.७	(१८२३४०३१.६५)	
मलेप २७०	सुत्रको मलेप २७० अनुसार गत वर्षको जिम्मेवारी रु १५८८९५६८७.२८				सुत्रको मलेप २७० अनुसार बैंक तथा मौजदात बाँकी रु ५,९१,९६,६६९.९१

उल्लेखित विवरण अनुसार स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) र पालिकाबाट बाट पेश भएको एकीकृत आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी रु. १७९०३४९४.३ र बैंक मौज्दातमा रु. १८२३४०३१.६५ ले फरक परेको देखिन्छ । यससम्बन्धमा पालिकाले महालेखानियन्त्रक कार्यालयले मलेप २७० बाट हिसाब समायोजन गरेको र सोअनुसार गत वर्षको बैंक तथा नगद बाँकी जिम्मेवारी रु १५८८९५६८७.२८ (गत वर्षको प्रतिवेदनमा समेत रु १५९४०५०९८.१) नै रहेकोमा गत वर्षको सुत्रको हिसाब अद्यावधिक नरहेकोले र समायोजन गर्दा मलेप २७२ मा रु १७७३०८५९२.४ देखिएकोले बढी जिम्मेवारी देखिएको छ । जसले गर्दा मौजदात फरक देखिएकोमा प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनमा मलेप २७० बाट मौजदात ५,९१,९६,६६९.९१ देखिएको जुन सुत्रको अनुसूची २४ को स्रेस्ता अनुसार बाँकी मौजदात रु ५८७७०४१९.१९ भन्दा बढी रहेको सुत्रको विवरणबाट देखिएको जनाएको छ । पालिकाले यस सम्बन्धमा हिसाब भिडान गरी प्राप्ती भुक्तानीको हिसाब अद्यावधिक राख्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छः

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
ग १.१ आन्तरिक राजस्व खाता	०	०
ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
ग १.३ आन्तरिक अनुदान खाता	०	०
ग २.२ चालू खर्च खाता- जोर वर्ष	०	०
ग २.४ पुंजीगत खर्च खाता- जोर वर्ष	०	८७४५४६.

ग २.७ विविध खर्च खाता	२७०३६१९.४७	६१०८०३९.४७
ग ३.१ स्थानीय तह धरौटी खाता	१४९९५०२८.४५	१४९९५०२८.४५
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	३७५३६७५८.३२	३७५३६७५८.३२
ग ५.१ स्थानीय तह विविध कोष खाता	३९१७३८८.	३९१७३८८.
ग ६.१ स्थानीय तह विभाज्य कोष खाता	०	०
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१२७०३५.६७	१२७०३५.६७
बैंक कारोबारमा भिन्नता (राजस्व खाता र सञ्चित कोष खाता)	-५०९४१०.८	
	५८७७०४१९.११	६३५५८७९५.९१

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

(घ) कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात यकीन गर्न सकिएन ।

३ **आन्तरिक नियन्त्रण** - यसमा निम्न व्यहोरा देखिएका छन् :

३.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

• स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम

तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।

•जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको पाईयो ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको

परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

• नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अदयावधिक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ **बेरुजु लगत** - पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।

म. ले. प. फाराम ८०१ - बेरुजु लगत

म. ले. प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन

म. ले. प. फाराम ८०५ - सम्परीक्षण गोश्वारा अभिलेख

३.३ **सूचना प्रविधी पद्दति** - सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।

• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म.ले.प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने अशल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिग्यास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकायलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको जानकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

४ बजेट तथा कार्यक्रम

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९।०३।१० गते रु ६३ करोड ४५ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

४.४ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट शिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रकम रु)				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथौ त्रैमासिक	आषाढ महिना

पुँजगत खर्च	२६८९४८	१४९०५	२०१३०	७६५०६	१५७४०७	८६३२६
चालु खर्च	३६८९०४	६२८३२	७६६२३	९३००२	१३६४४७	१०६८३४
जम्मा खर्च	६३७८५१	७७७३७	९६७५३	१६९५०८	२९३८५४	१९३१६०
खर्च प्रतिशत		१२.१९	१५।१७	२६।५७	४६।०७	३०।२८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६३ करोड ७८ लाख ५१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ७ करोड ७७ लाख ३७ हजार अर्थात १२.१९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ९ करोड ६७ लाख ५३ हजार, अर्थात १५.१७ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.१६ करोड ९५ लाख ८ हजार, अर्थात २६.५७ प्रतिशत र चौथो त्रैमासिकमा रु २९ करोड ३८ लाख ५४ हजार अर्थात ४६.०७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्र रु.१९ करोड ३१ लाख ६० हजार अर्थात ३०.२८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
			जम्मा खर्चको तुलनामा
आर्थिक विकास	९२४४१४१८।००	७५२२९४९५।४९	११।७९
पूर्वाधार विकास	२२९९५८८५०।००	१६७७३२७७९।००	२६।३०
सामाजिक विकास	३०२९३६२१२।००	२५८८२९४६६।९०	४०।५८
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५०७६६०४४।००	४६४१५७४८।००	७।२८
अन्य कार्यालय संचालन तथा प्रशासनिक	१०१३३६६३७।७८	८९६४३९३३।४४	१४।०५
जम्मा	७७७४३९१६१।७८	६३७८५१४२३।३३	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४०.५८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ७.२८ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

४.६ **योजना कार्यान्वयन अवस्था**

(क) योजना प्राथमिकिकरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको योजनहरुको विवरण उपलब्ध नगराएकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिएन ।

(ख) लक्ष्य प्रगति -कार्यालयले त्रैमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.७ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ ।

यसरी भुक्तानीको जिम्मेवारी सारेकोमा २०७९।८० मा गत आ.व.को भुक्तानी भनि कार्यक्रम छुट्याई देहाय अनुसार भुक्तानी गरेको सुत्रबाट प्राप्त भएको विवरण देहाय अनुसार छ ।

पालिकाले बजेट तथा कार्यक्रम अनुसार समयमै कार्य सम्पन्न गरी भुक्तानी गर्नुपर्दछ ।

सि नं	गत आ.ब.मा खर्च भुक्तानी भई चेक नसाटिए	बजेट	खर्च रु.
१	भेटेरिनरी सामग्री खरिद (वर्डजो कास्तिंगरोप माइक्रोस्कोप सिजर मटन फिस्टन शालायिद ल्यापटप साइकल आदि)	१०८३५	१०८३५
२	पावर ट्रेलर खरिद तथा वितरण ५० प्रतिशत अनुदानमा	९६०३७	९६०३७
३	पावर ट्रेलर खरिद तथा वितरण ५० प्रतिशत अनुदानमा	९६०३७	९६०३७
४	पावर ट्रेलर खरिद तथा वितरण ५० प्रतिशत अनुदानमा	९६०४०	९६०४०
५	पावर ट्रेलर खरिद तथा वितरण ५० प्रतिशत अनुदानमा	१९२०७४	१९२०७४
			४९१०२३
	गत आ.ब.का दायित्व सिर्जित योजनाहरुको भुक्तानी		
१	४ नं. वडा कार्यालयको बैठक भत्ता खाजा खर्च	७५५५०	७५५५०
२	७ नं. वडा कार्यालयको बैठक भत्ता खाजा खर्च	७५२००	७५२००
३	गत आ.ब.को मोटरसाइकल मर्मत बापत इमरान अटो पार्टसको भुक्तानी बाँकी	१५९८५५	१५९८५५
४	हाते व्याग बनाउने तालिम	५००००	५००००
५	आधारभूत सिलाइ कटाइ तालिम कार्यक्रम आ.ब. २०७८/०७९ मा संचालित	५७००००	५६७६६०
६	१०० प्रतिशत अनुदानमा बालीनालीमा रोग र किरा नियन्त्रण विषादी खरिद	७९९००	७९९००
७	आ.ब. २०७७/०७८ देखि सुरुवात गापा सभाहल भवन निर्माण निरन्तरता	७२२०००	७०१०००
८	आ.ब. २०७७/०७८ को संघ-सशर्त शिक्षातर्फबाट सुरुवात भवन निर्माणको आ.ब. २०७८/०७९ मा पालिकाको बजेटबाट सम्पन्न भै उज्वल निर्माण सेवालाई भुक्तानी बाँकी	१३३८००	१३३८००
९	नमूना प्रा.वि महादेवाको विद्यालय भवनको भौतिक निर्माण स्थानान्तरण (ठि.नं.	२०१५३४३	२०१५३००

	२२/०७८/०७९) गत आ.ब.को निरन्तरता वडा नं. २		
१०	५ नं. वडा कार्यालयको लागि एसि खरिद जडान	८८०००	८८०००
११	पालिकामा एसि जडान खर्च	११५७००	११५७००
१२	कृषि सामाग्री खरिद वितरण	१९८५००	१९८५००
१३	इन्भर्टर सि.सि.टी.भी. फिटिङ एसि मर्मत	१८०००	१८०००
१४	५० प्रतिशत अनुदानमा पावर टिलर खरिद	९७५००	९७५००
१५	रिपर खरिद तथा वितरण	८०००००	६८२५००
१६	बेलन बोका खरिद ढुवानी विमा समेत	३२४८००	३२४८००
१७	पशुपंक्षीको लागि औषधी खरिद	९९२५००	९९२५००
१८	पशुपंक्षी भ्याक्सिन खरिद र भ्याक्सिन लगाएको शुल्क	२३३९००	२३३९००
१९	५० प्रतिशत अनुदानमा हाइब्रिड तरकारीको बीउ खरिद	१९८०००	१९८०००
२०	७५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल मल्चिङ र स्प्रे टंकी	४३४८००	४०८७००
२१	बंगुर र बाखा खरिद ढुवानी	१४६०००	१४६०००
२२	हाइब्रिड तरकारीको बीउ खरिद ५० प्रतिशत अनुदानमा	९९०००	९९०००
२३	घाँस बीउ खरिद र ढुवानी	३४६५००	३४६५००
२४	उन्नत तरकारीको बीउ खरिद १०० प्रतिशत अनुदानमा	२०००००	२०००००
२५	च्याप कटर खरिद	४०००००	४०००००
२६	फलफुलको बिरुवा खरिद ढुवानी लोड अनलोड खर्च सहित	५०००००	५०००००
२७	गाउँ कार्यपालिका कार्यालयमा बिजुली वायरिङ्ग तथा इन्टरनेटको तार व्यवस्थित गर्ने कार्य	६००००	६००००
२८	महादेवा घुस्रा आरसिसि नाला निर्माण वडा नं. २	१४४००००	१३२९२००
२९	ठे.नं. ३६/SQ/GRM/NCB/०७८/७९ भवानी मन्दिरदेखि खानेपानी मन्दिरजाने बाटो कालोपत्रे वडा नं. ५ निरन्तरता	९९५९७२	८७७९००
३०	गौरी टोल पक्की नाली निर्माण पचहिया	१५००००	१४३५५०
३१	ठे.नं. ३५/SQ/GRM/०७८/७९ भवानी मन्दिरदेखि खानेपानी कालोपत्रे निरन्तरता वडा नं. ५	६५२९५१	६५२९५१
३२	आ.ब. २०७७/०७८ देखि सुरुवात कक्रहवा खजरौटादेखि उठैयाचौक जोड्ने बाटो निरन्तरता	११००००	८८५२८
३३	ठे.नं. ३३/SQ/GRM/०७८/७९ बाँकीचौकदेखि मगरीबाटो कालोपत्रे वडा नं. ५ निरन्तरता	७४१०००	७४१०००

३४	मुस्तकिम मुसलमान घरदेखि खडकपुर जानेबाटो कालोपत्रे वडा नं. ४	१३९८५००	१३९८५००
३५	ठे.नं. ३७/NCB/GRM/W/०७८/०७९ को २ नं.वडा अन्तर्गत बड्का गल्लीतिनघरुवाबघमरुवाकोठरी नाली तथा कालोपत्रे निर्माण निरन्तरता दोस्रो खण्ड	१००००००	१२१९००
३६	आ.ब. २०७८/०७९ देखि सुरुवात कक्रहवा खजरौटादेखि उठैयाचौक जोड्ने बाटो निरन्तरता	१८४६२०००	१५२६२०००
३७	ठे.नं. ३७/NCB/GRM/W/०७८/०७९ को २ नं.वडा अन्तर्गत बड्का गल्लीतिनघरुवाबघमरुवाकोठरी नाली तथा कालोपत्रे निर्माण निरन्तरता दोस्रो खण्ड	३३२२०००	३३२२०००
३८	ठे.नं.०१/NCB/GRM/W/०७८/०७९ को २ नं.वडा अन्तर्गत बड्का गल्लीतिनघरुवाबघमरुवाकोठरी नाली तथा कालोपत्रे निर्माण निरन्तरता	६६५५६००	६०४४४९६
३९	ठे.नं. ३४/SQ/GRM/०७८/७८ वडा कार्यालय जानेबाटो कालोपत्रे वडा नं. ५ निरन्तरता	७८९०७५	७८९०७५
४०	सेमरीमा लक्षानी चौधरी लगायतका समुहलाई ३ थान मोटर खरिद	४१०००	४१०००
४१	वनबारी पूर्वीटोल सिंचाइ कुलो निर्माण वडा नं. १	९२००००	९२००००
४२	कोटही मन्दिर खानेपानी हैण्ड पाइप जडान	१०००००	९९१९०
४३	पिपलडाँडादेखि तल्लो मदपुरसम्म ह्युमपाइप नाली जडान वडा नं. ६	७८६०००	७८५५००
४४	गापा कार्यालय परिसरमा ग्यारेज निर्माण	११००६७४	१०८४७००
			४२६६९३५५

५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **दरबन्दी र पदपुर्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.२ **कर्मचारी करार** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ

। तर पालिकाले विभिन्न पदमा ८१ जना कर्मचारीहरु करारमा राखि रु.१९३३३९५१ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक पदमा २५ जना करार नियुक्ति गरेको छ . पालिकाले दरबन्दी बाहेक ८ जना कर्मचारी राखी वर्षभरि रु २२८५१२० खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	२२,८५,१२०

५.३ **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन २०४९ को दफा (७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

५.४ **कर्मचारी अतिरिक्त भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। साथै लुम्विनि प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७९ को परिच्छेद २ को ५(क) मा सार्वजनिक निकायले कार्यालय समय बाहेकको अवधिमा कर्मचारीलाई काममा लगाउँदा अतिरिक्त समय काम गर्नु पर्ने अवस्थाको आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतको पुर्व स्वीकृति लिई मात्र खाना खाजा वापत खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले कानून तथा कार्यविधि नबनाई तथा भत्ता खुवाउनु अघि लेखा उत्तरदायि अधिकृतको स्वीकृति नलिई कार्यपालिकाको निर्णय आधारमा यो बर्ष प्रोत्साहन भत्ता भनि रु.४२२६३२.०० खर्च लेखेको छ। यसरी नियम विपरित प्रोत्साहन भत्तामा खर्च लेखेको रकम नियम सम्मत देखिएन रु.

अनियमित भएको	४,२२,६३२

५.५ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि पालिकामा कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रु.१५०००००।०० विविध कोष खातामा ट्रान्सफर गरेको देखिन्छ। पालिकाले कानून अनुसार उपदानकोष तयार गरी दिर्घकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नुपर्दछ ।

६ **सेवा प्रवाह विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ४ वटा नियमावली, ३० वटा कार्यविधि, २ निर्देशिका, २ नम्स गरी ५८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस वर्ष पालिकाबाट भएका घटना दर्ताको विवरण प्राप्त भएन । सडक निर्माण तर्फ निर्माण भएको विवरण समेत पेश गरेको नगरेकोले यस सम्बन्धा विश्लेषण गर्न सकिएन ।

७ **कानून र निर्देशिका निर्माण र कार्यान्वयन** - यसमा निम्न व्यहोरा देखिएका छन् :

७.१ **कानुन निर्माण र कार्यान्वयन** -

(क) कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ४ वटा नियमावली, ३० वटा कार्यविधि, २ निर्देशिका, २ नम्स गरी ५८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

(ख) निर्देशिका तथा मापदण्ड - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७.२ **न्यायीक समिति** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २६ र यो बर्ष थप भएको ९८ गरी कुल १२४ विवाद दर्ता भएकोमा १०९ वटा फछ्र्यौट भई १५ वटा फस्यौर्ट गर्न बाँकी देखिन्छ । पालिकाले तोकिएको समयमै उजुरी फर्योट गरी प्रभावकारी न्याय सम्पादमा ध्यान दिनुपर्दछ ।

८ **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा संघ तर्फको रु. २०८३७३२२।६० र प्रदेश तर्फको रु.२८५५४६८।०० अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८०।३।२९ मा फिर्ता गरेको छ ।

स्रोत	अनुदानको प्रकार	आम्दानी	खर्च रकम	बाँकी रकम	निकासा फिर्ता
नेपाल सरकार	शसर्तअनुदान चालु	२०७१४७३७५।००	१९३६००३५५।४०	१३५४७०१९।६०	१३५४७०१९।६०

	शसर्तअनुदान पुँजीगत	२८३४८६५०।००	२८०८०९४७।००	२६७७०३।००	२६७७०३।००
	विषेशअनुदान पुँजीगत	१७२५००००।००	१०२२७४००।००	७२९०३०३।००	७२९०३०३।००
	समपुरक अनुदान पुँजीगत	०	०	०	०
	जम्मा	**२५२७४६०२५।००**	**२३१९०८७०२।४०**	**२०८३७३२२।६०**	**२०८३७३२२।६०**
लुम्बिनी प्रदेश	शसर्त अनुदान चालु	३००००००।०	२९४०१००।००	५९९००।००	५९९००।००
	शसर्त अनुदान पुँजीगत	८००००००।०	७३८१७००।००	६१८३००।००	६१८३००।००
	विषेश अनुदान चालु	७५०००००।००	७०८१५९०।००	४१८४१०।००	४१८४१०।००
	विषेश अनुदान पुँजीगत	१०४००००००।००	९६३०९२०।००	७६९०८०।००	७६९०८०००
	समपुरक अनुदान पुँजीगत	१०२३८६८८।००	९२४८९१०।००	९८९७७८।००	९८९७७८।००
	जम्मा	**३९१३८६८८।००**	**३६२८३२२०।००**	**२८५५४६८।००**	**२८५५४६८।००**
	कुल जम्मा	**२९१८८४७१३।००**	**२६८१९१९२२।४०**	**२३६९२७९०।०६**	**२३६९२७९०।०६**

९ आर्थिक सहायता र अन्य विविध खर्च

९.१ **खाना तथा विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.९३०००५.०० र वडामा चिया चमेना तथा खाजा भनि रु.९४६८३७ समेत रु १८७६८४२ खर्च गरेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । जस्ले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

९.२ **अन्य समाजिक सहयता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले कार्पालिकाको निर्णयको आधारमा विभिन्न संघ, संस्था, यूनियन, ब्यक्ति, तथा संगठन, आर्थिक रुपले विपन्न आगलगी, बिरामीलाई औषधि उपचार खर्च, प्रकृतिक प्रकोपबाट पिडित तथा असहाय नागरिकलाई रु.१११७८०० अनुदान दिएको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

९.३ **पर्व महोत्सव तथा दिवसहरु** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट पर्व महोत्सव तथा दिवस मनाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न दिवसहरु, माघि महोत्सव, तिज मिलन लगायतमा रु.४९७९७० खर्च गरेको देखिन्छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१० **धरौटी अभिलेख** - पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नु पर्दछ । पालिकाले गत विगत देखि सुत्र

प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिएको धरौटीको अभिलेख अद्यावधिक भएपिन सुत्र सफ्टवेयर लागु हुनुभन्दा अधिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तिय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन ।

११ **सम्पति व्यवस्थापन -** यस सम्बन्धी देखिएका व्यहोरा देहायबमोजिम छन् ।

(क) सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

(ग) जिन्सी सम्पतिको सुरक्षा - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

(घ) मालसामानको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको

निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

१२ **राजस्व व्यवस्थापन-** यसमा निम्न व्यहोरा देखिएका छन्

(क) कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

प्रासिकोश्रोत	वार्षिक अनुमानित आय	आम्दानी रु.
११३१३ - एकीकृत सम्पती कर	२000000.	१५२२२०७.४९
११३२१ - वहाल कर	५00000.	५६२५९६.
११६९१ - अन्य कर	0	२३00000.
१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	११00000.	३०९०६७.
१४२२१ - न्यायिक दस्तूर	९000.	८२00.
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	५00000.	२३०६६७२.८१
१४२४२ - नक्सापास दस्तुर	२00000.	१५९५४९.२७
१४२४३ - सिफारिश दस्तुर	३५00000.	३४५६१७४.५
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	४0000.	४९६५00.
१४२४५ - नाता प्रमाणित दस्तुर	१५0000.	१५६२९८.
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	८00000.	५५७२८४०.
१४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	१000.	0
१४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत	२00000.	५७८२५.
१४६११ - व्यवसाय कर	१000000.	५४१६१६.
	१0000000	१७४४९५४६.०७

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

(ख) आयको अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट

सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १३५००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ९८२३७७७ अर्थात अनुमान भन्दा २७.३३ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

(ग) राजश्व अभिलेख - नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

(घ) राजश्व परामर्श समिति - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

(ङ) स्थानीय तहरूको विभाज्य कोष — प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

(च) राजश्व दाखिलामा जरीवाना - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

(छ) सवारी कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर

असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

(ज) मनोरञ्जन कर -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।

(झ) व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शुन्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

(ञ) स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

(ट) आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
६४२५१२३६५	१७४४९५४६.०७	२.७२

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

(ठ) नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरण - नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन पेश भएन । त्यस्तै संझौता

बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन ।

(ड) राजस्व दाखिला - पालिकाले राजस्व आम्दानी गर्न छपाई गरेको नगदी रसिद ठेली कति छपाई भयो, कति स्टोर दाखिला भयो, सो मध्ये कति खर्च भयो र मौज्दात कति रहेको छ भनि स्पष्ट देखिने गरि रसिद नियन्त्रण खाता राखेको छैन साथै दैनिक रुपमा के कति राजस्व संकलन भयो सोको आम्दानी जनाउने दैनिक आम्दानी किताब राखेको छैन जस्ले गर्दा संकलन गरेको राजस्व यथार्थ हो भनि यकिन गर्न सकिएन । यस तर्फ पालिकाले सुधारात्मक कदम चाल्नु पर्ने देखिन्छ ।

१३ **पेश्की व्यवस्थापन-** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्-

१३.१ **पेश्की विवरण -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा पेश्की सम्बन्धि व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यक्रम तर्फको पेश्की एकिकृत गरी विवरण राख्नुपर्नेमा राखेको छैन । पेश्की सम्बन्धि विवरण नयाँ म.ले.प. फारम अनुसार अद्यावधिक रुपमा राख्नुपर्दछ ।

१३.२ **पेश्की बाँकी -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले देहायका संस्थालाई आर्थिक वर्ष २०७९।८० मा निम्न कार्यको लागि रु. ३०९६४००।०० पेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेको उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभएकोले फर्छ्यौट हुनुपर्ने रु.

मिति	भौचर	विवरण	पेश्की भुक्तानी	रकम रु
२०८०/०२/२४	१७१	विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरण एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	सरस्वतीउ.मा.वि. विद्यानगर गोबरडिहा..	३०००
२०८०/०२/२४	१७१	विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरण एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	सरस्वतीउ.मा.वि. विद्यानगर गोबरडिहा..	६४७०००
२०८०/०२/२४	१७२	विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरण एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	श्रीमाध्यमिक विद्यालय पचहिया -२	३३५०००
२०८०/०२/२४	१७२	विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरण एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	श्रीमाध्यमिक विद्यालय पचहिया -२	३१५०००
२०८०/०२/२९	२६	विद्यालयमाIT ल्याब स्थापना सुदृढीकरण एवं डिजिटल लाइब्रेरी व्यवस्थापनका लागि अनुदान	श्रीसरस्वती आधारभुत विद्यालय चन्दनपुर	६४८२००
२०८०/०२/२९	२७	विद्यालयमाIT ल्याब स्थापना सुदृढीकरण एवं डिजिटल लाइब्रेरी व्यवस्थापनका लागि अनुदान	जनतामाध्यमिक विद्यालय गढवा ७ देउखुरी	६४८२००
२०८०/०३/२२	२४४	विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरण एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	सरस्वतीउ.मा.वि. विद्यानगर गोबरडिहा..	५०००००
				३०९६४००

पेश्की	३०,९६,४००

१३.३ **गत वर्षको पेश्की -** पालिकाबाट आर्थिक वर्ष २०७८।७९ सम्मको देहायअनुसारको पेश्की बाँकी रहेको विवरण सुत्रको मलेप फारम नं २११ फर्छ्यौट गर्न बाँकी पेश्कीको मास्केवारीबाट देखिएकोले उक्त पेश्की नियमानुसार फर्छ्यौट हुनु पर्दछ ।

पेश्की लिएको मिति	गो. भौ.	पेश्कीको विवरण	पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम	गत आ. व.सम्मको
कर्मचारी				
२०७९/१२/१३	३३	क्षमता विकास तालिम तथा शैक्षिकअन्तरक्रिया गोष्ठी संचालन	श्याम बहादुर वि.क.	-७००००
जम्मा				-७००००
ठेकेदार				
२०७९/०४/०१	१	पूँजीगत अनुसन्धान तथा परामर्श	नेक्स्ट जे.भि. कन्सल्टेन्ट प्रा.लि.	१३४९९३२
२०७९/०९/२५	३	मलमला बाटो कालोपत्र गढवा गापा १	सि. ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.	-१४०००
२०७९/०९/२५	६२	समपुरक कोष गापा	सि. ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.	-१४०००
२०७९/११/१८	१३७	सडक तथा पूल निर्माण	जय मां स्वर्गद्वारी निर्माण सेवा प्रा.लि.	३०००००
२०७९/११/२१	१३९	सडक तथा पूल निर्माण	धुलिखेल/ बालारुपी जे.भी.	२८०००००
जम्मा				४४४९९३२
संस्थागत				
२०७९/०४/०१	१	शैक्षिक संस्थाहरूलाई सहायता	सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा..	१००००००
२०७९/०४/०१	२	गैर आवासीय भवन निर्माण/खरिद	श्री मा.वि. पचहिया	२१२५३०१
२०७९/०४/०१	३	गैर आवासीय भवन निर्माण/खरिद	आदर्श रात्री नि.मा.वि. गोबरडिहा	१८०००००
२०७९/०४/०१	३	गैर आवासीय भवन निर्माण/खरिद	उ.मा.वि. चयनपुर देउखुरी गढवा	१८०००००
२०७९/०४/०१	३	गैर आवासीय भवन निर्माण/खरिद	जनता उ.मा.वि. कालाकाटे	३३०००००
२०७९/०४/०१	३	गैर आवासीय भवन निर्माण/खरिद	जनमुखी नि.मा.वि. रङसिङ	१८०००००
२०७९/०४/०१	३	गैर आवासीय भवन निर्माण/खरिद	सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा..	१८०००००

२०७९/०४/०१	३	गैर आवासीय भवन निर्माण/खरिद	सरस्वती नि.मा.वि. चन्दनपुर गढवा	१८०००००
२०७९/०४/०१	४	गैर आवासीय भवन निर्माण/खरिद	उ.मा.वि. चयनपुर देउखुरी गढवा	६५००००
२०७९/०४/०१	४	गैर आवासीय भवन निर्माण/खरिद	जनता उ.मा.वि. कालाकाटे	६५००००
२०७९/०४/०१	४	गैर आवासीय भवन निर्माण/खरिद	जनमुखी नि.मा.वि. रङसिङ	६५००००
२०७९/०४/०१	५	गैर आवासीय भवन निर्माण/खरिद	नि.मा.वि. वनघुस्री गढवा-१	३६०००००
२०७९/०४/०१	५	गैर आवासीय भवन निर्माण/खरिद	महेन्द्र नि.मा.वि. कोइलाबास	१८०००००
जम्मा				२२७७५३०१

१४ **बैठक भत्ता** - लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४(ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४(ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन भनी उल्लेख छ।नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले आफ्नो नियमित काममा समेत पदाधिकारी तथा कर्मचारीलाई सहभागी बैठक भत्ता भुक्तानी गरेको छ । यसरी कार्यालयका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई नियमित काममा समेत बैठक भत्ता खर्च लेख्रेकोले खर्च लेख्न नपाउने यस प्रकारको भत्ता असुल हुनुपर्ने रु

गो.भौ.नं. मिति	कार्यक्रमको नाम	कर्मचारी तथा पदाधिकारीको नाम	बैठक संख्या	दर	जम्मा	१५% कर बाहेक
८३४।२०८०।३।२२	बोलपत्र मुल्यांकन समितिको बैठक भत्ता	प्रेम प्रकाश दाहाल	१२	१५००	१८०००	१५३००
		शेषमणी पौडेल	२२	१५००	३३०००	२८०५०
	जम्मा					४३३५०

असुल गर्नुपर्ने	४३,३५०

१५ पदाधिकारी सुविधा

१५.१ लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष देहायबमोजिमका शीर्षकमा खर्च भुक्तानी गरेको देखियो ।

पद	यातायात	पत्रपत्रिका, इन्टरनेट	टेलिफोन मोबाइल रिचार्ज	अतिथि सत्कार	जनसम्पर्क/ विशेष कार्य सुविधा	खानेपानी तथा सरसफाइ	मर्मत सम्भार र विद्युत/उर्जा खर्च	जम्मा	चाडपर्व खर्च	जम्मा सुविधा
अध्यक्ष	०	४८०००	४२०००	७२०००	१२००००	६००००	६००००	४०२०००	१५०००	४१७०००
उपाध्यक्ष	१४४०००	४८०००	३६०००	६००००	९६०००	६००००	६००००	५०४०००	१५०००	५१९०००

वडाध्यक्ष	९६००००	२८८०००	२८८०००	३८४०००	५७६०००			**२४९६०००**	१४४०००	२६४००००
गाउँसभा सदस्य	१००८०००	६७२०००	८४००००	०	१००८०००			**३५२८०००**	१९६०००	३७२४०००
कार्यपालिका सदस्य	३६००००	२१६०००	२१६०००	०	३६००००			**११५२०००**	६००००	१२१२०००
	१४२२०००	१२७२०००	१४२२०००	५१६०००	२१६००००	१२००००	१२००००	८०८२०००	४३००००	८५१२०००

कार्यालयले उल्लिखित अनुसारको रु. ८५ लाख १२ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत: उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

१५.२ **सल्लाहकार —** लुम्बिनि प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। पालिकाले यस वर्ष कानूनि सल्लाहकार नियूक्ति गरि बर्ष भरि रु. १५०००० र प्रेस सल्लाहकार नियूक्ति गरि मासिक २१००० ले दशै र पोषाक समेत १३ महिनाको रु. २८३००० गरि रु.४३३००० खर्च लेखेको छ। यसरी ऐन विपरित सल्लाहकार नियूक्ति गरि भुक्तानी गरेको रकम नियम सम्मत्त देखिएन रु

अनियमित भएको	४,३३,०००

१५.३ **यातायात -** लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा पदाधिकारीलाई दोहोरो नहुने गरि सुविधा दिनु पर्ने व्यवस्था छ। साथै कर्मचारीहरुलाई अवस्यक्ता तथा औचित्यका आधारमा सवारी साधन सुविधा उपलब्ध गराउनु पर्दछ। निम्न पदाधिकारीहरुले वडा सचिव तथा कर्यालय सहगोगि मार्फत मोटरसाईकल तथा सवारी साधन बुझन लगाई आफु नै प्रयोग गरेको र यातायात सुविधा समेत भुक्तानी लिएको जानकारी प्राप्त भएकोले यस सम्बन्धमा पालिकाद्वारा सत्यतथ्य एकिन गरि दोहोरो भएको सुविधा वापतको रकम एकिन गरी सम्बन्धित पदाधिकारीबाट असुल गर्नु पर्दछ । साथै आवश्यक्ता तथा औचित्यको आधारमा मात्र सवारी साधन सुविधा उपलब्ध गराउनु पर्दछ।

सि. नं.	प्रयोग गर्ने पदाधिकारीको नाम	बुझिलिने कर्मचारी	सवारी नं.
१	उपाध्यक्ष शारदा कुमारी चौधरी	देव बहादुर चौधरी	पिकप बा २ अ १२ ८६
२	व. अ. बाबुराम चौधरी	का. स. कलुराम चौधरी	पलसर १५० रा १ ब १३९४
३	व. अ. भक्तु चौधरी	व. स. कुमारी अनिसा चौधरी	पलसर १५० रा १ ब ६९७
४	व. अ. तुल्सीराम राम अधिकारी	वडा सचिव शिव कु चौधरी	पलसर १५० रा १ ब ६९०
५	वडा नं ४	का. स. दुलीचन गुप्ता	पलसर १५० रा १ ब ६९१
६	व. अ. अबदुल खालिद सिद्धकि	व. स. तुल्सी डंगोल	पलसर १५० रा १ ब ६९४

१५.४ **वडा अध्यक्षलाई मोबाईल -** लुम्बिनी प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार अनुसूचिमा उल्लेख भएको सुविधा भन्दा फरक शिर्षकमा सुविधा दिन मिल्ने देखिदैन। पालिकाले निम्न वडा अध्यक्षलाई मोबाईल खरिद वापतको भुक्तानी दिएकोले उक्त मोबाईल वापतको रकम असुल गर्नु पर्दछ रु.

भौ नं मिति	वडा अध्यक्षको नाम	मोबाईलको विवरण	रकम
२६।५।१९	वडा नं ५ वडा अध्यक्ष श्री लेख बहादुर थापा	रेडमि १०	१९९९०
२७।५।१९	वडा नं ४ को वडा अध्यक्ष श्री हरिभगत चौधरी	रेडमि १०	१९९९०
	जम्मा		**३९९८०**

असुल गर्नुपर्ने	३९,९८०

१६ **खर्चमा मितव्ययिता कायम गर्नु पर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको छ।

१६.१ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म.ले.प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु.१४९४३७०.०० खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यवहोराहरु देहायमा उल्लेख छ।

• विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।

• भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन।उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्थ हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१६.२ **बैठक भत्ता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले यस कर्मचारी बैठक भत्तामा रु.१०३५७५४, पदाधिकारी बैठकमा रु.६९००००, न्यायिक समितिको बैठकमा रु.१५१५१०, वडा समितिको बैठकमा रु.१७२८००० समेत रु.३६०५२६४.०० र सभा संचालन तथा कार्यापालिकाको समेतमा खर्च गरेकोमा अधिकांस बैठक एजेण्डा विहिन रहेको देखियो । पालिकाले विषेश कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितवययिता कायम गर्नु पर्दछ।

१६.३ **इन्धन खर्च-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.३६५१४११.०० र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१६.४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु २६३३३७५.०० खर्च गरेको छ । साथै कन्टिन्जेन्सीबाट पनि खर्च गर्दा अधिकासंमा कार्यआदेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१६.५ **मसलन्द तथा कार्यालय सामग्री खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा रु.२५००००० र कार्यालय सम्बन्धि खर्चमा रु. ५००००० समेत यस वर्ष रु.३०००००० खर्च गरेको छ ।पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो ।सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्ने तर्फ पालिकाले ध्यान दिनपर्दछ ।

१६.६ **सवारी मर्मत खर्च -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।

• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म.ले.प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ ।पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु.११९१०३०५.५१ र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । साथै एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दर भाउ पत्र माग गरेको छैन। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । साथै यस प्रकारका खर्चमा मितवययीता कायम गर्नु पर्दछ ।

१६.७ **कन्टिन्जेन्सी खर्च अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयले कन्टिन्जेन्सी वापत खर्च गरेकोमा कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

१७ **लघु उद्यम कार्यक्रम** -पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत उद्यमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण गरी रु. २९ लाख ३४ हजार खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् ।

(क) गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

(ख) गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानिय तहले अनूसूची १६ बमोजिम उपयुक्त सूचकहरु तयार गरी कार्यक्रमको प्रभावकारीको अनुगमन तथा मूल्याङ्कन गर्ने र अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ । यस पालिकाबाट सोको अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश भएन

(ग) अन्य व्यहोराहरु-

• अधिकांश कार्यक्रमको भुक्तानी सम्बन्धित पार्टिहरु, प्रशिक्षकहरुलाई नभई फोकल पर्शन गोपाल के.सीलाई भएको छ।

• पुनर्ताजगी तालिममा पुरानो सहभागी वा उद्यमी भएको नखुलेको ।

• प्रशिक्षकको कन्टेन्ट र प्रस्ताव नभएको ।

• वितरण गर्नुपर्ने सामाग्रीहरु दाखिला वेगर वितरण गरेको ।

• गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन २०७७ बमोजिम कार्यक्रमको लागि आवश्यक्ता पहिचान यकिन गरी कार्यक्रम गर्नु पर्नेमा आवश्यक्ता पहिचान गरेको देखिएन ।

• कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो ।

• प्रगति प्रतिवेदन तयार नगरेको, स्रेस्ता तथा अभिलेख व्यवस्थित नराखेको ।

• गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि उद्यम सहजकर्ता नियुक्त भएकोमा पालिकाले उद्यम सहजकर्तालाई उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्ने जिम्म्वारी दिंदा कार्यक्रमको अनुगमन प्रभावकारी नभएकोले यस तर्फ पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

१८ राजधानी व्यवस्थापनका लागि अनुदान

१८.१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत राजधानी व्यवस्थापनका लागि अनुदान अन्तर्गत देहायबमोजि रु. १५००००० खर्च भएकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

विवरण	भुक्तानी पाउने	खर्च रकम रु.
सडक वत्ति जडान	एसेस सोलुसन प्रा.लि.	९४८०००
डस्टविन व्यवस्थापन	सिब्रर्दश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	४६९११५
फराकिलो सरसफाई तथा सामान ओसारपसार	महदेवा खानेपानी योजना तथा सरसफाई उ.स.	२२६६५
विविध खर्च	मन्तुन्नी किराना तथा नास्ता पसल	६०१८०
जम्मा		१५०००००

लागत अनुमान तयार नगरी खरिद कार्य भएको - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु/गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान तथा कार्ययोजना तयार नगरी अनुदान खर्च गरेको देखिन्छ । अतः पालिकाबाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

१८.२ **अनुत्पादक खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनुदान वापत प्राप्त रकमबाट ठूलो हिस्सा डस्टबिन वितरण, विविध

खर्च रमा खर्च गरेको पाईयो । पालिकाले अनुदान खर्च गर्दा दीर्घकालीन पूँजी निर्माण हुने र स्थानी पूर्वाधार विकासमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१८.३ **डस्टबिन वितरण -** कार्यालयले कार्यसम्पन्न प्रतिवेदनमा गाउँपालिका भित्रका मुख्य बजारक्षेत्रमा डस्टबिन जडान गरी रु. ४६९११५ खर्च भएको जनाएतापनि कुन-कुन स्थानमा कति परिमाणमा डस्टबिन जडान भएको खुलाएको देखिएन । यस समबन्धमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख छ । तसर्थ डस्टबिन राखेको स्थानको परिमाण खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवदेन पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	४,६९,११५

१९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका २१ योजनाका लागि रु. ५१५२१२९ रकम खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।

(ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

२० **तराई मधेस समृद्ध कार्यक्रम (तालिम सञ्चालन)**

२०.१ पालिकाले तराई मधेस समृद्ध कार्यक्रम अन्तर्गत थारुजातीको परम्परागत सिपमुलक तालिम सञ्चालन वापत श्री सृजना महिला समहुलाई रु.४५२५०५ भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

कार्यक्रमको प्रभावकारिता -

(क) पालिकाले उलब्ध गराएको रकमको सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । कार्यालयले कार्यक्रम वापत खर्च गरेको रकमबाट कार्यक्रमको उद्देश्य अनुरुप सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ ।

(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले समहुलाई उपलब्ध गराएको रकमबाट रु ३१७३०० को कच्चा सामाग्री खरिद भएकोमा खरिद आदेश नभएको एवं दाखिला गरेको प्रमाण संलग्न नभएकोले सामग्री खरिदपूर्व खरिद आदेश र दाखिला गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

(ग) लुम्बिनी प्रदेश व्यवसायिक तथा सिपमुलक तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ मा प्रशिक्षकको योग्यता र प्रशिक्षक आधार सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले उक्त मापदण्ड बिपरित प्रशिक्षक छनौट गरी तालिम सञ्चालन गरेको देखियो ।

२०.२ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपुर्तिकर्ता वा सेवाप्रदायकबाट लिखित रुपमा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ ।पालिकाले थारुजातिको परम्परागत सिपमुलक तालिम सञ्लनालनका लागि श्री सृजना महिला समुहलाई रु.४५२५०५ भुक्तानी गरेकोमा कोटेशन विना खरिद गरेको देखियो । प्रस्ताव माग नगरी सोझै खरिद गर्ने कार्य नियमित नदेखिएको रु.

अनियमित भएको	४,५२,५०५

२१ विपद व्यवस्थापन

२१.१ **कानूनी व्यवस्थापको पालना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

२१.२ **विपद कोषबाट खर्च -** गढवा गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने जोखिम न्यनीकरण तथा व्यवस्थापनका लागि पालिकाले विपद व्यवस्थापन कोष (सञ्चालन), कार्यविधि २०७५ तर्जुमा गरी

विपद व्यवस्थापन कोषबाट यस वर्ष देहायबमोजिम रु 17651037 खर्च गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

शीर्षक	खर्च रु.
विभिन्न विपदजन्य योजना निर्माण	१२६५०६४१
अविरल वर्षका कारण क्षति पुगेका परिवारलाई खाद्यान्न वितरण	१०९१२२९
अवैध ढुंगा जफत गर्दाको इन्धन/ढुवानी खर्च १३२	१३२००३९
बेवारिसे शव व्यवस्थापन	२०१८०
जस्तापात खरिद र वितरण	३३९१९०
विपद व्यवस्थापन समितिको बैठक भत्ता/खाजा खर्च	१२०२५०
जाली खरिद	१००५२००
प्रोत्साहन	४५०००
अवैध ढुंगा लोनअनलोड डोर हाजिरी भुक्तानी	६०३०४८
विद्युत ट्रान्सफर मर्मत	१४०९००
सभामुख निवास परिसर रुख हटाउने कार्य	७६०९०
आकस्मिक निर्माण तथा मर्मत	२४५७०
विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण	२१४७००
जम्मा	१७६५१०३७

(क) पालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष तर्जुमा गरेकोमा पालिकाले विभिन्न योजनाहरुको मर्मत, तार जालि खरिद कार्यमा खर्च गरेको पाईयो । नियमित मर्मत कार्यका लागि विषद व्यवस्थापन कोषबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

(ख) पालिकाले यस वर्ष विपद् प्रभावितलाई खाद्यान्न वितरण वापत रु १०९१२२९ खर्च गरेकोमा कार्यविधि बमोजिम विपद् प्रभावित एकिन गरेर राहत उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् एकिन हुन सकेन । तसर्थ पालिकाले वास्तविक पिपद प्रभावितलाई एकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ ।

(ग) पालिकाले अवैध ढुंगा जफत गर्दाको इन्धन/ढुवानी खर्च र खाजा खर्च वापत रु १३२००३९ खर्च गरेकोमा ढुंगा जफत पत रु १७५८९५७ आम्दानी गरेको विवरण पेश गरेको छ । पालिकाले अवैध ढुंगा जफत कार्यमा भएको अधिक खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा

सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन,२०७४ ले पालिकाका लागि आवश्यक कार्यविधि,निर्देशिका तथा योजना तर्जुमा गर्ने काम, कर्तव्य र अधिकार गाउँ कार्यपालिकाको हुने व्यवस्था गरेको छ । कार्यालयको आन्तरिक नियन्त्रण सम्बन्धी विषय बाह्य पक्षलाई जानकारी नहुने र कस्तो नियन्त्रण प्राणली तर्जुमा गरी लागु गर्दा सेवा प्रवाह र आन्तरिक व्यवस्थापन प्रभावकारी हुन्छ भन्ने विषय कार्यालय आफैले तयार गर्नुपर्नेमा पालिकाले विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि मल्टीफेरियस कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि लाई रु. २१४७०० भुक्तानी गरी बाह्य पक्षबाट कार्य गराउनु उचित देखिएन । यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

२१.३ **प्रमाण पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले विपद व्यवस्थापन कोषबाट जस्तापाता खरिद र वितरण तथा जालि खरिद वापत रु. १३४४३९० खर्च गरेको विवरण पेश गरेको छ । उक्त जस्तापात र जालि जडान भए नभएको प्राविधिक मुल्यांकन सहितको नापी किताब पेश भएको छैन् । तसर्थ वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने गरी तोकिए बमोजिम प्राविधिक मुल्याङ्कन नापी किताब तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१३,४४,३९०

२२ सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार छनौटको आधार तथा पहिचान यकिन गरी लाभग्राही छनौट गर्नुपर्ने र छनौट भएका लाभग्राहीलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत देहायबमोजिम रकम भुक्तानी गरेको विवरण प्राप्त भएको छ ।

	लाभग्राही संख्या	प्रथम किस्ता रु	अन्तिम किस्ता रु	जम्मा रु	कैफियत
२०७९।०८०	१८७	-	१९१७०	३३९२२२०	२० लाभग्राहीलाई १०००० का दरले भुक्तानी भएको
	१३१	३०५००	-	४००००००	
जम्मा	३१८			७३९२२२०	

सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।१२।२५ को निर्णयानुसार गाउँपालिकामा ३९७ लाभग्राही सुचिकृत भएकोमा आ.व ०७८।७९ सम्म कति लाभग्राहीले प्राप्त गरेको अनुदानको विवरण पालिकाले उपलब्ध गराएको छैन । यसका अतिरिक्त समितिले २०७९।८।१८ मा १५०० लाभग्राही थपको निर्णय गरेको देखिन्छ । यस आर्थिक वर्षमा पुराना १८७ जना लाभग्राहीलाई अन्तिम किस्ता वापत जम्मा रु.३३९२२२० भुक्तानी भएको र थप भएका नयाँ १३१ लाभग्राहीलाई प्रथम किस्ता वापत रु.३०५०० का दरले रु. ४०००००० गरी जम्मा रु.७३९२२२० भुक्तानी भएको जनाएको छ । पालिकाले सुरक्षित नागरिक आवास

कार्यविधि २०७५ अनुसार कागजात, प्रमाण तथा प्राविधिक प्रतिवेदन र अनुगमन गरेको राखी मात्र भुक्तानी दिनुपर्नेमा केहीमा सबै कागजात तथा फोटो नभएको समेत देखिन्छ । पालिकाले सुरक्षित नागरिक आवास कार्यविधि अनुसार सबै प्रक्रिया पुर्याई तथा कागजात संलग्न गरी शुरुमै छनौट भएका लाभाग्राहीलाई समयमै कार्यसम्पन्न गराई मात्र भुक्तानी दिनुपर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्होराहरु देहायबमोजिम छन् ।

(क) सुविधा - कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।

(ख) कार्य प्रगति - कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।

२३ **गैर सरकारी संस्था मार्फत कार्यक्रम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैसस बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैर सरकारी संस्था मार्फत गराएको छ । गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको तथा ऐन विपरित भुक्तानी दिएको नियमित नदेखिएको रु.

भौ.नं. र मिति	कार्यक्रम	भुक्तानी पाउने	भुक्तानी रु.	कैफियत
२४।२०८०।३।१८	शिक्षक विद्यार्थी र अभिभावको लागि उत्प्रेरणामुलक कार्यक्रम	अभ्युदय शिक्षा केन्द्र नेपाल	६०००००	खर्च विवरण पेश नगरेको, मु.अ.कर बिजक नरहेको,
			अनियमित भएको	६,००,०००

२४ **प्रशिक्षक भत्ता -** अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७ को बुदाँ नं ७.१.१५ मा भएको व्यवस्था बमोजिम गाउँपालिकामा सञ्चालित सबै प्रकारका अधिकृत स्तरीय तालिममा तालिमका स्रोत व्यक्तिले कार्यपत्र वापत रु १००० र कक्षा सञ्चालन वापत रु ४०० र सहायक स्तरीय तालिममा तालिमका स्रोत व्यक्तिले कार्यपत्र वापत रु ७०० र कक्षा सञ्चालन वापत रु ६०० पाउने साथै संयोजक भत्ता वापत अधिकतम १५ कार्यदिन सम्म प्रतिदिन रु.३०० र १५ दिन पछि प्रतिदिन रु.१५० पाउने व्यवस्था छ । साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने व्यवस्था उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्दा कार्यालयले निम्न कार्यक्रममा प्रशिक्षक र संयोजकलाई निम्नानुसारको बढी प्रशिक्षक भत्ता भुक्तानी गरेकाले असुल गर्नुपर्ने रु.

गो. भौ. नं. र मिति	कार्यक्रम	वापत	भुक्तानी पाउनेको नाम	जम्मा सेसन	भुक्तानी भएको दर	भुक्तानी हुनुपर्ने	बढी दर रु.	असुल हुनुपर्ने रु.

						दर		(कर बाहेक)
८४।२०७९।११।२१	थारुजातिको परम्परागत सिपमुलक तालिम	संयोजक	नीता चौधरी	३०	५००	१५०	३५०	८९२५
जम्मा								८९२५
						असुल गर्नुपर्ने		८,९२५

२५ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**

२५.१ स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ को उपनियम १ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौंट तथा संपरीक्षण गराई पेश गर्नुपर्ने व्यबस्था छ । आ.ले.प. प्रतिवेदनमा समावेश भई हालसम्म फछ्यौंट तथा संपरीक्षण नभएका व्यहोरा देहायबमोजिम छन् ।

दर्ता चलानी - पत्रव्यवहार कार्यालय सञ्चार व्यवस्थानको एउटा अभिन्न अंग हो । कार्यालयमा प्राप्त भएका चिट्ठी पत्रहरुको क्रमबद्ध र व्यवस्थित ढंगले अभिलेख राख्ने कार्य दर्ता हो भने कार्यालयबाट अन्य निकाय वा व्यक्तिलाई पत्र सम्प्रेषण गर्नु चलानी हो । कार्यालयमा मुल दर्ता चलानीको लागि छुट्टै कर्मचारी तोकिएको भएता पनि विषयगत शाखाहरुले (प्राविधिक शाखा, जिन्सी शाखा, शिक्षा शाखा, कृषि विकास शाखा) मुल दर्ता चलानी किताबमा दर्ता तथा चलानी नगरी शाखागत रुपमा दर्ता चलानी गरेको देखिन्छ । दर्ता चलानी किताब परिक्षण गर्दा दर्ता तथा चलानी नं. क्रमबद्ध नभएको, एउट नं. दोहोरी गरी उपयोग गरेको देखिन्छ । एउटै कार्यालयमा फरक फरक दर्ता चलानी किताब हुदाँ दर्ता चलानी नं. क्रमबद्ध नहुने, अभिलेख व्यवस्थापन नहुने, चिठिपत्रहरु हराउने हुनेहुदाँ कार्यालयले एकीकृत मुल दर्ता तथा चलानी किताब प्रयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२५.२ **नाफामुलक तथा अन्य संस्थालाई भुक्तानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार तथा संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । तर पालिकाले गैर सरकारी संस्थालाई आर्थिक सहयोग गरेको छ । यसमा सुधार हुनुपर्दछ । केही उदाहरणहरु निम्नानुसार छन् -

गो.भौ.	संस्थाको नाम	रकम	कैफियत
२७३,०७९।०९।२४	थारु कल्याणकारी सभा	५०,०००	७ नं. वडा कार्यालयको बजेट विनियोजन फर्निचर र कम्प्युटर खरिद
४००,०७९।११।१८	ठुलीचौर चर्च	४७,०००	५ नं. वडाको निर्णय पालिकामा दाखिला गरी कुर्सी,टेबल,गितार र कार्पेट सहयोग

२५.३ उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदाँ स्थानिय स्तरमा सञ्चालन हुने तोकिएको लागत अनुमानका कार्यक्रम र जटिल प्राविधिक कार्य समावेश नभएको तथा परियोजनाबाट रोजगारी सिर्जना गर्ने भएमा तोकिएको कार्यविधि बमोजिम

उपभोक्तासँग कार्य गराउन सकिने व्यवस्था रहेको छ । तर पालिकाले ऐनको विपरित जटिल र प्राविधिक पक्ष समावेश भएका योजनाहरु उपभोक्ता समिति गरेको नियमसम्मत देखिएन । केहि उदाहरणहरु निम्नानुसार छन् ।

गो.भौ	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	निर्माण व्यवसायी
११७	सिक्रहवा खोलामा नयाँ ट्र्याक विस्तार उ.स.	९७९१३०	यादव विल्डर्स ३४४०८५
			सतगौवा नि.सेवा ७१३५९५
१३२	उपल्लो मदपुर पूर्व सुकै खोला तटबन्ध निर्माण उ.स.	१००००००	यादव विल्डर्स १५३०००
२४४	पानी कटान नाली तथा बाटोट्र्याक निर्माण उ.स.	२९८७९०	यादव विल्डर्स २९८३२०
४०१	हिलपार्क आकाशे साईकल निर्माण उ.स	९९९०००	जटिल प्रकृति उ.स. तथा गुणस्तर परिक्षण नभएको

२५.४ **दीर्घरोगीहरुको उपचार सहुलियत -** मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार दिर्घरोग लागेका विरामीहरुको उपचारको लागि स्वास्थ्य तथा जनसख्या मन्त्रालयबाट अर्धवार्षिक रुपमा प्राप्त हुने गरी सोधभर्ना मासिक रु. ५००० दिने व्यवस्था भएअनुसार पालिकाबाट विभिन्न मितिमा देहायको गो.भौ.नं.बाट दिर्घरोगीहरुलाई भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षण अवधिसम्म सोधभर्ना हुने गरी दिएको रकमको प्राप्त नभएकोले नियमानुसार गाउँपालिकामा प्राप्त गर्नुपर्ने रु.

गो.भौ.नं.	रकम रु.	कैफियत
१४३	३४५०००	पहिलो त्रैमासिक
३३५	३७००००	दोस्रो त्रैमासिक
४१७	१५०००	छुट भएको
५३९	३९५०००	तेस्रो त्रैमासिक
जम्मा	११२५०००	

सोधभर्ना नलिएको	११,२५,०००

२५.५ **ट्रान्सफर्मर खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा खरिद विधि र प्रकृयाको व्यवस्था गरिएको छ । सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१(१) मा सार्वजनिक निकायले सोझै खरिद गर्दा सोझै खरिद गर्नुपर्नेको स्पष्ट कारण उल्लेख गरी खरीद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले ट्रान्सफर्मर टुक्रे खरिद गरी भुक्तानी दिएको नियमसंगत नेदखिएको रु.

भौ.	निर्माण व्यवसायी	भुक्तानी रकम	कैफियत
४२९,०८०।०३।२२	स्मार्ट एण्ड डिजिहोम सर्भिसेज प्रा.ली.	६६६७००	२ थान २५ KVA
४३०,०८०।०३।२२	सुनेरा इनर्जी प्रा.ली.	४२००००	१ थान ५० KVA
जम्मा		१०८६७००	

अनियमित भएको	१०,८६,७००

२५.६ **शिक्षा युवा तथा खेलुकुद कार्यक्रम अन्तर्गत पाठ्यक्रम छपाई -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित कागजात, विल भरपाईका आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कक्षा १ र २ मा अध्ययनरत विद्यार्थिहरुको लागि प्रतिभा अफसेट प्रेस विक्रेताबाट २०० थान पाठ्यपुस्तक रु.९९,२०० मा छपाई भई भुक्तानी भएकोमा विद्यालयहरुलाई वितरण गरेको भरपाई नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९९,२००

२५.७ **अग्रिम आय कर रकम -** नदीजन्य पदार्थको आय ठेक्का ठे.नं. ०१।GRM।RBM।०७९।८० रतनपुर घाट अन्तर्गत कवोल कर्ता श्री सगरमाथा कर्पोरेशन प्रा.ली.ले कवोल रकम रु. ५१,५७,७५०।०० को अग्रिम कर रु. ७७,३६६।२५ दाखिला गर्नुपर्नेमा रु.७०,३६६।२५ मात्र दाखिला गरेकोले बाँकी अग्रिम आयकर रकम रु. ७,०००।०० सम्बन्धित राजश्व शिर्षकमा असुल दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७,०००

२५.८ **तोरी प्रवर्धन कार्यक्रम -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलि, २०६४ मा खरिद विधि र प्रकृयाको व्यवस्था गरिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्थ अनुसार लागत अनुमान तयार गरी प्र.प्र.अधिकृतबाट स्वीकृत गराई खरिद विधि छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तगत तोरी प्रवर्द्धन कार्यक्रमको लागि रु.१०,००,००० विनियोजन भएको छ।मिति २०७९।०९।०५ गतेको आर्थिक विकास समितिको निर्णय अनुसार देवकीनन्दन एकीकृत कृषि फर्म गढवा ६ र पृथ्वी कृषि सहकारी संस्था लि. गढवा ३ लाई छनौट गरी पावर टिलर ८ थान, मिनि टिलर ३ थान र तिन खुट्टे विरीङ निर्माण लगायतका कार्यक्रम सञ्चालन गरीएको छ । अनुदान प्राप्त कृषि सहकारी संस्थाहरुबाट के कति मात्रामा तोरी उत्पादन भयो, उत्पादन भएको तोरीको मुल्य वजारीकरणको अवस्थाको अनुगमन नभएको दखिएको । पावर टिलर र मिनि टिलर खरिद ५० प्रतिशत अनुदानमा कृषि सहकारी संस्थामा आवद्ध कृषकहरुलाई संस्थाले नै खरिद गरी वितरण गरेको देखिन्छ । गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियावलीमा भएको व्यवस्था अनुसार खरीद विधिबाट खरीद गरी संस्थामा आवद्ध कृषकहरुको आर्थिक अवस्थाको मुल्यांकन गरी लक्षित वर्गलाई वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२५.९ **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलि, २०६४ मा खरिद विधि र प्रकृयाको व्यवस्था गरिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्थ अनुसार लागत अनुमान तयार गरी प्र.प्र.अधिकृतबाट स्वीकृत गराई खरिद विधि छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । लागत अनुमान तयार गर्दा योजनास्थलको नापँजाच गरी ओभरहेड, भ्याट र कन्टिजेन्सि रकम सहित लागत अनुमान तयार गर्नुपर्दछ । तर पालिकाले वडा नं. ६ को ढिकुरे खवरीखोला नियन्त्रणको योजनाको लागत अनुमान गर्दा कन्टिजेन्सी रकमबाहेकको लागत अनुमान रु. १४,९९,९९९ तयार गरी स्विकृत भएको छ । लागत अनुमान तयार गर्दा खरिद ऐन, नियममा भएको व्यवस्था अनुसार निर्माण गर्नुपर्दछ ।

२५.१० **विद्यालयहरुमा स्वच्छ,स्वस्थ खानेपानीको सुविधा हुने कार्यक्रम** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलि, २०६४ मा खरिद विधि र प्रकृयाको व्यवस्था गरिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्थ अनुसार लागत अनुमान तयार गरी प्र.प्र.अधिकृतबाट स्वीकृत गराई खरिद विधि छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तगत यस गढवा गाउँपालिकाका १३ वटा सामुदायिक विद्यालयमा स्वच्छ,स्वस्थ खानेपानीको सुविधा हुने कार्यक्रमको लागि रु.२३,००,००० बजेट विनियोजन भएको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत एकै प्रकृति मालसामान वा निर्माण कार्यको खरिद गर्दा टुक्राटुक्रा खरिद नगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा तोकिएका विद्यालयहरुले सुर्य ईलेक्ट्रो मार्क ट्रेडर्स र रिहार ईलेक्ट्रिक एण्ड ईलेन्ट्रोनिक्स पसलबाट सोझै खरिद गरी जडान गरेको देखिन्छ । पालिकाले प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी तोकिएको स्पेसिफिकेसनमा तोकिएको विद्यालयहरुमा हस्तान्तरण तथा जडान गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६ थान * रु.१,४६,३०७ = रु.८,७७,८४२

६ थान * रु.१,९५,५२२ = रु.११,७३,१३२

१ थान * रु.१,९५,८४९ = रु.१,९५,८४९

जम्मा = रु.२२,४६,८२३

२५.११ **स्विकृत बेजेट भन्दा कम लागत अनुमान स्वीकृत** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा खरिद विधि र प्रक्रियाको व्यवस्था गरिएको छ । प्रदेश सरकारको विशेष अनुदान स्रोतमा प्राप्त तपशिलका योजना तथा कार्यक्रमहरु विनियोजित बजेट भन्दा कम रकममा प्राविधिक लागत अनुमान तयार गरेर प्र.प्र.अ.बाट स्वीकृत गरी खरिद ऐन तथा नियमावलि विपरीत टुक्रे खरिद हुने गरी गरीएको खर्चको नियन्त्रण गर्नुपर्दछ ।

२५.१२ **सडक वत्ती खरीद तथा जडान कार्य - राजधानी व्यवस्थापन शिर्षक** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१(१) मा सार्वजनिक निकायले सोझै खरिद गर्दा सोझै खरिद गर्नुपर्नेको स्पष्ठ कारण उल्लेख गरी खरीद गर्न सकिने व्यवस्था रहेको छ । लुम्बिनी प्रदेश सरकारबाट प्राप्त राजधानी व्यवस्थापन शिर्षकको बजेटको सडकवत्ती खरीद तथा जडान कार्य शिर्षकमा बे्रकेडाउन गरी स्वीकृत भएको नदेखिएको । राजधानी व्यवस्थापन शिर्षकबाट कालाकाटे र गोबरडिहा क्षेत्रमा सडकवत्ती खरीद तथा जडान कार्यको लागि रु.८,४०,२५० (मूअकर बाहेक) को लागत अनुमान तयार गरी स्वीकृत भएको छ । स्वीकृत लागत अनुमान मध्ये एसेसस सोलुसन प्रा.ली. ले न्युनतम दररेट रु. ८,३९,२५० (मूअकर बाहेक) दरभाउपत्र पेश गरी मिति २०८०।०२।३० गते सम्झौता र कार्यदेश दिएको देखियो । प्राविधिक कार्यसम्पन्न प्रतिवेदन र विल अनुसार कालाकाटे र गोबरडिहा क्षेत्रमा जम्मा ४२ सेटका १०० वाट स्ट्रिट लाईट जडान भएका देखिन्छ । असारको अन्तिम दिन कार्यसम्पन्न गरी भुक्तानी माग गरी भुक्तानी भएको हुदाँ अन्तिम समयमा भएको कार्यको आश्वस्तता कम हुने र प्राप्त तथा पठाईएको पत्रहरुको समेत दर्ता तथा चलानी नभएको देखिएकोले असारको अन्तिम समयमा बजेट खर्च गर्ने प्रव्रितिको नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६ **विज्ञापन वोर्ड कोष खाता कट्टी –** विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा

भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा एफ एम संचालन गरे पनि यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि रु लाख विनियोजन गरी रु.२६३३३७५.०० तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट सूचना प्रकाशन खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

२७ **हेफर प्रोजेक्ट नेपाल**

२७.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा कार्यालयले तोकिए बमोजिमको अवस्था र खरिद मूल्य बमोजिम खरिद विधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाइ सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि कामको गुणस्तर जनशक्ती, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ८ मा गैरसरकारी संस्थाबाट दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नु पर्ने समेत उल्लेख छ । पालिकाले गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र बीचको सहकार्यमा गरिवी निवारण दीर्घकालीन परियोजना संचालन गर्ने उद्देश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन बृद्धि गरि रोजगारीमूलक उद्यमशील र मर्यादित कृषि व्यावसाय विकासका लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता साझेदारी परियोजना कार्यका लागि मिति २०७९।५।२ मा प्रस्ताव अहवान गरेको र एक मात्र आर्थिक प्रस्ताव पेश भएको भनि मिति २०७९।९।२६ मा मिति २०८३।९।१६ सम्म ५ वर्षकोलागि कूल रु ७ करोड ८५ लाख ७१ हजार ४२९ मध्ये ७० प्रतिशत(५५००००००) पालिकाले र ३० प्रतिशत(२३५७१४२९) गैर सरकारी संस्था हेफर प्रोजेक्टको लागत साझेदारी हुने गरि सम्झौता गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ।

२७.२ पालिकाले सालबसाली वा बहुवर्षिय रुपमा कार्यक्रम संचालन गर्न सक्ने भएता पनि बजेटको सीमा, सो बजेट खर्च गर्दा अपनाउनु पर्ने खरिद सम्बन्धी कार्यविधि उल्लेख गरेको देखिएन। जसबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यक्ति र खरिद सम्झौता कार्यान्वयन गर्दा खरिद कानुनमा भएका कुनै पनि व्यवस्थाहरुको पालना नगरी बहुबर्षीय सम्झौता गरी खर्च लेख्नु प्रचलित आर्थिक कार्यविधि ऐन, २०७६, नियमावली २०७७ र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली ६४ को विपरित छ । पालिकामा कृषि शाखा तर्फ अधिकृत छैठौं समेत ६ जना र पशु शाखामा अधिकृत छैठौं समेत ८ जना गरि १४ जना कर्मचारी भएको अवस्थामा समेत बाख्रा, बोका वितरण, गोठ सुधार तथा कृषि प्रवर्द्धन कार्यकोलागि गैर सरकारी संस्थासंग सम्झौता गरेको मित्वययि र औचित्यपूर्ण देखिएन।

२७.३ पालिकासँग साझेदारी गरेको उक्त गैरसरकारी संस्थाले आफ्नो नियमित प्रशासनिक खर्च कर्मचारीको तलब भत्ता र कर्मचारी मार्फत क्षमता अभिवृद्दि तालिम सन्चालन गर्ने कुरामा साझेदारी गर्ने गरी सम्झौता गरेको छ।जुन साझेदारी रकम खर्च गर्दा प्रशासनिक प्रकृतिको खर्चलाइ साझेदारी कार्यक्रमको बजेटबाट खर्च गर्न नपाइने नियमको विपरित छ । यसरी कुनै निश्चित गैरसरकारी संस्थाको कर्मचारीको तलब भत्ता, तालिम, मिटिङ्ग तथा दैनिक भ्रमण भत्तालाइ साझेदारीको हिस्सा बनाइ खरिद विधि विपरितको सम्झौता उचित देखिएन ।आ व २०७९।८० मा भएको भुक्तानी रु.७८३२७५० रहेको छ । यस सम्बन्धमा पालिकाले ध्यान दिनुका साथै आवश्यक निर्णय लिनुपर्ने देखिन्छ ।

२७.४ उक्त गैर सरकारी संस्थाले संचालन गरेको कार्यमा वितरण भएको बोका तथा बाख्राहरु को भरपाई नमुना छनौट गरि परिक्षण गर्दा अधिकांश भरपाईको प्रयोग र प्राय एकै जनाले हस्ताक्षर गरेर भरपाई गरे जस्तो देखिएकोले वितरण भएकै हो भनि यकिन गर्न सकिएन। यस सम्बन्धमा कागजात तथा भरपाईको वास्तविक्ता एकिन गरी मात्र भुक्तानी दिनुपर्दछ ।

२७.५ उक्त कार्यको आ. व. २०७९।८० मा रु १०५०२४४८.०० कार्य भएकोमा सोको ७० प्रतिशतले हुने रु ७३५१७१३ मात्र भुक्तानी हुनु पर्नेमा रु ७८३२७५० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु ४८०९९१ असुल हुनु पर्दछ रु.

असुल गर्नुपर्ने	४,८०,९९१

२८ कृषि सामाग्री खरिद

२८.१ सार्वजनिक खरिद ऐन २०६३को दफ ८(२) मा प्रतिस्पर्धा सिमित हहुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।त्यसतै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्बजनिक निकायले बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गरी खरिद गर्नु पर्ने साथै नियम ३१ अनुसार सार्बजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको खरिद कार्य गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले खरिद ऐन तथा नियमावलीको व्यवस्था विपरित हुने गरि निम्न अनुसारको कृषि सामाग्री ५० प्रतिशत अनुदानमा खरिद तथा वितरण कार्य गरि रु. ५१५५००० को ५० प्रतिशतले हुने रु.२५७७५०० भुक्तानी गरेको रकम नियमानुसार देखिएन । यससम्बन्धमा तोकिएको स्पेशिफिकेसन अनुसार भएको एकिन गरेको छैन ।पालिकाले योगदान रकम प्राप्त गरी प्रतिस्पर्धि रुपमा खरिद कार्य गर्नुपर्दछ ।

सिं नं	विवरण	सप्लायर्स	रकम
१	८ वटा कृषक समूह तथा सहकारीलाई प्रति मिनि टिलरमा रु ४०००० अनुदान खरिद मुल्य रु ८०००० प्रति मिनि टिलर	नयाँ किसान घर लम्ही ५	६४००००
२	१२ वटा कृषक समूह तथा सहकारीलाई प्रति पावर टिलरमा रु १००००० अनुदान खरिद मुल्य रु २००००० प्रति मिनि टिलर	नयाँ किसान घर लम्ही ५ बाट ४ थान र नयाँ तुल्सी स्वर्गद्वारी सप्लायर्स बाट ८ थान	२४०००००
३	१० वटा कृषक समूह तथा सहकारीलाई प्रति धान काट्ने मेसिन रु ३७५०० अनुदान खरिद मुल्य रु ७५००० प्रति मेसिन	नयाँ किसान घर लम्ही ५ बाट ७ थान र नयाँ तुल्सी स्वर्गद्वारी सप्लायर्स बाट	७५००००

		३ थान	
४	७ वटा कृषक समूह तथा सहकारीलाई प्रति धान काट्ने मेसिन ठुलो रु ९७५०० अनुदान खरिद मुल्य रु १९५००० प्रति मेसिन	नयाँ किसान घर लम्ही ५ बाट ६ थान र नयाँ तुल्सी स्वर्गद्वारी सप्लायर्स बाट १ थान	१३६५०००
	जम्मा		**५१५५०००**

२८.२ उक्त सामाग्री खरिद गर्दा अग्रीम कर वापत १.५ प्रतशतका दरले रु.७७३२५ कट्टी गर्नु पर्नेमा रु.३८६६२.५ मात्र कट्टी गरेकोले नपुग रु.३८६६२.५ असुल गर्नु पर्दछ रु.

असुल गर्नुपर्ने	३८,६६३

२९ **समानीकरण चालुतर्फ**

२९.१ **खेलकुद प्रतियोगिताः** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार १ लाख भन्दा बढी लागत अनुमान भएको कार्यको लागत अनुमान तयार गरि स्वीकृत गराई सो बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाले निम्न खेलकुद प्रतियोगिता संचालन गर्दा खेलको प्रस्ताव पेश गरेको छैन । उक्त खेल प्रतियोगितामा खर्च भएको खर्चको तेरिज नबनाई विल भरपाईका आधारमा भुक्तानी तथा पेश्की फछ्र्यौट गरेको छ। खेलकुद प्रतियोगिताको लागि खरिद भएको खेलकुद सामाग्रीहरुको वितरण भएको भरपाई पेश गरेको छैन। यस सम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको देखिन्छ ।यसरी खर्च गर्दा खेलकुद प्रतियोगितामा भएको खर्च वास्तविक हो भनि यकिन गर्न सकिएन।यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

भौ नं मिति	विवरण	भुक्तानी लिने	रकम
३२०।१०।१२	कर्मचारी तथा जनप्रतिनिधि खेलकुद ब्याडमिन्टन प्रतियोगिता	श्याम बहादुर वि क को पेश्की फछ्र्यौट	२३१७३५
५६६।१।१९	पालिका स्तरिय खेलकुद प्रतियोगिता	श्याम बहादुर वि क को पेश्की फछ्र्यौट	१००००००
३९३।११।१६	खेलकुद प्रतियोगिता फुटबल		८७९६५
	जम्मा		**१३१९७००**

२९.२ **गैर सरकारी संस्थाबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी सांस्था बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको । गै स स ले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, तालिम संचालनको नर्म्स पालना नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, आफ्नो भ्याट विल जारी नगरेको, कतिपयमा वडा अध्यक्षहरुले मात्र सम्झौता गरि कार्यक्रम संचालन गरेको, गैर सरकारी संस्थाबाट काम गराउदा

खरिद प्रक्रिया वेगर एउटै फर्मबाट पटक पटक कार्यक्रम संचालन गरेको तथा ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

गौ न मिति	कार्यक्रम	सस्थाको नाम	रकम
५५१।१।१४	एकल महिला कार्यक्रम	देउखुरी सामुदायिक पुस्ताकालय तथा स्रोत केन्द्र	५००००
५५२।१।१४	आपाङ्ग कार्यक्रम	देउखुरी सामुदायिक पुस्ताकालय तथा स्रोत केन्द्र	४५६६०
७७१।३।१९	महिला सशक्तिकरण	देउखुरी सामुदायिक पुस्ताकालय तथा स्रोत केन्द्र	९०६५०
७१०।३।१०	सजावटका सामाग्री बनाउने तालिम	ओम राज श्री मल्टि एग्रो प्रा लि	३०००००
८१४।३।२२	ब्युटि पार्लर तालिम ४५ दिने	गौमुखी ईन्सिटीच्यूट अफ टेक्नोलोजी	२९५०००
८१८।३।२२	सिलाई कटाई तालिम	गौमुखी ईन्सिटीच्यूट अफ टेक्नोलोजी	५७८५००
८१९।३।२२	बैसि आई सि टी तालिम	गौमुखी ईन्सिटीच्यूट अफ टेक्नोलोजी	२९७८३०
२५।१।२१	स्विटर बुन्ने तालिम	नेपाल ईन्द्र फउण्डेसन	९६५००
६८।३।२४	स्विटर बुन्ने तालिम	नेपाल ईन्द्र फउण्डेसन	१५३५००
४९।३।१०	क्रिस्टल चुरा बनाउने तालिम	राज श्री मल्टि एग्रो प्रा ली	३०००००
५७।३।१९	महिला हिंसा विरुद्ध १६ दिने अभियान	देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र दाङ	१३४५२०
	जम्मा		**२३४२१६०**

अनियमित भएको	२३,४२,१६०

२९.३ **क्याम्पस अनुदान -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

भौ नं मिति	विवरण	भुक्तानी लिने	रकम
४४९।१२।८	शौचालय तथा पंखा व्यवस्थापन	गढवा बहुमुखी क्यामपस	५००००
८२५।३।३२	कम्पुटर ल्यापटप प्रिन्टर	गढवा बहुमुखी क्यामपस	४९९५००
	जम्मा		५४९५००

अनियमित भएको	५,४९,५००

२९.४ **गोबर्डिहा आयूर्वेदिक औषधालयः** गोबर्डिहा आयूर्वेद औषधालय निर्माणकार्यका लागि लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयबाट रु.५००००००, गढवा गाउँपालिकाबाट रु.१२५०००० र श्रमदान रु.८९९८९६ समेत

रु.७१४९८९६ को लागत अनुमान तयार गरि गोबर्डिहा आयूर्वेद औषधालय निर्माण उपभोक्ता समितिसंग सम्झौता भएको छ। गो भौ नं मिति १८।२।३२ बाट रु १५००००० र दोश्रो तथा अन्तिम विल गो भौ नं मिति २५।३।३१ बाट रु ३४०४४२० समेत रु ४९०४४२० भुक्तानी भएको छ। पालिकाले उक्त कार्यको सक्कल लागत अनुमान, प्रविधिक नाप जाँच मेजरमेन्ट बुक र कार्य सम्मपन्न प्रतिवेदन लेखापरीक्षणमा पेश गरेको छैन । उपरोक्ता अनुसारको प्रमाण पेश गर्नु पर्दछ रु.

प्रमाण पेश नगरेको	४९,०४,४२०

२९.५ **ओम शान्तिको भवन पर्खाल निर्माणः** ओम शान्तिको भवन पर्खाल निर्माण कार्यकोलागि १० प्रतिशत श्रमदान समेत रु.२८३३६६ को लागत अनुमान तयार गरि उपभोक्ता समितिसंग सम्झौता भएको छ। उक्त कार्य अन्तरगत निम्न आईटममा उपभोक्ता समितिले खरिद गरेको परिमाण भन्दा बढी परिमाणमा नापी भई भुक्तानी गर्दा रु.४२७६७ बढी भुक्तानी भएको छ। यसरी बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ रु

सिं नं	काम	नापी भएको परिमाण	खरिद भएको परिमाण	बढी परिमाण	दर	बढी रकम
१	ब्रिक मेसिनेरी १ घ मी मा ५६० वटा ईटाको विश्लेषण गरेको ११.५घ मी मा	६२६७ गोटा ईटा	५००० गोटा ईटा	१२६७	१५.४	१९४६१
२	स्टोन मेसिनेरी मा ढुङ्गा खरिद	११.८६	१.९	९.९६	२३४०	२३३०६
		जम्मा				**४२७६७**

असुल गर्नुपर्ने	४२,७६७

२९.६ **तालिमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार सरकारी रकम खर्च गर्दा मितव्ययि रुपमा खर्च गर्नु पर्दछ। पालिकाले निम्न तालिम संचालनकालागि सामाग्री खरिद भएकोमा तालिम पश्चात उक्त सामाग्री कार्यालयमा ल्याई आम्दानी जनाउनु पर्नेमा सो नगरि तालिम स्थलमा नै रहेको जनाएको छ। जसले गर्दा सामाग्रीहरु दुरुपयोग हुने अवस्था रहेको देखिन्छ।पालिकाले उक्त सामाग्री प्राप्त गरि आम्दानी जनाउनु पर्दछ

भौ नं मिति	विवरण	रकम
६३४।२।१४	३ महिने आभारभुत कम्पुटर तालिमको लागि १० थान कम्पुटर टेबल	१०००००
८४९।३।२३	कम्पुटर टेबल १५ थान रोजगार शाखालाई हस्तान्त्रण गरेकोमा उक्त टेबलहरु कहा प्रयोग भएको हो सोको विवरण छैन	१५००००
८५१।३।२३	११ थान कम्पुटर खरिद तालिम संचालनको लागि	९५५०००
	जम्मा	**१२०५०००**

२९.७ **जरिवाना** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न अनुसारको विद्युत महशुल समयमा तिरि छुट पाउनु

पर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा जरिवाना तिर्नु परेको हुँदा पालिकालाई थप व्ययभार परेकोले यसमा नियन्त्रण हुनुपर्दछ ।

भौ नं. मिति	जरिवाना रु
४१।६।६	१५५७७
२४१।९।१७	३३३९
२४६।९।१७	४३५१
२६२।९।१९	१२५८
३४७।१०।२२	११७१८
३९६।११।१७	७१४३
५४७।१।१४	५८०९
७७९।३।२०	२१३४४
जम्मा	**७०५३९**

२९.८ **राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम** - राष्ट्रिय परिचयपत्र व्यवस्थापन कार्यविधि, २०७५ को दफा ५ मा राष्ट्रिय परिचयपत्र कार्यक्रमको सञ्चालन र व्यवस्थापन राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले गर्ने र विभागले जिल्ला प्रशासन कार्यालयमा फिल्ड कार्यालय स्थापना गरी परिचयपत्र वितरण उल्लेख गरिएको छ । सोही कार्यविधिको बुखा नं ८ मा विवरण संकलनको लागि नियुक्ति गरेका रुजु गर्ने अधिकारी र विवरण संकलन अपरेटरले खटिएको अवधिभरको तोकिएको दरमा जिल्ला प्रशासन कार्यालय वा सेवा प्रदायकबाट पारिश्रमिक लिने व्यवस्था गरेको छ। पालिकाले राष्ट्रिय परिचयपत्र वितरण संकलनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट खटि आएका कर्मचारीहरुको खाना, खाजा र होटल बासका लागि देहायबमोजिमको होटेल तथा वडा सचिवहरुको नाममा भुक्तानी दिई रु.५८९०६० खर्च लेखेको देखिन्छ। यस सम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको छ । यसरी आफनो अधिकार क्षेत्रमा नपर्ने कार्यमा खर्च गरेको रकम नियमसम्मत देखिएन । यसरी दोहोरो खर्च हुन सक्ने गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गो.भौ.नं.	भुक्तानी लिनेको नाम	रकम
६१८।२।१२	वडा नं ३ को थापा काजी होटेल	१५४००
	वडा नं ३ समर्पण होटेल एण्ड रेष्टुरेन्ट	४४९६०
६१९।२।१२	वडा नं ४ को भरत के सी	८४९००
६२०।२।१२	वडा नं ५ को दिलिप कुमार आचार्य	९५२००
६२१।२।१२	वडा नं ६ को राम नरेश यादव	११०६१०
६२२।२।१२	वडा नं ७ को विष्णु वि सी	६९७८०

६२३।२।१२	वडा नं ८ होटेल नारायणी रेष्टुरेन्ट एण्ड लज	१६००५
६२६।२।१२	वडा नं २ को अनिश कुमार चौधरी	६१८४०
६७२।२।२९	वडा नं १ न्यू सगरमाथा होटेल	९०३६५
	जम्मा	**५८९०६०**

२९.९ **लागत सहभागिता** - गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७९ को बुदा ४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कूल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट कवोलकर्ताले कवोल गरेको कूल अंकको कम्तिमा बिस प्रतिशत लागत सहभागिता जम्मा गर्नु पर्ने र ८० प्रतिशत कार्यालयले भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले भौ नं मिति ८१।६।३१ बाट नेपाल अवधि सास्कृतिक संरक्षण प्रतिस्ठानसंग सम्झौता गरि सिलाईकटाई तालिम संचालन गरेकोमा उक्त तालिममा सहभागिहरुलाई १८ पीस रु २३३९९१ सिलाई मेसीन सेट हस्तान्तरण गर्दा २० प्रतिशत वापत हुने रु ४६७९८ लागत सहभागिता नभएकोले अनियमित देखिएको रु.

अनियमित भएको	४६,७९८

२९.१० **स्वीटर बुन्ने तालिम** - गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७९ को बुदा ४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कूल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट कवोलकर्ताले कवोल गरेको कूल अंकको कम्तिमा बिस प्रतिशत लागत सहभागिता जम्मा गर्नु पर्ने र ८० प्रतिशत कार्यालयले भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले भौ नं मिति ३७।३।४ बाट नेपाल ईन्द्र फउण्डेसनसंग सम्झौता गरि स्वीटर बुन्ने तालिम संचालन गरेकोमा सहभागिहरुलाई ५ पीस रु.९६५०० होजियारि मेसीन सेट हस्तान्तरण गर्दा २० प्रतिशत वापत हुने रु. १९३०० लागत सहभागिता जम्मा नभएकोले अनियमित देखिएको रु.

अनियमित भएको	१९,३००

२९.११ **भूमि आयोग सम्बन्धि खर्च** - कुनै पनि कार्यमा खर्च गर्दा त्यसको लागत लाभ तथा प्रगतिको विश्लेषण गरि स्रोत साधनको उचतम उपयोग हुने गरि खर्च गर्नु पर्दछ। भूमि आयोगले कार्य गरिरहेको भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास समस्या समधानका लागि पालिकाले यस वर्ष रु **५५** लाख **५** हजार विनियोजन गरि रु **५३०२७८९.००** खर्च गरेको छ। पालिकाले डाटा संकलन तथा ईन्ट्रि, सर्वेक्षक, अमिनहरुको तलब भत्ता, सो सम्बन्धि कम्पुटर जन्य सामाग्री, फर्निचर, अन्य विविध लगायत कार्यको गागि खर्च गरेकोमा सर्वेक्षकहरु, डाटा संकलन तथा ईन्ट्रिकर्ता र अमिनहरुको हाजिर अद्यावधिक गरि राख्नु पर्नेमा कार्यालयमा हाजिर राखेको छैन। भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास समस्या समधान सम्बन्धि हाल सम्म के कति प्रगति भयो, कति जग्गा नापी भयो, कति जना सुकुमबासीहरुलाई जग्गा धनि पुर्जा वितरण गरियो सोको याथार्थ विवरण सहित प्रगति प्रतिवेदन पेश गरेको छैन । साथै सो कार्यको अनुगमन प्रतिवेदन समेत पेश भएको नदेखिएकोले खर्च को विवरण सहितको प्रगति प्रतिवेदनका साथै अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ ।

२९.१२ **अनुदान** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी पुँजि निर्माण तथा विकास निर्माणमा खर्च गर्नु पर्दछ। पालिकाले निम्न सांस्थाहरुलाई संचालन तथा अन्य अनुदान रु. ५९६००० खर्च

लेखेको छ।यस सम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको छ । यसरी विकास निर्माणमा खर्च नगरी अनुदानमा रकम वितरण गर्नु नियम सम्मत्त देखिएन रु

भौ नं. मिति	शिर्षक	भुक्तानी लिने	रकम
३२३।१०।१६	एम्बुलेन्स मर्मत	रेडक्रस सोसाईटी गढवा शाखा	१०००००
६९९।३।७	एम्बुलेन्स मर्मत	रेडक्रस सोसाईटी गढवा शाखा	५००००
३२७।१०।१७	ब्लड बैंक अनुदान	रेडक्रस सोसाईटी गढवा शाखा	२०००००
३७०।११।४	रेडक्रस सोसाईटी गढवा शाखापर्खाल निर्माण	रेडक्रस सोसाईटी गढवा शाखा	२४६०००
	जम्मा		**५९६०००**

अनियमित भएको	५,९६,०००

२९.१३ **अन्य कार्यालयको खर्चः** नेपाल सरकारले प्रत्येक मन्त्रालयको कार्यभार, दरबन्दी तथा कार्य प्रकृति अनुसार बजेट विनियोजन गरी खर्चको अख्तियारी समेत प्रदान गरेको हुन्छ। साथै एक कार्यालयले अर्को कार्यालयको खर्च व्यहोर्नु उचित देखिदैन पालिकाले निम्न कार्यहरुको खर्च भुक्तानी दिएको छ। यस सम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको छ ।यसरी अन्य कार्यालयको खर्च पालिकाले भुक्तानी दिनु नियम सम्मत्त देखिएन रु.

भौ नं. मिति	शिर्षक	भुक्तानी लिने	रकम
	ईन्धन २० लि	रेडक्रस एम्बुलेन्स	३६००
	ईन्धन २३ लि	सशस्त्र प्रहरी बल कोईलाबार	४१४०
	ईन्धन ९० लि	ईलाका प्रहरी कार्यालय गढवा	१६२००
१८६।८।१६	ईन्धन २५ ली	ईलाका प्रहरी कार्यालय लम्ही	४५६२
	३० लि डिजल	सशस्त्र प्रहरी बल कोईलाबास	५३९२
	१०० लि पेट्रोल	ईलाका प्रहरी कार्यालय गढवा	१७९७५
	१३५ लि	ईलाका प्रहरी कार्यालय गढवा	४२३००
	३५ ली पेट्रोल	शहरी विकास मन्त्रालय	६३८७
	१५ ली पेट्रोल	गोबरडिहा प्रहरी चौकी	२७३७
	३५ ली डिजल	स्वास्थ्य मन्त्रालय	६२८८
६२९।२।१४	टेबुल खरिद	महदेवा खानेपानी योजना तथा सरसफाई उ स	४३९००
३४२।२।३१	**फर्निचर**	**उद्योग बाणिज्य संघ**	**७५०००**
	जम्मा		**२२८४८१**

	अनियमित भएको	२,२८,४८१

२९.१४ **वितरणमुखी कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्यॉंकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

भौ नं मिति	विवरण	भुक्तानी पाउने	रकम
१४०।७।२२	स्पिकर खरिद	जुनतारा यूवा क्लब	२९८००
२७३।९।२४	फर्निचर खरिद	थारु कल्याणकारी सभा	५००००
४००।११।१८	टेबल कुर्सि गितार साउण्ड बक्स	ठुली चैर चर्च	४७०००
५२५।१।११	व्लाङकेट वितरण	वडा नं ६ मा आपाङ्ग तथा दृष्टि विहिनलाई	५००००
५४४।१।१३	स्टील दराज १० थान	वडा नं ३ म स्व स्विका लाई	६९९९०
५५७।१।१५	खेलाडीहरुलाई ड्रेश वितरण	वडा नं ३ मा	५६०२०
५६७।१।२१	काँसको थाल करुवा १२ सेट	१२ जना सहिद परिवारलाई	५८६००
७०७।३।१०	भ्रमण	जेष्ठ नागरिक वडा नं ५	१०००००
८००।३।२१	खेलकुद सामाग्री वितरण	घोरहा युथ कल्ब	३८०००
८४१।३।२३	भजन कृतन सामाग्री	वडा नं २ कोठारी शिव मन्दिर	९८४००

२९.१५ **जेष्ठ नागरिकलाई भ्रमण -** पालिकाले उपलब्ध स्रोत साधनको उचतम उपयोग हुनेगरि विकास निर्माणमा खर्च गर्नु पर्दछ। पालिका अन्तरगत वडा नं ५ ले जेष्ठ नागरिकलाई प्यूठान जिल्ला स्थित स्वर्गद्वारी दर्शन गराई रु ५००००० खर्च लेखेको छ। यसरी भ्रमण गराउदा जेष्ठ नागरिकलाई नै भ्रमण गराएको हो भनि प्रमाण श्रेष्ता साथ संलग्न गरेको छैन । जस्ले गर्दा को जेष्ठ हो को व्यस्क हो यकिन गर्न सकिएन।यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२९.१६ **शिक्षक डायरी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार सरकारी रकम खर्च गर्दा उचतम प्रतिफल प्राप्त हुने गरि मितव्ययि रुपले गर्नु पर्दछ । पालिकाले शिक्षक डायरी ७७० थान छपाई गरि रु.३००००० खर्च लेखेकोमा उक्त डायरी ३०० मात्र वितरण भएको देखिन्छ। बाँकी मौज्दात रहेको कार्यालयले जनाएको छ। यसरी अवस्यक्ताको पहिचान नै गरि मौज्दात रहने गरि खरिद गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

२९.१७ **छपाई तथा बाल विकास केन्द्र निर्माण -** सार्वजनिक खरिद ऐन २०६३को दफ ८(२) मा प्रतिस्पर्धा सिमित हहुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।त्यसतै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्बजनिक निकायले बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गरी खरिद गर्नु पर्ने साथै नियम ३१ अनुसार सार्बजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको खरिद कार्य गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले खरिद ऐन तथा नियमावलीको व्यवस्था विपरित हुने गरि निम्न अनुसारको खरिद कार्य गरि भुक्तानी गरेको छ। साथै खरिद तथा छपाई भएको सामाग्रीहरु दाखिला समेत गरेको छैन। यसरी नियम विपरित गरेको खरिद कार्य नियन्त्रण गर्नुपर्दछ ।

भौ नं मिति	विवरण	सप्लायर्स	रकम
६०।३।१९	शिक्षक डायरी छपाई	मध्यपश्चिमाञ्चल सप्लायर्स	३०००००
५७।३।१८	शिक्षक निर्देशिका छपाई	संचार चौतारी दाङ	२९९९९०
५८।३।१८	हाम्रो स्थानिय पाठ्यपुस्तक निर्माण	नेपाल प्रज्ञिक अध्ययन केन्द्र	७९९९००

२९.१८ **छात्रबृति -** पालिकाले सिटिईभिटीमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थिहरुका लागि निम्न विधालयलाई छात्राबृति दिएकोमा सोको सूचना प्रकाशन, छनौटको आधार लेखापरिछ्णमा पेश भएन । जसले गर्दा पर्तिस्पधि तथा पारदर्शि भएको हो भनि यकिन गर्न सकिएन। यसरी निश्चित मापदण्ड तथा कार्यविधि बेगर निर्णयका आधारमा छात्रवृति वितरणकार्य नियन्त्रण गर्नुपर्दछ ।

भौ नं मिति	विवरण	रकम
६३७।२।१७	माध्यमिक विद्यालय चैनपुर वडा नं ५ को २ जना विधार्थिलाई रु ६५००० का दरले	१३००००
६५२।३।१५	माध्यमिक विद्यालय चैनपुरमा ५ जना विधार्थिलाई शिक्षा शाखाको सिफारिषमा	२६००००
८३०।३।२२	माध्यमिक विद्यालय चैनपुरमा ४ जना विधार्थिलाई शिक्षा शाखाको सिफारिषमा रु ५२५०० दर ले	२१००००
६९।३।२१	विपन्न विधार्थिलाई छात्रवृति विभिन्न ८२ जना लाई	२३२०००
	जम्मा	**८३२०००**

२९.१९ **कृषि तथा पशु कार्यक्रम -** कुनै पनि कार्यक्रम गर्दा निश्चित मापदण्ड तथा कार्यविधि बनाई गर्नुपर्दछ।नमुना छनौटको आधारमा परिक्षण गर्दा पालिकाले कृषि तथा पशु तर्फ विभिन्न कार्यक्रम तथा विउ विजन वितरण गर्दा कार्यविधि तथा मापदण्ड बनाएको नदेखिएकोले वितरणमा सबै सरोकारवाला तथा लाभग्राहीहरुको चहुँच र एकरुपता कायम भएको देखिएन कृषि तथा पशु तर्फ निम्न बमोजिम सामाग्री वितरण गरेको छ । यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न अनुसार छ ।

भौ नं मिति	विवरण	रकम
६९७।३।५	वडा नं ४ ले बाखा खरिद तथा वितरण ८ वटा १०० प्रतिशत अनुदान	५००००
३१।७।४	वेलन बोका खरिद तथा वितरण १४ जना कृषकहरुलाई१०० प्रतिशत अनुदान	२९७८५०

३३।७।४	घाँसको विउ वितरण १०० प्रतिशत अनुदान	३४६५००
३५।७।२३	पडा नं ५मा फरुवा कोदाली मलचिङ्ग लगायतका कृषि सामाग्री वितरण १०० प्रतिशत अनुदान	१९८५००
६७।९।२८	तरकारीको मिनि किट वितरण १०० प्रतिशत अनुदान	२०००००
४२६।३।२२	कृषि समाग्री वितरण ७५ प्रतिशत अनुदान	४०८७००
१०।६।१२	वडा नं ३ मा जमुनापारी क्रस बाख्रा ७ जनालाई १०० प्रतिशत अनुदान	७१२५०
	वडा नं ३ मा बंगुरको पाठो ७ जनालाई २/२ वटा १०० प्रतिशत अनुदान	७००००

• भरपर्दो तथा सबै लाभग्राहीको पहुँच हुने गरि सूचना प्रकासन नगरेको तथा कृषक छनौट प्रकृया पारदर्शि नभई वडा समितिको निर्णयको आधारमा वितरण भएको देखिएकोले पालिकाले यस तर्फ सुधार गर्नु पर्दछ।

• खरिद भएको सामाग्रीहरु प्याकेजिङ्ग गरि खरिद प्रकृया पुर्याएर खरिद गर्नु पर्नेमा सो गरेको देखिएन आगामी दिनमा यस तर्फ सुधार हुनु पर्दछ।

• वितरणमा एकरुपता कायम गर्नु पर्नेमा सो नगरि कुनै मा ७५ प्रतिशत कुनैमा लागत सहभागिता नै नराखी निशुल्क वितरण गरेको देखिएकोले निश्चित मापदण्ड तथा कार्यविधि बनाई सोही अनुसार लागत सहभागिता हुने गरि वितरण प्रणाली व्यवस्थापन गर्नु पर्दछ।

खरिद भएकका बाख्रा तथा बङगुरको पाठो को विमा, स्वुस्थ्य अवस्थाको प्रमाण पत्र तथा अनुगमन प्रतिबेदन र प्रगति प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनु पर्दछ ।

२९.२० **परामर्श -** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौ नं मिति बाट परामर्श सेवा खरिदमा रु .१५८३८९० खर्च गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छ।

भौ नं मिति	कार्य	परामर्शदाता	भुक्तानी रु
११।५।१९	नदि जन्य पदनर्थको आई ईई प्रतिवेदन विभिन्न ६ वटा घाटको	ए ई सि ओ एम कन्सलट प्रा ली	४८४०००
५७।३।१८	आधारभूत तह को शिक्षक निर्देशिका तर्जसमा	सञ्चार चौतारी	२९९९९०
५८।३।१८	हाम्रो गढवा पाठ्यपुस्तक निमार्ण	नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र	७९९९००
	जम्मा		**१५८३८९०**

• यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाँउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

• परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर

छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

२९.२१ **राहत वितरण -** राहत वितरण गर्दा राहत प्राप्त गर्न योग्य भए नभएको प्रमाणको आधारमा वितरण गर्नु पर्दछ। पालिकाले बेमौसमि वर्षाको कारण आ.व. २०७८।७९ मा धान वालीमा छति पुगेको किसानहरुलाई निम्न अनुसारको रकम राहत वितरण गरेको छ। यसरी रहत वितरण गर्दा वडा कार्यालयको सिफारिष पत्र, नागरिक्ताको प्रतिलिपि लगायतको प्रमाण पेश नभएकोले वास्तविक लाभग्राही/ पिडित हो होईन यकिन गर्न सकिएन ।यस सम्बन्धमा पालिकाले एकिन तथा चेकजाँच गरी मात्र राहत रकम वित्तरण गर्नुपर्दछ ।

भौ नं मिति	विवरण	रकम
५।६।२७	विभिन्न ७८ जनालाई राहत वितरण	९२४६८०
४।६।२७	विभिन्न ११ जनालाई राहत वितरण	१०२२२२
६।६।२७	विभिन्न ६८ जनालाई राहत वितरण	५९४९६४
७।६।२७	विभिन्न २९ जनालाई राहत वितरण	२५९११४
८।६।२७	१ जनालाई राहत वितरण	७०३२
९।९।१७	विभिन्न ४ जनालाई राहत वितरण	३२४८३
	जम्मा	**१९२०४९५**

२९.२२ **आर्थिक सहयोग -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नु पर्दछ। सोही नियमको उप दफा २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरि दायित्व सृजना गर्नु हुदैन भनि उल्लेख छ। पालिकाले महिला तथा बालवालिका शाखा अन्तरगत कार्यक्रममा विनियोजन भएको रकमबाट निम्न अनुसार आर्थिक सहयोग गरेकोले उक्त रकम नियम सम्मत देखिएन रु.

भौ नं मिति	नाम	रकम
२०।१।६	थारु कल्याणकारी सभा	१६५००

१९।१।६	रास्ति वेवाःदेयु दवु	२००००
६७।३।२४	भगवति प्रसाद चौधरी	१००००
जम्मा		**४६५००**

अनियमित भएको	४६,५००

२९.२३ **लोक सेवा कक्षा संचालन -** पालिकाले लोक सेवा कक्षा ६४ दिन संचालन गरि यस वर्ष रु.४५७६२० खर्च लेखेको छ। पालिकाले उक्त कायक्रम संचालन गर्नु पुर्व भरपर्दो संचार माध्यमबाट सूचना प्रकासन गरेको देखिएन । कार्यक्रम संचालन गर्दा कुन कोस पढाउने हो, त्यसमा कति सेसन पढाउनु पर्दछ, खर्च कति लाग्ने हो सोको प्रस्ताव पेश गरेको देखिएन । एउटा निश्चित कोर्स पढाई नभई महिला विकास, शिक्षा सेवा, ना सु तथा अधिकृत मिक्स क्लास भएको कुनै पनि सेवामा पुर्ण कोर्स पढाई भएको देखिदैन । विधार्थिहरुको उपस्थिति पनि घट्दो क्रममा भएको छ। जस्ले गर्दा उक्त कार्यक्रमको उदेश्य पुरा भएको हो भनि भन्न सकिने अवस्था देखिएन। पालिकाले कक्षा संचालन गर्दा कार्यपत्र वापत भुक्तानी दिएकोले नियमानुसार भुक्तानी गरी सोको अभिलेख समेत राख्नुपर्दछ । पालिकाले निश्चित मापदण्ड बानाई सोही अनुसार कार्य गर्नु पर्दछ।

३० **राजस्व घटि दाखिला भएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि नगदि सोही दिन वा त्यसको भोली पल्ट स्थास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकमको दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने सक्ने उल्लेख छ। पालिकाले केन्द्रमा र वडामा उठाएको राजस्व नमुना छनौटको आधारमा परीक्षण गर्दा उठेको राजस्व भन्दा निम्न अनुसार घटि दाखिला गरेको छ। घटि दाखिला भएको रकम असुल गर्नु पर्दछ रु.

सि नं	विवरण	घटी दाखिला रु.
१	पालिका केन्द्रमा उठेको भन्दा घटि दाखिला	४०७
२	वडा नं १ मा	६४
३	वडा नं ६ मा	५९५
४	वडा नं ७ मा	६०
	जम्मा	**११२६**

असुल गर्नुपर्ने	१,१२६

३१ **शिक्षा तर्फ**

३१.१ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन -**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर - कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास

केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख) विद्यालयको अनुगमन नियमन व्यवस्था - राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
• प्रतिवेदन सार्वजनिक गरेको छैन ।
• तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

(ग) निजी विद्यालय व्यवस्थापन - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

• निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
• निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
• शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
• अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।
• अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(घ) विद्यालयको भौतिक पूर्वाधार व्यवस्था - पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

(ङ) बिद्यालयहरुको लेखापरीक्षण - पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४० सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०७९।८० को अन्तिम

लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ।

(च) अनुगमन - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

३१.२ **तलब बढी निकासा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले देहायबमोजिमका विद्यालयहरुका अवकाश/कार्यरत शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा बढी निकासा गरेको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने साथै अन्य विद्यालयको समेत पालिकाले यकिन गर्नुपर्ने रु.

शिक्षकको नाम	विद्यालयको नाम	निकासा भएको रु.	निकासा हुनुपर्ने रु	बढी निकासा रु.
धर्मराज पाण्डे	जनता मा.वि गढवा	१९६३७५	१८९६०२	६७७३
चन्द्रकला घर्ति	जनता मा.वि कालाकाटे	९५२९०	९३८८४	१४०६
दुर्गा पुन	जनता मा.वि कालाकाटे	८४३०२	७६०१२	८२९०
डालिका शर्मा	जनता मा.वि कालाकाटे	९७५३८	९६०११	१५२७
जम्मा				१७९९६
			असुल गर्नुपर्ने	१७,९९६

३१.३ **छात्रवृत्ती -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २८ वटा विद्यलायलाई रु.१०६८००० निकासा गरेको छ । IEMIS मा प्रवष्टि भएको संख्यालाई सत्यापन नगरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अत- पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

विद्यालयहरूलाई छात्रवृत्तिको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरूले बुझेको भर्पाईहरूको आधारमा दिनु पर्दछ । पालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी विद्यालयको छात्रवृत्ति वितरणको प्रमाण परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको छात्रवृत्तिको रकम भन्दा छात्रवृत्ति वितरण कम भएको देखिएकोले तकिएको भन्दा बढी निकाासा भएको रकम विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत पालिकाले एकिन गर्नुपर्ने रु.

विद्यालयको नाम	निकासा रु.	वितरण रु.	निकासा फिर्ता रु.
बालबुद्धि प्रा वि खबरखुटी	९६००	८०००	१६००
गणेश प्रा वि चिमचिमे]	११२००	८४००	२८००
सरस्वती मा वि विद्यानगर	८९२००	८४८००	४४००
नि मा वि पचहिया	१२०४००	११०८००	९६००
जम्मा			१८४००
		असुल गर्नुपर्ने	१८,४००

३१.४ **दिवा खाजा -** कार्याक्रम कार्यान्वयन पुस्तिकामा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका २८ वटा सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु. ८९६२८१२ निकासा भएकोमा विद्यालयहरुले कार्यान्वयन पुस्तिका अनुसारको खाजाको मेनु तयार गरेको पाइएन ।अतः आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजाको व्यवस्थापनको अनुगमन गर्नुपर्दछ ।

पालिका क्षेत्रका विद्यालयहरुको दिवा खाजाको रकम परीक्षण गर्दा कार्यालयले दिवा खाजाका लागि निकासा दिएको रकम भन्दा विद्यालयले कम खर्च गरेको पाइयो । कार्यालयले निकासा दिएको रकम र विद्यालयले पेश गरेको खाजा खर्च रकम वितरण भरपाई तथा खाजा खर्च रकमका विल एकिन गरी तोकीए भन्दा बढी निकाासा भएको रकम तपशिल बमोजिमका विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयको समेत पालिकाले एकिन गर्नुपर्ने रु.

विद्यालयको नाम	निकासा रु.	खर्च रु.	निकासा फिर्ता रु.
दुर्गा नि मा वि मनिकापुर	३७१४३०	३६७९३५	३४९५
जनता उ मा वि गढवा	९८५३०५	९०३८०५	८१५००

प्रा.वि खजरौटा	१६०६६५	१५९०००	१६६५
आदर्शरात्री नि मा वि गोवरढिहा	४५३१७०	४४२४८५	१०६८५
जनता मा.वि कालाकाटे	७६७८३५	७३७२६५	३०५७०
मा.वि पचहिया	८०९७७५	७२०४३०	८९३४५
नि मा वि बनघुस्रि	५१३०००	५०७१४०	५८६०
सरस्वती मा वि वद्यानगर	५०८४१०	४७४५४०	३३८७०
गणेश प्रा वि चिमचिमे	१४६९४०	१४५६२५	१३१५
जम्मा			२५८३०५
		असुल गर्नुपर्ने	२,५८,३०५

३१.५ **निःशुल्क पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ । पालिकाले IEMIS विवरणको आधारमा पालिकाभित्र संचालनमा रहेका २८ सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको लागि रु.४५४७९६८ अनुदान निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

• विद्यालयहरुले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण देखिएन ।

• निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन ।

• पाठ्यपुस्तकको नाम उल्लेख नगरी १ सेट मात्र भनी उल्लेख गरेकोले कुन-कुन पाठ्यपुस्तक बुझेकी भनी एकिन हुन सक्ने अवस्था देखिएन ।

अतः पालिकाले उल्लेखित पक्षहरुमा सुधार गर्दै आन्तरिक नियन्त्रण कायम गर्नुपर्दछ ।

३१.६ **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (तालिम सञ्चालन)** - पालिकाले यस वर्ष मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत IEMIS Software सम्बन्धी क्षमता विकास, बालशैक्षिक समाग्री निर्माण तालिम, लेखा व्यवस्थापन तालिम लागयतका विधिन्न तालिम सञ्चालन गरी रु. ११००२०० खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

(क) पालिकाबाट विभिन्न तालिलम लगायतका कार्यक्रम सञ्चालन पश्चात सम्बन्धित सहभागी, कर्मचारी, प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको ।

(ख) तालिम कार्यक्रमहरुमा अधिकांश खर्च खाना, खाजा, आवास तथा भत्तामा हुने गरेकोमा तालिम सञ्चालनमा मितव्ययिता कायम गरेको देखिदैन ।

(ग) अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रगति प्रतिवेदन तयार तयार छैन । कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो । सहभागीहरुको फोटो, मिति उल्लेखित ब्यानर राखेको देखिदैन ।

अतः पालिकाले उल्लेखित पक्षहरुमा ध्यान दिदै कार्यक्रमको प्रभावकारितामा जोड दिनुपर्दछ ।

३१.७ **अनुदान उपयोग -** पालिकाले यस वर्ष विद्यालयहरुलाई निम्नानुसारको शीर्षकमा अनुदान उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् ।

कार्यक्रम	विद्यालयको नाम	रकम
विज्ञानप्रयोगशाला	सरस्वती मा.वि. विद्यानगर	६५००००
आइसी टी ल्याब	जनता मा.वि. गढवा	६५००००
आइसी टी ल्याब	सरस्वती आ.वि. चन्दनपुर	६५००००
पुस्तकालय	मा.वि. पचहिया	६५००००
शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	मदरसा जियाउल मौहिद रामपुर	२४१०००
	मदरसा इस्लामिया अल्सफियत	२४१०००
	मदरसा दरसलाम खड्कपुर	२४१०००
	मदरसा फैजाने रजा प्रसेनिपुर	२४१०००
	मदरसा अहिले सुन्नत दारुसलाम	२४१०००
प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सहयोग अनुदान	सरस्वती मा.वि. विद्यानगर	२०००००

क) विद्यालय छनौट - कार्यक्रम कार्यान्वयन पुस्तिकामा अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता, इन्टरनेटको पहुँच, विधुतको नियमित आपूर्ति, पुस्तकालय व्यवस्थापनका लागि कक्षाकोठा लगायतका विषयरुका आधारमा प्राथमिकता तय गरी विधालयहरुको छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमको प्रभावकारिताको मूल्यांकन नगरि विधालयलाई शिक्षण सिकाइमा आइ. सि.टी को प्रयोग, पुस्तकालय, तथा विज्ञान प्रयोगशालाका लागि अनुदान उपलब्ध गराएको छ । अतः पालिकावाट अनुदान उपलब्ध गराउदा तोकिएका पूर्वाधार तथा मापदण्ड बमोजिम प्राथमिकता तय गरी विधालय छनौट गरि कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ ।

(ख) लागत अनुमान तयार नगरी खरिद कार्य भएको - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु/गराउनु पर्ने व्यवस्था रहेको छ । विद्यालयहरुले लागत अनुमान तथा कार्ययोजना तयार नगरी अनुदान खर्च गरेको देखिन्छ । अतः विद्यालयहरुबाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

(ग) अनुगमन नभएको - शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चं.नं ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT

LAB को कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले ICT Lab/ LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरे/नगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

(घ) प्रतिवेदन पेश नभएको - विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन । सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

३१.८ **स्यानिटरी प्याड** - पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

भौ नं	आपूर्तिकर्ता	परिमाण	खर्च रु (मू.अ.कर. सहित)
२५९।०८०।३।२४	एन्जल टच हाइजिन म्यानुफ्याचरिङ्ग प्रा.लि Pure Ultra Clear Choice 28 mm 8 Pcs	२८९२८ प्याकेट रु ३७.८१ का दरले	१२३५९५८

(क) सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरेको पाईएन । कार्यविधि बमोजिममो व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

(ख) दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनेटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्थांकसँग भिडाई आवश्यक हुने संख्यामा सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ व्यस्था रहेकोमा पालिकाले IEMIS तथ्थांकसँग विद्यार्थी संख्या भिडाई आवश्यक सेनेटरी प्याड उपलब्ध गराएको देखिएन । पालिकाले उल्लेखित व्यवस्थापको परिपालना गर्नुपर्दछ ।

(ग) दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यसव्था रहेकोमा पालिकाले २०८० असारमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

(घ) दफा दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राखुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन । साथै पालिकाले खरिद गरेको १६६२४ थान मध्ये २८८० थान पालिकामै मौज्दात रहेको विवरण पेश भएको छ । अतः पालिकाले विद्यालयलाई निकासा गरेको तथा विद्यालयमा मौज्दात रहेको अभिलेख राख्नुपर्दछ ।

३२ **स्वास्थ्य तर्फ** - यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् -

३२.१ **न्यानो झोला खरिद** - पालिकाले यस वर्ष न्यानो झोला कार्यक्रम अन्तर्गत न्यानो झोला खरिद वापत देहायबमोजिम

खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

भौ नं	आपूर्तिकर्ता	परिमाण	रकम रु
१७७।०८०।२।२२	हनुमान गार्मेन्ट उद्योग	५०० थान रु ७९० का दरले	३९५००००

(क) स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शन अनुसार अस्पतालहरुले सार्वजनिक खरिद ऐन अनुसार तोकिएको Specification अनुसारको न्यानो झोला खरिद गर्नु पर्नेछ । न्यानो झोला आपुर्ति भै सकेपछि अस्पतालले specification अनुसार गुणस्तार भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा पालिकाबाट गुणस्तर चेक जाँच भएको पाईएन । तर्सर्थ पालिकाले चेक जाँच गरी Specification अनुसारको गुणस्तर भए नभएको एकिन गर्नुपर्दछ ।

(ख) कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले खरिद गरेको न्यानो झोला मध्ये १६४ थान पालिका र अन्तर्गतका स्वास्थ्य चौकीहरुमा मौज्दात रहेको विवरण पेश गरेकोले खर्च अवस्था र मौज्दातको अभिलेख राख्नुपर्दछ ।

३२.२ **औषधी खरिद तथा व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष बोलपत्र र सोझै खरिद मार्फत आयुर्वेद समेतको रु. ६४९४५३९ को औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

गो भौ । मिति	विवरण	आपूर्तिकर्ता	खरिद विवरण	रकम रु	कैफियत
२५७-२०८०/०३/२३ ८५७-२०८०/०३/२३	औषधी खरिद	कुन्जन मेडिको कन्सर्न	Adhesive Tape लगायतका ६१ प्रकारका औषधी	१७४८४६२	अधिकांश औषधीमा १८ महिना म्याद नरहेको
११२।२०७९।१२।१६	मेडिकल सामाग्री	तुलसिपुर सर्जिकल हाउस प्रा.लि	Scissor M/S Tris लगायतका ५९ उपकरण	९८१९४	
१७६।२०८०।२।३१ ५८।२०८०।०३।३१ गा पा	आयुर्वेद औषधी	श्री पशुपतिनाथ आयुरवेद भवन प्रा.लि	अविपत्तिकर चुर्ण लगायतका २३ प्रकारका औषधी	४४८११०	
१८०।२०८०।३।७	औषधी	कुन्जन मेडीको कन्सर्न	Amoxycillin लगायतका १२औषधी	४९९७३	अधिकांश औषधीमा १८ महिना म्याद नरहेको
४१।२०७९।१२।१६ गापा स्वास्थ्य	आयुर्वेद औषधी	श्री पशुपतिनाथ आयुर्वेद औषधी	अविपत्तिकरचुर्ण लगायतका ५३ प्रकारका औषधी	४८९८९०	अधिकांश औषधीमा १८ महिना म्याद नरहेको
१३।५।१९	औषधि खरिद	कुन्जन मेडिको कन्सर्न		९९६९१०	

८१५।३।२२	औषधि खरिद	सुप्रिम फर्मा प्राली		९६७०००	
४५७।१२।९	औषधि खरिद टेन्डर	यूनाईटेड मेडिको कन्सर्न प्रा ली		१६९६००००	
जम्मा				६४९४५३९	

• खरिद गरेका औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि WHO सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच नगरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याज र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३२.३ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० तथा सम्झौताको शर्त अनुसार निर्माण कार्यको कार्यसम्पादन जमानत त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढीको हुनुपर्ने उल्लेख छ । पालिकाले औषधी खरिद वापत रु ४५५१००६ को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा सबैभन्दा घटि कवोल गर्ने श्री कुञ्जन मेडिको कन्सर्न सँग २०८०।३।१९ मा सम्झौता भई २०८०।२।२३ मा कार्यसम्पन्न भएकोमा कार्यसम्पादन जमानत रु.१२९७१३८ राख्नुपर्नेमा २०८०।५।१५ सम्मको कार्यसम्पादन जमानत रु.१०४५७०० मात्र राखेकोले नपुग कार्यसम्पादन जमानत रु.२५१४३३ पेश गर्नुपर्ने साथै त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,५१,४३३

३२.४ **स्वयंसेविकालाई प्रोत्साहन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । पालिकाले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्दछ । पालिकाले ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई कार्यविधि २०७९ तर्जुमा गरी यस वर्ष विदाई भएका १४ जना स्वयंसेविकाहरुलाई प्रति स्वयंसेविका रु.१००००० का दरले रु १४००००० खर्च गरेको पाईयो । पालिकाले योजना तर्जुमा गर्दा दिगो रोजगारी सिर्जना गर्न सक्ने तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३२.५ **स्वास्थ्य कार्यक्रमहरु -** पालिकाले स्वास्थ्य अन्तर्गत विभिन्न तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् ।

• पालिकाबाट स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु गरे पछि सम्बन्धित सहभागी, स्वास्थ्य कर्मचारी, प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको ।

• कार्यक्रमहरुमा अधिकांश खर्च भ्रमण तथा अनुगमन भत्तामा हुने गरेकोमा सोको लागि नियन्त्रण प्रणाली अपनाएको देखिदैंन ।

• कार्यक्रमहरुको प्रतिवेदनमा सहभागीहरुको फोटो, मिति उल्लेखित ब्यानर नराखेको ।

• कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो ।

• अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रगति प्रतिवेदन तयार नगरेको ।

• स्वास्थ्य कार्यालय लगायतका प्रदेश तथा संघीय कार्यालयका सहजकर्ताहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराएकोमा पालिकाले सम्बन्धित कार्यालयलाई भ्रमण भत्ता उपलब्ध गराएको जानकारी नगराएको दोहोरो भत्ता एकिन हुन नसकेको ।

पालिकाले उल्लेखित सम्बन्धमा ध्यान दिदै आन्तरिक नियन्त्रण प्रणाली अपनाउनुपर्दछ ।

३२.६ **निःशुल्क आखाँ उपचार कार्यक्रम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले निः शुल्क आखाँ उपचार कार्यक्रम सञ्चालनका लागि लमही आखाँ अस्पताललाई रु. १५००००० भुक्तानी गरेकोमा उल्लेखित व्यवस्था विपरित सोझै खरिद गरेको उचित देखिएन । पालिकाले

प्रचलित कानूनी व्यवस्था अनुरुप प्रस्ताव लिएर मात्र सम्झौता गर्नुपर्दछ ।

३२.७ **सुत्केरी स्याहार प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट मितव्ययी, प्रभावकारी र औचित्यको आधारमा खर्च गर्नुपर्ने र दफा २४(३) अनुसार योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ। संघीय सरकार अन्तर्गतका कार्यक्रमहरुमा आमा सुरक्षा कार्यक्रममा प्रदान गरिने यातायात खर्च हिमाली, पहाड र तराईका जिल्लामा प्रसुति हुने सेवाग्राहीलाई क्रमश रु.३०००, रु.२००० र रु.१००० हुनेछ । त्यसै गरी गर्भवती उत्प्रेरणा सेवा वापत प्रोटोकल अनुसार गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा सुत्नेरी हुने सेवाग्राहीलाई रु.८०० उपलब्ध गराउनु पर्ने छ भन्ने व्यवस्था रहेको छ । पालिकाले उक्त कार्यक्रमका अतिरिक्त यस आ.वमा संस्थागत प्रसुति सेवा लिनेहरुका लागि सुत्करी स्याहार प्रोत्साहन भत्ता वापत रु.११९४९०० खर्च गरेको छ। संघीय सरकार अन्तर्गतका कार्यक्रमहरुमा सुत्केरी प्रोत्साहन स्वरुप यातायात सुविधा र चारभेट बापत भत्ता वितरण गर्ने कार्यक्रम रहेकोमा कार्यालयले कार्यक्रममा दोहोरोपना हुने र चालु निशर्त खातामा व्ययभार पर्ने गरी नगद रकम वितरण गरेको उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ

३३ कृषि तथा पशु कार्यक्रमहरु -

३३.१ **अनुदान तथा वितरणमुखी कार्यक्रम -** पालिकाले आ.व २०७९।८० मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम पकेट विकास तथा अन्य अनुदान लगायतका वितरणमुखी कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

कार्यक्रमहरुको नाम	अनुदान पाउने	खर्च रु.
२०७८/७९मा स्थापना भएको तरकारी बाली पकेट विकास निरन्तरता कार्यक्रम	श्रीतरकारी पकेट संचालन समिति	५८०४३६
तोरी प्रवर्द्धन कार्यक्रम	श्री पृथ्वी कृषिसहकारी सं. लि	८०००००
	श्री देवकी नन्दन एकिकृत कृषि फर्म	२०००००
डरी प्रवर्द्धन कार्यक्रम	उन्नती भैसी पालन कृषक समुह	१९४०१००
७५% अनुदानमाप्लास्टिक टनेल / मल्चिंग टनेल/ थापा सिचाई वितरण	कृषक समूह, कृषिसहकारी, कृषक	३५००००
व्यवसायिक कृषकहरुलाईइलेक्ट्रिक स्प्रेय ट्यांकी र एप्रोन सेट वितरण ७५% अनुदान	कृषक समूह, कृषिसहकारी, कृषक	५५५००
टि. पि. एस. पहिलोपुस्ताको आलुको बिउ वितरण ५०% अनुदानमा	कृषक समूह, कृषिसहकारी, कृषक	५७४६००
बालीनालीमा लाग्ने रोग किरा व्यवस्थापनमा सहयोग बिषादी तथा सुस्म तत्व वितरणकार्यकर्म १००% अनुदान	कृषक समूह, कृषिसहकारी, कृषक	२९९९५०
कोभिड बिशेष युवा लक्षित कृषिकार्यक्रम तरकारी/ मौरी/ च्याउमा ५०% अनुदान	७ कृषक समहुवटा	३४३०००
व्यवासायिक तरकारीखेतिमा हाइब्रिड तरकारीको बिउ वितरण ५०% अनुदानमा	कृषक समूह, कृषिसहकारी, कृषक	१८७२३५
बर्षे फलफूलहरु बेर्नावितरण आँप केरा लिची कागती अम्बा ७५%	१० वटा कृषक समूह, कृषिसहकारी, कृषक	३४६८२३

अनुदानमा		
कन्ये च्याउको बिउवितरण कार्यक्रम	१२ वटा कृषक समूह, कृषिसहकारी, कृषक	१७८७५
मिनी टिलर वितरण कार्यक्रम५०% अनुदानमा	८ वटा कृषि सहकारी सं. लि.	३२००००
धान काट्ने मेशिन रिपरएट्याच्मेन्ट मात्र वितरण कार्यक्रम ५०% अनुदानमा	९ वटा कृषक समुह	३३७५००
पावर टिलर वितरण कार्यक्रम५०% अनुदानमा	१२ वटा कृषक समुह	१२०००००
साना कृषि औजार वितरणकार्याक्रम ५०% अनुदानमा कार्याक्रम सिकेचर/ करौती/ हजारी आदि सम्बन्धि सामाग्री	१० वटा कृषक समूह, कृषिसहकारी, कृषक	४९९००
व्यवसायिक कृषकहरुलाईइलेक्ट्रिक स्प्रेयर ट्यांकी र एप्रोन सेट वितरण ७५% अनुदान	कृषक समूह, कृषिसहकारी, कृषक	१८००००
साना सिंचाई तथा मर्मत सम्भारकार्यक्रम ३ खुट्टे मोटर ७५% अनुदानमा	५ वटा कृषकसमुह	३३१७४३
साना सिंचाई तथा मर्मतसम्भार कार्यक्रम ७५% अनुदानमा	१० वटा कृषक समुह	९८१६९०
व्यवसायिक पशुपालन गर्ने कृषकको लागि ५० प्रतिशत अनुदानमा च्यापकटरवितरण	१० जना कृषक तथा समहु	२५००००.
निःशुल्क हिउँदे घाँसको बिउ वितरणमा खरिद तथा ढुवानी :जै बर्सिमभेच	वडा भित्रका विभिन्न कृषकहरु	२४५०००.
निःशुल्क हिउँदे घाँसको बीउ वितरणमा खरिद तथा ढुवानी जै बर्सिमभेच		५५०००.
साना माछा पालक कृषक ५ कट्ठाको लागि माछा भुरा खरिदमा अनुदान	६० कृषक समूह, कृषिसहकारी, कृषक	९९७००.
व्यवसायिक गाईभैसी पालनको लागि गोठसुधार कार्यक्रम ५० प्रतिशतअनुदानमा	१० कृषक समूह, कृषिसहकारी, कृषक	२०००००.
मुक्त कम्लहरी विपन्न तथा अपाङ असहायहरुलाई आय आर्जनको लागि बंगुरवितरण कार्यक्रम	४० कृषक समूह, कृषिसहकारी, कृषक	200000.
व्यवसायिक रुपमा ५ भन्दामाथि माउबंगुर पालन गर्ने कृषकका लागि खोरसुधार कार्यक्रम ५० प्रतिशत सहकार्य अनुदान कार्यक्रम	१० कृषक समूह, कृषिसहकारी, कृषक	४३४२६५.

(क) अनुदानको उपयोग - सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिंदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

(ख) मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको- - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची—५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ। कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई कृषक समुहलाई समेत जिम्मेवार बनाउनु पर्दछ ।

(ग) गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशित, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

(घ) तोकिएको गुणस्तर नभएको - लागत साझेदारी बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५ (४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । खरिद गरिएका बाख्रा कुन जात को हो परिक्षण भएको प्रमाण छैन, साथै निर्देशिकाले तोके बमोजिमको जातको बाख्रा खरिद भएको छैन । अतः बाख्रा खरिद गर्दा निर्देशिकाले उल्लेख गरेको जातको खरिद गर्नुपर्दछ ।

(ङ) अन्य व्यहोराहरु -

• कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।

• आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।

• प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा पकेट कार्यक्रमहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्ताववाट छनौट गर्नुपर्ने समेतको व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन ।

• कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।

• नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।

• निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, अधिकांशको पशु विमा नगराएको देखियो।

• अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।

• अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिदैन ।
अतः पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

३३.२ **घटि कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कृषक समहु/सहकारीलाई अनुदान वापत वापत भुक्तानी गरेकोमा नियमानुसार लाग्ने कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल गरी दाखिला हुनुपर्ने रु.

गो. भौ. नं. र मिति	शीर्षक	भुक्तानी पाउनेको नाम	कट्टिगर्नुपर्ने रु	कट्टीगरेको रु	घटीकट्टी रु
१५।२०८०।३।४	तोरीप्रवर्द्धन कार्यक्रम अन्तर्गत पावरटिलर मिनिटिलर खरिद	पृथ्वीकृषि सहकारी संस्था लि	२४२४०	१२०००	१२२४०
जम्मा					१२२४०
				असुल गर्नुपर्ने	१२,२४०

३४ **सामाजिक सुरक्षा** -सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार यस वर्ष देहायबमोजिमको रकम खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

बैकको नाम	वडा	निकासा रु.	वितरण गरेको रु.	बैक बाँकी रु	फिर्ता रु.	जम्मा फिर्ता रु.	फिर्ता मिति
कुमारी बैक भालुवाङ	१	२०५९४६३५	२०५६०८९२	३३७४३		३३७४३	२०८०-०३-१७
कुमारी बैक गढवा	२	१६७८५६६८	१६७६१७१७	२३९५१		२३९५१	२०८०-०३-०६
कुमारी बैक गढवा	३	१८२१४६८५	१८०७९३४६	७५९५९	५९३७० मृत्यु पछि	१३५३३९	२०८०-०३-०६
कर्णाली डे बैङ्क	४	१८७९४१०४	१८६८९७०९	१०४३९५		१०४३९५	२०८०-०६-१६
कर्णाली डे बैङ्क	५	२३३०६४५२	२२९८८००१	३१८४५१		३१८४५१	२०८०-०२-३२
ज्योती विकास बैक	६	२४३९४६१४	२४२९५९१६	४३९८०	**५४७१८** मृत्यु पछि	**९८६९८**	२०८०-०३-०६
ज्योती विकास बैक	७	२०५१९१४४	२०३०३४३९	१७४३८४	**४१३२१**	**२१५७०५**	२०८०-०६-२५
कृषि विकास बैक	८	४२७३४१३	४२७३४१३				
जम्मा		**१४६८८२७१५**	१४५९५२४३३			९३०२८२ ।-	

(क) एम.आइ.एस प्रणालिमा प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत

विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

(ख) पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

(ग) भत्ता वितरणको अनुगमनः सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

(घ) फरक विवरण - पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. १४६२१९६८९.०१ देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा रु. १४६८८२७१५, लाभग्राहीलाई वितरण गरेको रु. १४५९५२४३३ र फिर्ता रु. ९३०२८२ देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणमा CGAS र VRSP-MIS System बीच फरक पर्नुको कारण एकिन गरी पालिकाले दुवै सफ्टवेयरबीचको एकरुपता हने गरी आर्थिक विवरण चित्रण गर्नुपर्दछ ।

३५ **खरिद व्यवस्थापन - यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्**

३५.१ **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक १० लाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने, चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र त्यस्तो योजनाको एक एक प्रति तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएतापनि कार्यालयले वार्षिक खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए अनुसार कार्यालयले वार्षिक खरिद योजना तयार गरी खरिद व्यवस्थापन उचित ढंगले गरी नियमानुसार खरिद गर्नुपर्दछ ।

३५.२ **फर्निचर खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै

खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष फर्निचर खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको छ। यसरी प्रतिष्पर्धा सिमित हुने गरी सोझै खरिद गर्नु हुँदैन । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्ने रु.

भौ नं	आपूर्तिकर्ता	विवरण	मूअकर समेत रु
२३१।०८०।१।८	ड्रिम डेकोर एण्ड फर्निचर	फर्निचर तथा फिक्चर्स	३१५२७०
३४२।०८०।२।३१	ड्रिम डेकोर एण्ड फर्निचर	फर्निचर तथा फिक्चर्स	७५०००
४१४।०८०।३।२०	ड्रिम डेकोर एण्ड फर्निचर	फर्निचर तथा फिक्चर्स	१९३९००
४३९।०८०।३।२३	ड्रिम डेकोर एण्ड फर्निचर	फर्निचर तथा फिक्चर्स	२४८००
४१२।०८०।३।२०	ड्रिम डेकोर एण्ड फर्निचर	फर्निचर तथा फिक्चर्स	९८०००
४२७।०८०।३।२२	स्वर्गद्धारी ट्रेड लिंक	फर्निचर सामाग्री	९४५९००
४४१।०८०।३।२३	न्यौपाने स्टील फर्निचर सप्लायर्स	फर्निचर सामाग्री	३६७६६०
	जम्मा		२०२०५३०

पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाई वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । खरिद भएका सामाग्रीहरुको फुल स्पेशिफिकेसन, मोडेल तथा सिरियल नम्बर खुलाई पाम्समा जिन्सी आम्दानी बाँधेको छैन । यस तर्फ पालिकाको ध्यानाकर्षण पर्दछ ।

अनियमित भएको	२०,२०,५३०

३५.३ **मेशिनरी सामाग्री खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष देहाय अनुसार मेशिनरी सामाग्री खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको छ। यसरी प्रतिष्पर्धा सिमित हुने गरी सोझै खरिद गर्नु हुँदैन । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्ने रु.

सि नं	आपूर्तिकर्ता	खरिद विवरण	सम्झौता	भुक्तानी रु
१	श्री आइटी हव घोराही	मेसीनरीसामाग्री कम्प्युटर प्रीन्टर इन्टरकम जडान	९९७८६०	९९७८६०

		सामाग्री		
२	ग्रासिया इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स तुल्सीपुर	मेसीनरी सामाग्री कम्युटर प्रीन्टर सामाग्री खरीद	९६५५००	९६५५००
४	श्री आइटी सप्लायर्स घोराही	मेसीनरी सामाग्री कम्युटर प्रीन्टर सामाग्री खरीद	९५५००६	९५५००६
	जम्मा			२९१८३६६

पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाई वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । खरिद भएका सामाग्रीहरुको फुल स्पेशिफिकेसन, मोडेल तथा सिरियल नम्बर खुलाई पाम्समा जिन्सी आम्दानी बाँधेको छैन । यस तर्फ पालिकाको ध्यानाकर्षण पर्दछ ।

अनियमित भएको	२९,१८,३६६

३५.४ **ह्युम पाईप खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ नं ३९८।०८०।३।१८ मा २०८० असार मसान्तमा देहाय अनुसार खरिद गरेका सामाग्रीको नापी र जडान गरेको अभिलेख, अनुगमन तथा फोटो र कार्यसम्पन्न समेत पेश नभएकोले पुष्टयाई सहितको प्रमाण पेश हुनुपर्ने रु

आपूर्तिकर्ता	सामाग्री	खर्च रु	कैफियत
श्री साकार पाइप एण्ड पोल उद्योग लमही	ह्युम पाइप खरीद	४९३४४०	वडा ३ मा ५ थान वडा ४ मा ५ थान वडा ५ मा १० थान वडा ३ मा २ थान वडा २ मा १० थान

प्रमाण पेश नगरेको	४,९३,४४०

३५.५ **ग्यावियन जाली -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष देहाय अनसार खरिद गरेका सामाग्रीको नापी र जडान गरेको अभिलेख, अनुगमन तथा फोटो र कार्यसम्पन्न समेत पेश नभएकोले पुष्टयाई सहितको प्रमाण पेश हुनुपर्ने रु

आपूर्तिकर्ता	सामाग्री	खर्च रु
श्री रासी ग्यावियन सिष्टम प्रा ली अर्घाखाची	ग्यावियन जाली खरीद	३६१८८९

प्रमाण पेश नगरेको	३,६१,८८९

३५.६ **सिचाई मोटर -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले भौ नं ४२१।०८०।३।२१ मा २०८० असार मसान्तमा देहाय अनुसार सिचाईका लागि पानी तान्ने मोटर खरिद गरी २६ कृषकहरुलाई दिएको भरपाई पेश गरेकोमा उक्त मोटर जडान गरेको अभिलेख, अनुगमन तथा बोरिङको घरको फोटो पेश नभएकोले पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने रु.

आपूर्तिकर्ता	सामाग्री	खर्च रु.	कैफियत
कौशल हार्डवेयर	२६ थान किर्लोस्कर पम्प KDS 112 2HP खरीद	७२४८००	वडा नं ६ का २६ कृषकलाई बुझाएको भरपाई मात्र पेश
		प्रमाण पेश नगरेको	७,२४,८००

३५.७ **शैक्षिक व्यवस्थापन पूर्वाधार कार्यक्रम -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१(१) मा सार्वजनिक निकायले सोझै खरिद गर्दा सोझै खरिद गर्नुपर्नेको स्पष्ठ कारण उल्लेख गरी खरीद गर्न सकिने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावलि, २०६४ को दफा ८५ मा दश लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान सोझै खरिद गर्न सकिने, एक आर्थिक वर्ष मा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले शैक्षिक व्यवस्थापन पूर्वाधार कार्यक्रम तर्फ रु ७५ लाख ३५ हजार विनियोजन गरेकोमा रु ६७१३८००।०० खर्च भएको देखिन्छ । उक्त कार्यक्रमबाट तपशिलका विद्यालयहरुको भौतिक निर्माण कार्य गर्दा अधिकाशमा मिति २०७९।१२।२७ गते टिप्पणी आदेश स्विकृत भएको, व्यवसायीसँग दररेट माग गरिएको, सोहि मितिमा दररेट पेश भएको र सम्झौता तथा कार्यदेश समेत एउटै मिति राखि एउटै निर्माण व्यवसायीहरुले एक वा एक भन्दा वढी दरभाउपत्र पेश भएको देखिन्छ । यससम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको देखिन्छ । एकै प्रकृतिका कार्यहरु टुक्रा गरि खरिद गरीएको, एउटै निर्माण व्यवसायीलाई पटक पटक दररेट पेश गर्न पत्र लेखिएको हुदाँ खरिद नियमावलीको पालाना हुने गरी प्रतिस्पर्धाको माध्यमबाट पारदर्शिरुपमा खरिद कार्य गर्नुपर्दछ

गो भो	विघालमा भएको मुख्य कार्य	सम्झौता	सम्पन्न	निर्माण व्यवसायी	भुक्तानी रकम
६।०८०।२।९	सर्वोदय प्रा.वि.को भवनमा जस्तापाता लागाएको	२०८०।१।३	२०८०।१।२६	मेनका निर्माण सेवा	९,५६,२००
७।०८०।२।९	दुर्गा आ.वि. मनिकापुरमा जतस्तापाताको कार्य	०७९।१२।२९	०८०।१।३०	सृष्टि सम्झना निर्माण सेवा	९,३६,७००
८।०८०।२।९	आवि चन्दनपुरको भवन प्लाष्टर, रङरोगन कार्य	०७९।१२।२९	०८०।१।२९	चन्द्रादेवी निर्माण सेवा	७,५५,८४३
१०।०८०।२।९	जनमुखि मा.वि रङसिङमा वारवेड र वाल निर्माण कार्य	०८०।१।३	०८०।२।१०	भारती निर्माण सेवा	५,३८,४९०
११।०८०।३।२४	प्रा.वि महदेवाको अगाडी खोला	०८०।१।३	०८०।२।१०	सुरेश के.सि.निर्माण	५,४०,७८०

	नियन्त्रणको लागि तटबन्ध कार्य			सेवा	
१२।०८०।३।२४	दिपेन्द्र होमजुन मा.वि.को पर्खाल निर्माण कार्य	०८०।१।३	०८०।२।१०	पन्थी निर्माण सेवा	५,००,०००
१३।०८०।३।२४	रात्री प्राविमा जस्तापाता सम्बन्धि कार्य	०८०।१।३	०८०।1.24	जमुनादेवी निर्माण सेवा	७,४०,०००
१६।०८०।३।१३	प्रा.वि.खजरौटा मा जस्तापाताको कार्य	०८०।१।८	०८०।२।१४	श्री कृष्ण विल्डर्स	४,४३,२००
२६।०८०।३।२२	उदय प्राविमा वारवेड जस्तापाताको कार्य	०८०।१।३०	०८०।२।३०	कुमार कन्स्ट्रक्सन	६,११,१००
					६०२२३१३

३५.८ **सवारी साधन -** लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शनको बुँदा नं. १० मा सवारी साधन खरिद गर्न नपाइने र खरिद गर्नु परेमा अर्थ मन्त्रालयको सहमति लिई मात्र खरिद गर्न सकिने उल्लेख छ ।कार्यालयमा १ थान मोटरसाइकल र १ थान स्कुटी रु.६०३०००।०० तथा पुन १ थान मोटर साईल रु.२७१०००।०० निलकमल ट्रेडर्ससंग खरिद गरेकोमा अर्थ मन्त्रालयबाट स्वीकृति लिएको प्रमाण पेश भएन अर्थ मन्त्रालयको सहमति लिई मात्र खरिद कार्य गर्नुपर्दछ ।

आपूर्तिकर्ता	सवारी साधन	सम्झौता	भुक्तानी
श्री निल कमल ट्रडर्स लमही	मोटर साइकल खरीद	२७१०००	२७१०००
श्री निल कमल ट्रडर्स लमही	मोटर साइकल स्कुटी खरीद	६०३०००	६०३०००

३५.९ **भ्याकसिन भण्डारण रेफिरजेटर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । भौ.नं. १६।०७९।११।२१ सशर्त पूजिगतर्फ Inj.Oxytocin भण्डारणका लागि रिद्धी सिद्धी मेडिको प्रा लिबाट रु ३९५५००।०० मा ILR Refrigerator Haier HBC-80 सोझै खरिद गरेको पाईयो । उक्त सामानको आधिकारिक विक्रेता र वारेन्टी सम्बन्धमा समेत उल्लेख गरेको पाईएन । पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाईन वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्दछ । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

३५.१० **ब्याट्री खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियम १० मा लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्ने व्यवस्था छ। पालिकाले सौर्य बत्ती जडान कार्यका लागि ज्योती ईनर्जी प्रा लिसंग रु ३९९०००।०० को सम्झौता गरी विभिन्न सोलार सामाग्री खरिद तथा जडान गरेको भुक्तानी गरेको छ । सो मध्ये १५० ए एच १२ भोल्टको सोलार ट्युवलर ब्याट्रीको जिल्ला

दररेट रु.२४५००।०० रहेकोमा रु.३१४००।०० मा खरिद गरेको पाइयो । यसरी जिल्ला दररेटमा बढी हुने गरी खरिद भएको २ थान १५० ए एच ब्याट्रीको मूअकर सहित रु.१५५९४।०० असुल हुनुपर्ने रु

	असुल गर्नुपर्ने	१५,५९४

३५.११ **वर्षान्तमा खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा बढी खरिद खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ ।

३५.१२ **बिधालयहरुको अधुरो भवन निर्माण तथा शौचालय मर्मत -** पालिकाले विद्यालयहरुको अधुरो भवन निर्माण तथा शौचालय मर्मत कार्यका लागि रु १ करोड विनियोजन गरी रु १ करोड नै खर्च गरेको छ । यससम्बन्धमा केही विद्यालयको सिफारिस र अनुगमन समेत भएको कागजात श्रेस्ता साथ संलगन गरेको देखिएन ।कार्यक्रम अन्तर्गतको बजेटबाट कार्यालयले सोझै खरिद विधि, विद्यालयलाई निकासा तथा ठेक्का प्रतिस्पर्धा विधिबाट समेत गरेको छ ।यस सम्बन्धि एकिकृत अभिलेख राखी एकिन गरेर खर्च लेख्नुपर्दछ । उक्त बजेट देहाय अनुसार खर्च गरेको छ ।

सि नं	खरिद प्रक्रिया	सम्झौता	निर्माण व्यवसायी	भुक्तानी रकम
१	ठेक्का NCB-7/79.80	धुरो विद्यालयहरु ६ वटाको भवन निर्माण कार्य	रेग्मी निर्माण सेवा	५८०६१००
२	कोटेशन	उदय प्रा.बि. भवन परिसरमा बारबेड, जस्तापाटा ट्रष्ट निर्माण	कुमार कन्स्ट्रकसन	६१११००
३	विद्यालयलाई निकासा उस	भौतिक पुर्वाधार निर्माण कार्य	सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा..	२४८२४००
४	सिलबन्दी दरभाउपत्र 03/SQ/ 2079/080	बालाखुट्टी प्रा.वि. विद्यालयको स्मार्ट शौचालय निर्माण	बी.श्री बिल्डर्स प्रा.लि.	११००४००
				१०००००००

३६ **निजीश्रोतको शिक्षकलाई फरक कार्यक्रमबाट भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नु पर्दछ। सोही नियमको उप दफा २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरि दायित्व सृजना गर्नु हुदैन भनि उल्लेख छ। पालिकाले पालिकाको आन्तरिक श्रोत तर्फ स्वास्थ्यको पूजिगत बजेटको निम्न कार्यक्रममा विनियोजन भएको रकमबाट ३० विद्यालयका निजी श्रोतको शिक्षकका लागि कार्यपालिकाको बैठक निर्णय बमोजिम रु.४७४६६००।०० पछि सोधभर्ना तथा समायोजन हुने गरी विद्यालयलाई खर्च निकासा गरेकोमा सोधभर्ना र समायोजन नगरेको खर्च अनुमोदन हुनुपर्ने रु.

भौ नं	कार्यक्रम	खर्च रकम रु.

९।०८०।३।२४ पालिका स्वास्थ्य पूजिगत	सर्पदंश उपाचार केन्द्र गढवामा सवारी साधन खरिद	३५०००००
	स्वास्थ्य क्षेत्र सुधारका लागि उपकरण तथा भौतिक निर्माण र मर्मत सम्भार	१२४६६००
		४७४६६००

अनियमित भएको	४७,४६,६००

३७ **धानखोला गुफा झोलुङ्गे पुल निर्माण -** धानखोला गुफा झोलुङ्गे पुल निर्माणका लागि झोलुङ्गे पुल कार्यक्रमका लागि कुल रु.३१८३०५९।०० को लागत अनुमान रहेकोमा सो मध्ये धानखोला गुफा झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसंग रु.१२७९०८३।००, जनश्रमदान रु.६३६६१।०० र पालिकाबाट रु.४१३७९७।०० व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त कार्यका लागि स्टील पार्टस खरिद खरिद वापत रु.१५९२११८।०० मा भुक्तानी भई उपभोक्तालाई बुझाएको देखिन्छ ।सामाग्री समेत खरिद भईसकेकोमा झोलुङ्गे पुलको कार्यसम्पन्न भईसकेको छैन । सम्झौता अनुसार पालिकाले रु.४१३७९७।०० योगदान गर्नुपर्नेमा नगरेको र झोलुङ्गे पुल कार्यक्रमबाट सबै भुक्तानी गरेको देखिएकोले रु.४१३७९७।०० योगदान गरी कार्यसम्पन्न गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४,१३,७९७

३८ **चालु प्रकृति खर्च -** पालिकाले यस वर्ष देहाय अनुसारका चालु प्रकृतिका कार्यक्रमहरु पूजिगत बजेट तर्फ राखि देहाय अनुसार भुक्तानी गरेको छ । पूजिगत बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गो भौ नं	कार्यक्रम	व्यहोरा	रकम
४१९।०८०।३।२०	आमा समुह	गाउँपालिका र रेडियो साझा आवाजको लागत साझेदारीमा स्वास्थ्य आमा समुहको क्षमता अभिबृद्धिको लागि उद्घोषण तालिम संचालन खर्चको रेडियो साझा आवाजलाई भुक्तानी ।	९८०००
४५९।०८०।३।२४	पूँजीगत सुधार खर्च तथा मर्मत सम्भार खर्च	चौधरी मोटरसाइकल वर्कसप विभिन्न प्यान विल सवारी मर्मत	९००००

३९ **आकस्मिक तथा भैपरि खर्च** - पालिकाको वडा नं ५ को निर्णयले यस वर्ष आकस्मिक तथा भैपरि खर्चका लागि विनियोजित रकमबाट देहाय अनुसार खर्च गरेको छ । सो मध्ये आक्समिक तथा भैपरि प्रवतिका कार्यमा समेत खर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण गरी बजेट तथा कार्यक्रमको उद्धेश्य अनुसार खर्च गर्नुपर्दछ ।

मिति	भौ. नं.	विवरण	खर्च
आकस्मिक तथा भैपरि खर्च वडा नं ५ को निर्णय अनुसार			
१२/२९/२०७९	२११	सुतैया खोलाको कटान नियन्त्रण गर्न पक्की वाल निर्माण उ.स.लाई भुक्तानी	७९,६००.००
०२/१४/२०८०	२८६	शुभकामना तथा सन्देशमुलक सुचना प्रकाशन वापत एम.बि.के.एन. मिडिया प्रा.लि.लाई भुक्तानी	१०,०००

०२/१७/२०८०	२९१	प्रनाहा सिचाई कुलो मुहान मर्मत र नयाँ ट्र्याकमा ह्युमपाईप जडान उ.स.लाई भुक्तानी	१२७,६००
०३/१०/२०८०	३६७	पुरानो गल्ली जाने बाटोमा पक्की नाली निर्माण उ.स.लाई भुक्तानी	२४८,३००
०३/१३/२०८०	३८५	सन्देशमुलक सुचना प्रसारण गरेवापत भालुबाङ्ग संचार सेवा प्रा.लि.लाई भुक्तानी	८,०००
०३/१३/२०८०	३८८	नयाँ बस्ती झालिमा हेन्डपम्प नल्कि जडान उ.स.लाई भुक्तानी	६४,३००
०३/१३/२०८०	३८९	सिमलतारा नयाँ कुँवा निर्माण उ.स.लाई भुक्तानी	४८,९४०
०३/१७/२०८०	३९५	गाउँपालिका स्थापना दिवसको अवसरमा खेलकुद कार्यक्रममा ५ नं. वडाका खेलडिहरुलाई खेलकुद ड्रेस खरिदको बिल रकम देउखुरी स्पोर्टसलाई भुक्तानी	४२,०५०
०३/१८/२०८०	४०४	जमुनिबास विकासे डाँडा जाने नयाँ ट्र्याक बाटो निर्माण उ.स.लाई भुक्तानी	१६,३४०
०३/१९/२०८०	४०९	वडा भित्रका विभिन्न बस्तीमा पानी निकासको लागि ह्युम पाइप जडान उपभोक्ता समितिलाई भुक्तानी ।	१९४,६००
			८३९,७३०

४० **ब्लयाक पाईप ट्युबुलर ट्रस** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । ब्लयाक पाईप ट्युवुल ट्रस बनाई जडान गर्ने काम प्राईमर पेन्ट सहितका भवन विभागको नर्मस M11 बमोजिम प्रति १८.९४ केजी कालो पाईप ट्रस बनाई जडान गर्ने कार्यका लागि सिपालु कामदार ०.६८७, ज्यामी ०.७८१ र पाईप १८.९४ केजीको नर्म्स प्रयोग गरी प्रति केजी दर ओभरहेड सहित रु.२२२।३८ हुनुपर्नेमा उक्त नर्मसमा अन्य आईटम समेत जोडी रु २३६।९५ दर तयार गरी कोटेशन मार्फत कार्य गराएको पाईयो । यसरी देहाय अनुसार कोटेशनमा बढी दरको उक्त आईटमको लागत अनुमान तयार गरेको नियम सम्मत नदेखिएको रु.

गो भो	विद्यालमा भएको मुख्य कार्य	निर्माण व्यवसायी	लई दर	हुनुपर्ने दर	सम्झौता भुक्तानी दर	बढी	परिमाण	मूअकर समेत रकम रु
७।०८०।२।९	दुर्गा आ.वि. मनिकापुरमा जतस्तापाताको कार्य	सृष्टि सम्झना निर्माण सेवा	२३६.९५	२२२.३८	२२५	२.६२	९११.३२	२३८८
१३।०८०।३।२४	रात्री प्राविमा जस्तापाता सम्बन्धि कार्य	जमुनादेवी निर्माण सेवा	२३६.९५	२२२.३८	२४०	१७.६२	७०७.३७	१२४६४
२६।०८०।३।२२	उदय प्राविमा वारवेड जस्तापाताको कार्य	कुमार कन्स्ट्रक्सन	२३६.९५	२२२.३८	२३०	७.६२	४७४.०९	३६१३

								१८४६४

	अनियमित भएको	१८,४६४

४१ **तराई मधेश समृद्धि कार्यक्रम** - तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७९ को दफा ५ मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकत्तम सत्तरी प्रतिशत र स्थानीय तहको हकमा न्यूनत्तम तीस प्रतिशत लागत सहभागिता रहने व्यवस्था छ । यस पालिकाबाट देहाय अनुसारका तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजनामा पालिकाको तर्फबाट लागत सहभागिता नगरी कार्यक्रमको बजेटबाट शत प्रतिशत खर्च भएको देखिन्छ । निर्देशिका विपरित लागत सहभागिता वेगर आयोजना सञ्चालन गरेको नमिल्ने देखिएकोले देहाय अनुसारका योजनाको दरले हुने लागत साझेदारी नगरेकोले उक्त रकम फिर्ता हुनुपर्ने रु

भौ नं	योगदान गर्नुपर्ने	कार्य	तराई मधेशकार्यक्रम खर्च	पालिकाबाटहुनुपर्ने योगदान प्रतिशत	पालिकाबाटहुनुपर्ने योगदान
१२।०७९।१०।१७	गढवागाउपालिका	गढवाबहुमुखी क्याम्पस भौतिक निर्माण गढवा गाउँपालिका ६ उ.स. कार्यसम्पन्न भुक्तानी	४००००००	४०%	१६०००००
२५।०८०।२।२४	गढवागाउपालिका	जनतामा बि गढवा भौतिक निर्माण गढवा गाउँपालिका ७ उ.स. कार्यसम्पन्न	२५०००००	२५%	६२५०००
		जम्मा			२२२५०००

	प्रमाण पेश नगरेको	२२,२५,०००

४२ **विमा तथा गुणस्तर परिक्षण**

(क) विमा - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेह १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले अधिकांश निर्माण योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरे पनि निर्माण व्यवसायीले बिमा गराएको छैन । खरिद सम्झौताको शर्तमा अनुसार निर्माण कार्यको बिमा गर्दै भविष्यको जोखिम न्यूनीकरणका गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

(ख) गुणस्तर परिक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का तथा उपभोक्ता समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित

गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

पालिकाले ठेक्का मार्फतका निर्माण कार्यहरुको विल अफ क्वान्टिटीमा ल्याव टेस्ट वापत रकम व्यवस्था गरेपनि ल्याब अधिकांश योजनामा ल्याब टेस्ट गरेको देखिएन ।

४३ सरस्वती मा वि गोबरडिहा भवन निर्माण

४३.१ नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम अन्तर्गत ठे.नं. ३८-०७८।०७९ सरस्वती मा वि गोबरडिहा भवन निर्माणका लागी एन.वि. कन्स्ट्रकसनसँग रु २५९०१२५२।७९ मा मिति २०७९।३।२७ मा संझौता भई कार्य सम्पन्न गर्ने म्याद २०८० असार मसान्त सम्म रहेको छ । निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की रु ४४५५०००।०० पेश्की भुक्तानी भएकोमा रु २२ लाख मात्र फर्छ्यौट भएको छ । निर्माण कार्य वापत चौथो रनिंग विल सम्म रु २०४०६१०७।६७ (७८.७८ प्रतिशत प्रगति) भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् ।

प्रगति तथा म्याद - निर्माण कार्यको शत प्रतिशत समय व्यतित भईसक्दा समेत निर्माण व्यवसायीबाट ८० प्रतिशतको हाराहारीमा मात्र कार्य भएको छ । भवनमा २ ब्लक मध्ये एक ब्लकको दोश्रो तल्लाको ढलान गरेको देखिएन ।उक्त कार्य सम्पन्न नभई अधुरो रहेको स्थिति छ । पालिकाले खरिद नियमावली अनुसार म्याद थप गरी निर्माण व्यवसायीबाट कार्य सम्पन्न गराउनुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप पश्चात समेत कार्य सम्पन्न नगरेमा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । तोकिएको सम्झौता अवधि २०८० असार भित्र कार्य सम्पन्न नभएको तथा म्याद थप समेत नभएको देखिन्छ । म्याद थप पश्चात समेत कार्य सम्पन्न नगरेमा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । तोकिएको सम्झौता अवधिमा कार्य सम्पन्न नभएको तथा म्याद थप समेत नभएकोमा यस सम्बन्धमा पालिकाले भौतिक रुपमा कार्यसम्पन्न भई सकेको तर नापी अनुसारको विल उठाउन मात्र बाँकी रहेको जनाएको छ ।यस सम्बन्धमा यथार्थ एकिन गरी पालिकाले खरिद नियमावली तथा सम्झौताको शर्त बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी आवश्यक निर्णय गर्नुपर्दछ । साथै पालिकाले यस सम्बन्धमा नियमानुसार म्याद थप गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

४३.२ **पेश्की -** निर्माण व्यवसायी एन.वि. कन्स्ट्रकसनलाई मोविलाईजेशन पेश्की रु.४४५५०००।०० पेश्की भुक्तानी भएकोमा रु २२ लाख मात्र फर्छ्यौट भई रु.२२५५०००।०० बाँकी रहेको देखिन्छ । सम्झौताको दफा ५७.३ मा सम्झौताको स्वीकृत अवधिको ८० प्रतिशत समय भित्र पेश्की फर्छ्यौट भई सक्नुपर्नेमा उक्त पेश्की फर्छ्यौट भएको छैन । सम्झौता विपरित समयमा पेश्की फर्छ्यौट नगरेको उक्त म्याद नाघेको पेश्कीको पेश्की जमानतको म्याद समेत गईसकेकोले उक्त पेश्की जोखिममा देखिएकोले नियमानुसार उक्त पेश्की फर्छ्यौट हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२२,५५,०००

४४ **म्याद थप** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव

कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा म्याद सकिनु अगावै निर्धारित कार्य सम्पादन जमानत, पेश्की जमानत, विमा, संशोधित कार्यतालिका र अन्य प्रमाण कागजात सहित निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । त्यसैगरी बाह्रो संशोधन नियम १२०क अनुसार उचित कारण, सोको पुष्ट्याई, संशोधित कार्यतालिका, कुनै किसिमको आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित २१ दिन भित्र म्याद थपको लागि निवेदन दिएमा सार्वजनिक निकायको प्रमुखले उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी म्याद थप गर्न सकिने उल्लेख । साथै कार्यालयले म्याद थपको फाईल तथा कागजात व्यवस्थित रुपले नराखेकोले तथा केही ठेक्काको म्याद थप भएको जनाएतापनि लेखापरीक्षणको क्रममा कागजात तथा फाईल पेश गर्न नसकेकोले यससम्बन्धमा यकिन हुन सकिएन । सम्झौताको शर्त र खरिद नियमावली अनुसार तोकिएको समयमै कार्य सम्पन्न गराउनुपर्दछ ।

म्याद थपको लागि चाहिने कागजात र पुष्ट्याई वेगर एकमुष्ट म्याद थप गरेको एक उदाहरण देहाय अनसार रहेको छ :

" कार्यापालिकाको मिति २०७९।३।२८ को बैठकबाट निर्णय नम्बर १५ मा पालिकाबाट कार्यान्वयन हुने विभिन्न योजनाहरुको सम्झौता भई निर्माण कार्य भईरहेको तर विविध कारणबश सम्पन्न हुन नसकेका योजनाहरुको आगामी मंसिर मसान्तसम्म म्याद थप गर्ने निणय गरियो।"

पालिकाले सम्झौताको शर्त तथा खरिद नियमावलीको नियम अनुसार मात्र म्याद थप गर्नुपर्दछ ।

४५ **बजेट फ्रिज नहुने उद्धेश्यले भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ ।पालिकाबाट संघिय सरकार तथा प्रदेश सरकार र अन्य निकायबाट प्राप्त भएका हस्तान्तरित बजेटहरुमा अधिकांश योजनामा पालिकाले सार्वजनिक खरिद कानुनको नियम विपरित स्पष्ट प्रयोजन नखुलाई तथा पूर्वानुमान गर्न सकिने कार्यहरु रहेको देखिन्छ । पालिकाले यसरी बजेट फिर्ता हुन नदिने उद्धेश्यले भेरिएसन गरी खर्च गरेको नियमानुसार देखिएन ।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४६ **पूर्व निर्धारित क्षतिपूर्ति** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । नियमावली तथा सम्झौताको शर्त विपरित प्रमाण कागजात तथा उचित कारण नखुलाई एकमुष्ट म्याद थप गरि पूर्वनिर्धारित क्षति पूर्ति नलगाई म्याद थप गरेको नियम सम्मत देखिएन । पालिकाले खरिद कानुन बमोजिम तथा सम्झौताको शर्त पालना गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाई म्याद थप गर्नुपर्दछ ।

४७ **ठेक्का विवरण प्राप्त नभएको -** सार्वजनिक खरिद तथा निर्माण सम्बन्धि कार्य गर्ने कार्यालयले ठेक्का तथा निर्माण कार्य सम्बन्धि विवरण राख्नुपर्ने हुन्छ । पालिकासंग उक्त विवरण माग गरिएकोमा पालिकाको योजना तथा प्राविधिक शाखाबाट उक्त विवरण पेश भएन जसले गर्दा लेखापरीक्षणमा के कति निर्माण कार्य रहेको, ठेक्कामा खर्च भएको रकम, निर्माण कार्यको विवरण तथा भुक्तानी र अभिलेख सम्बन्धमा विश्वस्त हुन सकिएन । लेखापरीक्षण गर्न

अगावै उक्त विवरण तयार गरी पेश गर्न फारम मार्फत माग गरिएकोमा वेवास्ता गरि उक्त विवरण नगरेको तथा उपलब्ध नगरेकोले सम्बन्धित शाखा र कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४८ **खरिद कारवाही अभिलेख –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

४९ NCB-32/78.79 कक्रहवा खजरौटा उठैयाचोक सडक

४९.१ NCB-32/78.79 कक्रहवा खजरौटा उठैयाचोक जोड्ने बाटो निर्माण कार्यका लागि धुलिखेल।बालारुपी जेभीसंग २०७९।२।१ मा रु ४३२१३८९३।२७ को सम्झौता भई २०८१।१।३० सम्ममा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायीलाई २०८० असार मसान्त सम्म चौथो रनिंग विलसम्म रु.२४४०७०८०।०० र मूल्य समायोजन रु १०७९१५५।०० मूअकर समेत भुक्तानी भएको देखिन्छ । निर्माण व्यवसायी लाई २०७८।७९ मा दिएको पेश्की मध्ये रु २८ लाख फर्छयौट हुन बाँकी रहेकोमा पेश्की जमानतको म्याद गुज्रेको र अद्यावधिक पेश्की जमानत पेश नभएकोले पेश्की जोखिममा रहेकोले अद्यावधिक पेश्की जमानत पेश हुनुपर्ने औंल्याएकोमा उक्त पेश्की २०८०।८१ मा फर्छयौट गरेको पालिकाले जनाएको छ ।
यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार छन् :

४९.२ **मूल्य समायोजन** - निर्माण व्यवसायी धुलिखेल।बालारुपी जेभीलाई चौथो रनिंग विलसम्म मूअकर बाहेक रु ९२५००५।२६ मूल्य समायोजन भुक्तानी भएकोमा मूल्य समायोजन रकम हिसाब गर्दा देहाय अनुसार दोश्रो विलमा रु.१५ लाख र चौथो विलमा रु.३२ लाख पेश्की घटाउन छुट भएकोले बढी भुक्तानी भएको रु. ३२०९२०।०० असुल हुनुपर्ने रु.

रनिङ विल	पि एस र पेश्की घटाए पछिको विल रकम	मूल्य समायोजन फ्याक्टर	मूल्य समायोजन
प्रथम	५४३२११४	१.०२४	१३०३७०
दोश्रो	२४७९४०७	१.०४०	९९१७६
तेश्रो	६१३३८०८	१.०४०	२३५९१५
चौथो	३१४१८७३	१.०७०	२०५५४४
		जम्मा	६७१००५
		भुक्तानी भएको	९५५००५

		बढी भुक्तानी	२८४०००
		मूअकर समेत बढी भुक्तानी	३२०९२०
		असुल गर्नुपर्ने	३,२०,९२०

५० ठेक्का नं. NCB-३-०७९।८०

५०.१ NCB-३-०७९।८० कालाकाटे हुलाकी सडक देखि कटियान गाउँसम्म बाटो स्तरोन्नती निर्माण कार्यका लागि रु ४९११६१७।३४ को लागत अनुमान तयार गरी बि.श्रि विल्डर्ससंग २०७९।९।१७ मा रु ३८८२४७८।७३ को सम्झौता गरेकोमा भेरियएन गरेर रु ४३२२६०३।७० कायम गरी रु ४१९९८८७।०० भुक्तानी गरी २०८०।२।३० मा कार्य सम्पन्न गरेको छ । निर्माण व्यसायीले उक्त कार्यको विमा समेत गरेको देखिएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनसार रहेका छन् :

भेरिएसन - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले १२ प्रतिशत भेरिएसन जारी गरी शुरु सम्झौता रु.३८८३४७८।७३ लाई बढाई रु. ४३२२६०३।०० कायम गरेको छ । पालिकाले साईट अवस्था अनुसार भेरिएसन गर्नुपर्ने खुलाई भेरिएसन गरेको देखिन्छ ।नाला निर्माणको लागि पल्म्ब ढलानको कार्य र सरिया जस्ता आधारभूत आइटम यकिन नगरी सोको परिमाण र स्वीकृत गर्ने पदाधिकारी समेतलाई जिम्मेवार बनाउनुपर्दछ । ठेक्काको BOQ तयार गर्दा शुरुमै अनुमान गर्न सकिने आइटम लाई भेरियसन मार्फत समावेश गर्नु नियमतसम्मत देखिएन ।

पालिकाले संघीय र प्रदेश सरकारका बजेट भएका योजनाहरुमा बजेट फिर्ता हुन नदिने गरी समेत शुरु लागत अनुमान अनुसारको २३१ मीटर सडकको लम्बाई २४९ मीटर सम्म बढाएको तथा अन्य आईटम बढाई भेरिएसन गरेको समेत देखिन्छ ।

५०.२ **ट्याक कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.७ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । यसरी उक्त कार्यमा विटुमीन प्रयोगको गुणस्तर परिक्षण समेत नगरेकोले सोही परिमाणको स्प्रे रेट अनुसार विटुमीन खपत भएको आधारसमेत नदेखिएकोले पालिकाले १२६१.६० वर्ग मीटरका लागि बढीमा ०.६ प्रति लिटरका दरले ट्याक कोटको लागत अनुमान र मूल्यांकन गरी ७५६.९६ लिटरको भुक्तानी दिनुपर्नेमा ०.७ प्रति लिटरका दरले स्प्रे दर राखी ८८३.१२ लिटरको भुक्तानी गरी प्रति लिटर रु.१४६.९ का दरले १२६.१६ लिटरको रु.१८५२४।०० थप व्ययभार पारेको देखिएको रु

अनियमित भएको	१८,५२४

५०.३ **एजविल्ट नक्सा -** सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश

गर्नुपर्ने र नगरेमा रु.१ लाख रोक्का राख्नुपर्ने प्रावधान रहेकोमा एज बिल्ट नक्सा पेश नभएकोले रोक्का राख्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,००,०००

५१ **खरिदमा सम्झौता कार्यान्वयनको अवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन ।

क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने,

ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने,

ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने,

घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य,

ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने,

च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने,

यसमा सुधार गरिनु पर्दछ ।

५२ **अधुरो ठेक्का तथा निर्माण कार्यको विवरण** -पालिकाबाट निर्माण कार्य संग सम्बन्धित गत विगतका अधुरा ठेक्काको विवरण माग गरिएको उक्त विवरण योजना , आर्थिक प्रशासन र प्राविधिक शाखाबाट पेश भएन । उक्त विवरण प्राप्त नभएकोले अधुरा तथा रुगण योजना सम्बन्धमा खुलाउन सकिएन । उक्त विवरण उपलब्ध नगरेकोले सम्बन्धित शाखा र कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

५३ **कन्टिन्जेन्सी खर्च अभिलेख नराखेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन।

कार्यायलसंग कन्टिन्जेन्सी खर्चको विवरण माग गरिएको उक्त विवरण प्राप्त भएन । यसरी कन्टिन्जेन्सी खर्चको अभिलेख नराखि कन्टिन्जेन्सी खर्च गरेको नियम अनुसार देखिएन । चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा समेत कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। तसर्थ सम्बन्धि निकायले यसको कार्यविधि बनाई खर्च गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ ।

५४ **NCB-04/79-80**

५४.१ ठेक्का नं. NCB-४-०७९।८० मलमला बाटो बाटो कालोपत्रे निर्माणकार्यका लागि २०८०।२।३० मा

कार्यसम्पन्न हुने गरी रु ३२४९५९४।६३ मा २०७९।९।१७ मा निर्माण व्यवसायी सि.ब्रदर्श कन्स्ट्रकसन एण्ड सप्लायर्ससंग सम्झौता भएकोमा दोश्रो रनिंग विलसम्म रु २१३१७०९।०० (६४ प्रतिशत) को मात्र कार्य भई भुक्तानी गरेको र कार्यसम्पन्न तयार गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्

भेरिएसन स्वीकृत नभएको तथा घटीमा कार्यसम्पन्न - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी ऐनको दफा ५४ मा तोकिएको अधिकारीले भेरिएशन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम १२५ मा निर्माण कार्य सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने व्यवस्था छ ।नाली निर्माण कार्यको समयमा खानेपानीको पाइप परेकोले पाइप खरिद कार्य निर्माण व्यसायीलाई दिई स्थानान्तरण गर्नुपर्ने भएकोले शुरुको लागत अनुमान रु ४८५२६४३।३५ मा २ प्रतिशत थप गरी रु ४९७०९४०।०० कायम गरी शुरु सम्झौता रु ३२४९५९४।६३ रहेकोमा भेरिएसन सिट अनुसार रु ३३२३५५९।०० सम्झौता कायम गरेकोमा भेरिएसन नियमानुससार भेरिएसन स्वीकृत गरेको देखिएन । उक्त सम्झौतामा पूर्वानुमान गर्न सकिने सरिया १९२८ केजी रहेकोमा ३५३६ केजीको रु ११३ का दरले भुक्तानी गरेको छ ।पाईप समेत अन्य नयाँ आईटमको समेत भेरिएसन स्वीकृत नगरी भुक्तानी दिएको दिएको छ । साथै उक्त निर्माण कार्यको ६४ प्रतिशत कार्य भएको अवस्थामा पिचको कार्य नै नगरी अधुरो मै कार्यसम्पन्न गरेको देखिन्छ ।२८४ मीटरको पिच सडक बनाउने कार्य रहेकोमा १६० मीटरको बेश मात्र तयार गर्ने सम्मको कार्य भएको तथा पिचको अन्य कार्य नभएको देखिन्छ । यसरी भेरिएसन सिट तथा टिप्पणी तयार गरी भेरिएसन स्वीकृत नगरी सम्झौता अनुसार कार्य समेत नभएको अवस्थामा घटी मै कार्यसम्पादन तयार गरी रु २१३१७०९।०० (६४ प्रतिशत) मा अधुरो कार्यको कार्यसम्पन्न तयार गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु

अनियमित भएको	२१,३१,७०९

५४.२ **घटी कार्यसम्पादन जमानत -** सम्झौताको दफा ५८.१ अनुसार रु.६१७०००।०० को कार्यसम्पादन जमानत रकम राख्नुपर्नेमा रु.६०५०००।०० को मात्र कार्य सम्पादन जमानत रहेकोले घटी भएको कार्यसम्पादन जमानत रकम थप्न लगाउनुपर्दछ ।

५४.३ **विमा -** scc १९.१ अनुसार निर्माण कार्यको विमा गर्नुपर्नेमा विमा वेगर सम्झौता गरेको देखिन्छ । विमा वापत विओक्यूमा रु. ५० हजार व्यवस्था भएकोमा विमाको भुक्तानी भएको छैन ।

५४.४ **ल्याब परिक्षण -** विओक्यूमा प्रोभिजनल सममा ल्याब परिक्षणका लागि रु.२५०००।०० को व्यवस्था रहेकोमा ल्याब परिक्षणको विल वेगर रु.२१८०० भुक्तानी गरेको असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२१,८००

५४.५ **एजविल्ट नक्सा -** सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु १ लाख रोक्का राख्नुपर्ने प्रावधान रहेकोमा एज विल्ट नक्सा पेश नभएकोले रोक्का राख्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,००,०००

५५ **NCB-०१/७९-८०** - ठेक्का नं. NCB-१-०७९।८० लालपुरको पुलदेखि उत्तरतर्फ लोखरपुर जाने बाटो कालोपत्रे निर्माणकार्यका लागि २०७९।८।१९ मा कार्यसम्पन्न हुने गरी रु ३४५६६२८।४२ मा २०७९।१२।३० मा निर्माण व्यवसायी निमा देवि निर्माण सेवासंग सम्झौता भएको र २०८०।३।२५ सम्म म्याद थप भएकोमा समेत कार्यसम्पन्न नगरी प्रथम रनिंग विलसम्म रु १५१६२२६।०० (४३ प्रतिशत) को मात्र कार्य भई भुक्तानी भएको छ । म्याद थप गर्दा विमा पोलिसी अद्यावधिक वेगर म्याद थप गरेको छ ।३०० मीटरको पिच सडक बनाउने कार्य रहेकोमा बेश तयार गर्ने सम्मको कार्य भएको देखिन्छ ।

• विद्युत पोल नसारेकोले प्रथम पटक २०८०।३।२५ सम्म म्याद थप भएकोमा उक्त समयमा समेत कार्य सम्पन्न भएको छैन । तत्पश्चात म्याद थप समेत भएको छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप पश्चात समेत कार्य सम्पन्न नगरेको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । तोकिएको सम्झौता अवधिमा कार्य सम्पन्न नभएको तथा म्याद थप समेत नभएकोमा यस सम्बन्धमा पालिकाले बजेट अभाव रहेकोले निर्माण कार्य गराउन नसकेको जनाएको छ । यस सम्बन्धमा यथार्थ एकिन गरी पालिकाले खरिद नियमावली तथा सम्झौताको शर्त बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी आवश्यक निर्णय गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा बजेट व्यवस्थापन गराई म्याद थप गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

---

५६ **ठेक्का नं. NCB-३७-०७८।७९** -तिनघरुवा-बघमरुवा-कोठरी सडक कालोपत्रे निर्माण कार्यका लागि रु ११३९६९१३।०२ को लागत अनुमान तयार गरी २०७९।११।३० (२ पटक म्याद थपसमेत) मा कार्यसम्पन्न हुने गरी रु ८४७७६१७।३८ मा २०७९।२।१० मा निर्माण व्यवसायी रिखादेवी कन्स्ट्रकसन प्रा लिसंग सम्झौता भएकोमा ५२८५४८८।०० (६२.३४ प्रतिशत) कार्य गरी भुक्तानी लिएको छ । निर्माण व्यवसायीको म्याद समाप्त भएकोमा उक्त कार्यको म्याद थप समेत भएको छैन ।पालिकाले सार्वजनिक खरिद कानुन तथा सम्झौताको शर्त अनुसार कार्य सम्पन्न गराउनुपर्दछ । निर्माण कार्यको म्याद २०७९।११।३० मा नै सकिएकोमा यस सम्बन्धमा म्याद थप वा पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने निर्णय भएको देखिदैन । म्याद थप पश्चात समेत कार्य सम्पन्न नगरेमा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । तोकिएको सम्झौता अवधिमा कार्य सम्पन्न नभएको तथा म्याद थप समेत नभएकोमा यस सम्बन्धमा पालिकाले बजेट अभाव रहेकोले निर्माण कार्य गराउन नसकेको जनाएको छ । यस सम्बन्धमा यथार्थ एकिन गरी पालिकाले खरिद नियमावली तथा सम्झौताको शर्त बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी आवश्यक निर्णय गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा बजेट व्यवस्थापन गराई म्याद थप गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

---

५७ **ठेक्का नं. NCB-१-०७८।७९**

५७.१ बड्का गल्ली तिनघरुवा-बघमरुवा-कोठरी नाली तथा सडक कालोपत्रे निर्माण कार्यका लागि रु २९१९८७३६।०० को लागत अनुमान तयार गरी २०८०।१।३० (२ पटक म्याद थपसमेत) मा कार्यसम्पन्न हुने गरी रु १७४०१९९७।५७ मा २०७८।८।१३ मा निर्माण व्यवसायी जयमा स्वर्गद्धारी निर्माण सेवा प्रा लिसंग सम्झौता भएकोमा रु.९१७१२३८।४९ (५२.७० प्रतिशत) कार्य गरी भुक्तानी लिएको छ । निर्माण व्यवसायीको निर्माण कार्यको २०८०।१।३० मा म्याद समाप्त भएकोमा उक्त कार्यको म्याद थप समेत भएको

छैन । म्याद थप पश्चात समेत कार्य सम्पन्न नगरेमा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । तोकिएको सम्झौता अवधिमा कार्य सम्पन्न नभएको तथा म्याद थप समेत नभएकोमा यस सम्बन्धमा पालिकाले बजेट अभाव रहेकोले निर्माण कार्य गराउन नसकेको जनाएको छ ।यस सम्बन्धमा यथार्थ एकिन गरी पालिकाले खरिद नियमावली तथा सम्झौताको शर्त बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी आवश्यक निर्णय गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा बजेट व्यवस्थापन गराई म्याद थप गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

५७.२ **पेश्की** - निर्माण व्यवसायी जयमा स्वर्गद्धारी निर्माण सेवा प्रा लिलाई उक्त निर्माण कार्य वापत दिएको पेश्की मध्ये रु.३०००००।०० बाँकी रहेकोमा ठेक्काको म्याद थप नभएको तथा सोको बैंक जमानत समेत पेश नभएको उक्त पेश्की जोखिममा रहेकोले नियमानुसार असुल गरी पेश्की फर्छ्यौट हुनुपर्ने रु

प्रमाण पेश नगरेको	३,००,०००

५८ **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**

५८.१ **शैय्याको अस्पताल भवन निर्माण** - ठे.नं. २७-०७८।०७९ गाउँपालिकाले १५ शैय्याको अस्पताल भवन निर्माणका लागी रु २०७४०६२०३ को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा पेश भएका विभिन्न ५ मध्ये सबैभन्दा घटि रकम रु १३४९६८९११।७४ कवोलवाला निर्माण व्यवसायी श्री श्याम सुन्दर/एन.वि. जे.भी. सँग मिति २०७८।१२।२२ मा संझौता भई कार्य सम्पन्न गर्ने म्याद २०८०।१२।२१ रहेको छ । निर्माण व्यवसायीलाई २०७८।७९ मा मोबिलाइजेशन पेश्की वापत रु.११६३७००० र २०७९।८० मा रु.१५६३०००।०० गरी रु.२३२०००००।०० पेश्की भुक्तानी भएकोमा रु ३० लाख मात्र फर्छ्यौट भएको छ । निर्माण कार्य वापत चौथो रनिंग विल सम्म रु.३४०९१५२८।६० (२५.२६ प्रतिशत प्रगति) भुक्तानी भएको छ भने मूल्य समायोजन वापत चौथो विलसम्म मूअकर समेत रु.२३५५५००।२८ भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्

५८.२ **न्यून प्रगति** - निर्माण कार्यको ८० प्रतिशत समय व्यतित भईसक्दा समेत निर्माण व्यवसायीबाट २५ प्रतिशतको हाराहारीमा मात्र कार्य भएको देखिदा निर्धारित समयमा कार्य सम्पन्न गर्न सकिने अवस्था देखिदैन । २०८० असार सम्म मुख्य भवनको फाउन्डेसन र कोलमको कार्य र अर्को भवनको ढलान कार्य मात्र भएको देखिन्छ भने हाल बाउन्ड्री वालको कार्य चालु रहेको अवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई थप श्रम र स्रोत साधन मोविलाईज गर्न लगाई समयमा कार्य सम्पन्न गर्न लगाउनुपर्दछ ।

५८.३ **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९(१) मा सम्झौतामा उल्लेख गरेर मात्र मूल्य समायोजन गर्न सकिने उल्लेख छ । मुल्य समायोजन भुक्तानी दिदाँ सम्झौताको शर्त, सम्झौतामा उल्लेख भएको सुत्रको तथा सुत्रमा प्रयोग गरिने मूल्यको संरचना (श्रम, उपकरण, सामाग्री, आदी) को आधारमा दिनुपर्ने हुन्छ ।सोही अनुरुप सम्झौताको दफा scc ५३.१ मा मूल्य समायोजन दिने सम्बन्धमा " The Contract "is not" subject to price adjustment, and the following information regarding coefficients "does not"apply. र दफा scc ५३.७ मा समेत Price Adjustment : Not Applicable उल्लेख गरेको छ ।



	E. Cost Control
CC 49.1	**The prevailing interest rate is 8% per annum**
CC 53.1	The Contract ***"is not"*** subject to price adjustment, and the follow regarding coefficients ***"does not"*** apply. The coefficients and indices for adjustment of prices in Nepales

Procurement of Works- Single Stage Two Envelo

	be as specified in the Table of Adjustment Data submitted by bid with the Letter of Price Bid which is approved by the Project manager.
C 53.6	Base Price of Construction Materials applicable for price adjustm as per the Table of Adjustment Data submitted by Bidder together w of Price Bid which is approved by the Project manager.
C 53.7	The Price Adjustment amount shall be limited to a maximum of: 10% Amount For GoN Funded: ***10*** percentage of the initial Contract Amount For D **Not Applicable**

यस्तो अवस्थामामा सम्झौताको शर्त विपरित मूल्य समायोजन दिन मिल्ने देखिदैन । तसर्थ पालिकाले चौथो रनिंङ विलसम्मको मूल्य समायोजन मूअकर समेत रु.२३५५५००।२८ असुल हुनपर्ने रु.

असुल गर्नुपर्ने	२३,५५,५००

५८.४ **घटी मूल्य अभिवृद्धि कर कट्टी -** निर्माण व्यवसायीलाई भौ नं ३।०७९।६।२७ बाट प्रथम रनिंग विल भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर रु.१६५६६७५।०० को ३० प्रतिशत रु.४९७००२।०० कट्टी गर्नुपर्नेमा रु ४५४७३५।०० मात्र कट्टी भएको रु.

असुल गर्नुपर्ने	४२,२६७

५८.५ **पेश्की बाँकी -** निर्माण व्यवसायीलाई सम्झौताको दफा SCC ५७.१ बमोजिम २०७८।७९ मा मोबिलाइजेशन पेश्की वापत रु.११६३७००० र २०७९।८० मा रु.११५६३०००।०० गरी रु.२३२०००००।०० पेश्की भुक्तानी भएकोमा रु ३० लाख मात्र फर्छ्यौट भई रु.२ करोड २ लाख बाँकी रहेको देखिन्छ । उक्त पेश्कीको फर्छ्यौट हुनुपर्दछ ।

५९ **विमा -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु २० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा परिक्षण गर्दा निम्न ठेक्काहरुको नियममा भएको व्यवस्था अनुसार बीमा गरेको देखिएन ।

पालिकाले विमा वेगर सम्झौता तथा म्याद थप गरेको समेत पाईएकोले यस्तो कार्य नियम सम्मत देखिएन । यस तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।

ठेक्कानम्वर	निर्माण व्यवसायी	सम्झौता	सम्झौता रकम रु	वास्तविक विमाम्याद	हुनुपर्ने म्याद
NCB-8/79.80	न्यू अम्बे निर्माण सेवा	२०७९।१२।१ देखि २०८०।८।३०	१०८३९७८५	नगरेको	नगरेको
NCB-32/78.79	धुलिखेल।बालारुपी जेभी	२०७९।२।१देखि २०८१।१।३०	४३२१३८९३	पेश नभएको	पेश नभएको
NCB-३-०७९।८०	बि.थ्रि विल्डर्स	२०७९।९।१७ देखि २०८०।२।३०	४१९९८८७	नगरेको	नगरेको
NCB-२-०७९।८०	गरिमा कन्स्ट्रकसन	२०७९।८।१९ देखि २०८०।२।३०	३७११११९६	नगरको	नगरेको

६० **ठेक्का अभिलेख -**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६१ **एजविल्ट नक्सा** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख रहेको छ । आयोजनाबाट भएका अधिकांस सम्झौतामा एजविल्ट पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी राख्नु पर्दछ ।

६२ **मतपुर पिपलडाँडा सडक समपुरक योजना NCB-६-०७९।८० -**

६२.१ NCB-६-०७९।८० मतपुर पिपलडाँडादेखि खबरी उपल्लोटोलसम्म बाटो पक्कीनाली सहित स्तरोन्नति कार्यका लागि रु ९९११६५८।०० को लागत अनुमान तयार गरी ब्लु हाइट कन्स्ट्रकसनसंग २०७९।१०।१९ मा रु

६२९२२६२।६९ को सम्झौता गरेकोमा रु ६०५५३०१।०० भुक्तानी गरी कार्य सम्पन्न गरेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनसार रहेका छन्ः

६२.२ **ल्याब परिक्षण -** विओक्यूमा प्रोभिजनल सममा ल्याब परिक्षणका लागि रु.२००००।०० को व्यवस्था रहेकोमा ल्याब परिक्षणको विल वेगर रु.२०००० भुक्तानी गरेको असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२०,०००

६२.३ **एजविल्ट नक्सा -** सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु.१ लाख रोक्का राख्नुपर्ने प्रावधान रहेकोमा एज विल्ट नक्सा पेश नभएकोले रोक्का राख्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,००,०००

६२.४ **समपुरक आयोजनाको बचत रकम -** प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०७८ को दफा १० मा तथा अर्थ तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको प.सं.२०७९।८० च.नं.४३९ मिति २०७९।८।१६ को परिपत्रमा प्रदेश समपुरक अनुदान आयोजनाको बचत रकमबाट पुनः खर्च गर्न नमिल्ने उल्लेख रहेकोमा मतपुर पिपलडाँडाँ देखि खबरी उपल्लो टोल बाटो पक्की नाली सहित स्तरोउन्नतिको ठेक्काबाट बचत रहेको रकमबाट पुनः सोही सडकमा सोझै खरिद गरी कोटेशन मार्फत शर्मा कन्स्ट्रकसनसंग रु.९६१५०५।०० मा सम्झौता गरी रु ९६१९१२।०० भुक्तानी गरेकोले ५० प्रतिशतले हुने रकम भौ नं २२।०८०।३।२४ बाट लेखेको खर्च रु ४८०५००।०० प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,८०,५००

६३ **ठेक्का नं. NCB-२-०७९।८०**

६३.१ NCB-२-०७९।८० वडा नं ७ आधारभुत स्वास्थ्य भवन निर्माण कार्यका लागि रु ५४९१३१७।७२ को लागत अनुमान तयार गरी गरिमा कन्स्ट्रकसनसंग २०७९।८।१९ मा रु ३८०३३८५।०० को सम्झौता गरेकोमा भेरियएन गरेर रु ३७११९६।०८ कायम गरी रु ३७४४०८५।०६ भुक्तानी गरी २०८०।२।३० मा कार्य सम्पन्न गरेको छ । निर्माण व्यसायीले उक्त कार्यको विमा समेत गरेको देखिएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्ः

भेरिएसन - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले ३.४३ प्रतिशत भेरिएसन जारी गरी शुरु सम्झौता रु.३८०३३८५।०० लाई घटाइ रु ३७११९६।०८ कायम गरेको छ । पालिकाले साईट अवस्था अनुसार प्लीन्थ हाइट बढाउनुपर्ने र ढुंगाको गारोको सट्टा ईटाको वाल लगाउनुपर्ने भएकोले भेरिएसन गर्नुपर्ने खुलाई भेरिएसन गरेको देखिन्छ । यस्ता आधारभूत कार्य यकिन नगरी सोको लागत अनुमान बनाउने र भेरिएसन गर्ने कार्य उचित भएन ।

६३.२ **बढी भुक्तानी —** पालिकाले भेरिएसन पश्चात रु ३७११९६।०८ सम्झौता कायम गरेकोमा केही आईटममा भेरिएसन परिमाण भन्दा बढी परिमाण देखाई कुल सम्झौता भन्दा बढी रु.५७८३८।०० भुक्तानी गरेकोले NCB-

२-०७९।८० का निर्माण व्यवसायी गरिमा कन्स्ट्रकसनसंग उक्त रकम असुल गर्नुपर्ने रु

आईटम	भेरिएसन परिमाण घ मी	भुक्तानी परिमाण	बढी	दर	मूअकर समेत रु.
Earthwork Filling	१००	१३५	३५	१००	३९५५
Stone soiling	१९.९१	२७.६९	७.७८	१५००	१३१८७
M15	१०७.२९	१११.८२	४.५३	७०००	३५८३२
Wall tile	१२२.१२२.	१३१.४४	८.६१	५००	४८६४
सम्भौता	कुल सम्झौता रु ३७१११९६ भन्दा बढी भुक्तानी				५७८३८

असुल गर्नुपर्ने	५७,८३८

६३.३ **एजविल्ट नक्सा -** सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु. १ लाख रोक्का राखुपर्ने प्रावधान रहेकोमा एज विल्ट नक्सा पेश नभएकोले रोक्का राखुपर्ने रु

प्रमाण पेश नगरेको	१,००,०००

६४ **पनाह पक्की पुल** -NCB-09/79.80 पनाह पक्की पुल निर्माण कार्यका लागि बि.थ्रि विल्डर्ससंग २०७९।१२।६ मा रु २४११४९२।७७ को सम्झौता गरी रु २३३८८२५।२१ भुक्तानी गरी २०८०।३।६ मा कार्य सम्पन्न गरेको छ । उक्त निर्माण कार्य २०७५।७६ मा नै उपभोक्ता समिति मार्फत सम्झौता गरी निर्माण भई रहेको अवस्थामा पुलमा सम्झौता बमोजिम परिमाण नपुगेको र गुणस्तर कायम नभएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, नेपालगन्ज सम्पर्क कार्यालयको विशेष छानविनमा परेको कार्यालयले जनाएकोमा उपभोक्ताबाट निर्माण भएको उक्त अधुरो पुलको ड्रइङ्ग, डिजाईन, जाँचपास प्रतिवेदन अनुसारको परिमाण र गुणस्तर, सोईल टेस्ट, पिलरको स्ट्रेन्थ टेस्ट समेत नगरी नयाँ ठेक्का सम्झौता मार्फत सोही अधुरो निर्मित कार्यमा निर्माण कार्य गरेको उपयुक्त नदेखिएको रु.

अनियमित भएको	२३,३८,८२५

६५ **कृषि एम्बुलेन्स -** पालिकासँगको साझेदारीमा तरकारी संकलन केन्द्र तथा कृषि एम्बुलेन्स व्यवस्थापनका लागि प्रदेशबाट रु १२ लाख विशेष अनुदान र पालिकाबाट रु ८३९०००।०० गरी रु २०३९०००।०० मा पालिकाले ठेक्का मार्फत NCB-4/Goods/79-80 बाट खरिद गरी भुक्तानी दिएको छ । पालिकाले कार्यविधि तयार नगरी कृषि एम्बुलेन्स खरिद गरेको र हालसम्म उक्त एम्बुलेन्स (TATA SFC 407/33 Single Tyre High Decl Truck) प्रयोगविहिन अवस्थामा रहेको छ । पालिकाले २०८०।८१ मा कार्यविधि पास गरेको जनाएपनि सोको प्रक्रिया अगाडि नबढेको र उक्त एम्बुलेन्स प्रयोगमा नआएकोले कार्यविधिको पालना गरी प्रयोगमा ल्याउनुपर्दछ ।

६६ **खाद्य सुरक्षाका लागि शित भण्डार निर्माण -** संघीय सरसकारको विशेष अनुदान रु २ करोड प्राप्त भएकोमा पालिकाले २ ठेक्का मार्फत रु.१०२२७४००।०० खर्च गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनसार रहेका छन्:

६६.१ संघीय सरसकारको विशेष अनुदान रु.२ करोड प्राप्त भएकोमा पालिकाले २ ठेक्का मार्फत रु.१०२२७४००।०० खर्च गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनसार रहेका छन्

डि.पि.आर तथा जग्गा छनौट - संघ विशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा २ को उपदफा ३(१) मा प्रस्ताव पेश गर्दा आयोजना।कार्यक्रमकोव सम्भाव्यता अध्ययन (Feasibility Study) कुल लागत, कार्यक्रमको डिजाईन, ड्रइङ, स्पेशिफिकेसन सहितको विस्तृत विवरण र कार्यक्रम सम्पन्नका लागि लाग्ने समय।ठाउँ बारे खुलाई पेश गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको दफा ५(२) मा अघिल्लो आ.वको बैशाख मसान्त भित्र प्रस्ताव पेश गरिसक्नुपर्ने उल्लेख रहेकोमा पालिकाले २०७९ भदौ १७ गतेको पालिकाको बैठकबाट कोल्ड स्टोर निर्माणका लागि पालिकाको वडा नं ३ मा पर्ने खैरा महिला सामुदायिक भवनको दक्षिण तर्फको खाली चौरमा जग्गा छनौट गर्ने तथा डिपिआर निर्माणका लागि परामर्श सेवा खरिद गर्ने निर्णय गरेको देखिन्छ । पालिकाले अनुदान स्वीकृत भई सकेपछि जग्गा छनौट गरेको र डि.पि.आर निर्माणका लागि परामर्श सेवा खरिद गरेको

कार्यविधि विपरित देखिएको छ ।

६६.२ **डि.पि.आर तथा ठेक्का व्यवस्थापन -** शित भण्डार निर्माणका लागि २०७९।८।२१ मा लागत अनुमान र Term of Reference, २०७९।८।२५ मा मूल्यांकन र २०७९।९।२६ मा रु ८३७७७२।०० को लागत अनुमानमा रु ७९१०००।०० को आर्थिक प्रस्तावका आधारमा माहुरी नेपाल प्रा.लिलाई सोझै खरिद विधिबाट छनौट गरी २०७९।८।२६ देखि २०८०।१०।३० सम्म कार्य सम्पन्न गर्ने सम्झौता भएको देखिन्छ । उक्त डिपिआरको कार्यसम्पन्न २०८०।३।१९ मा भएको अभिलेख देखिएको र दाखिला समेत २०८०।३।२२ मा भएको र विलमा समेत २०८०।३।१९ उल्लेख भएकोमा उक्त मितिलाई केरेर २०७९।१०।१५ बनाएको देखिन्छ जसले गर्दा डिपिआरको कार्य २०८० असारमा सम्पन्न भएको तर शित भण्डारको ठेक्का सो भन्दा अगावै व्यवस्थापन गरेको देखिएकोले यस सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन ।सम्झौता अनुसार इन्सेपसन रिपोर्ट ३ थान, ड्राफट रिपोर्ट ३ थान र अन्तिम प्रतिवेदन ३ थान पेश गर्नुपर्नेमा अन्तिम प्रतिवेदन मात्र प्राप्त भएको देखिन्छ । यसरी कार्यविधि विपरित प्रस्ताव पछि डिपिआर गरेको, तोकिएको समयमा डिपिआरको कार्य सम्पन्न नगरेको तथा ठेक्का व्यवस्थापन पश्चात डिपिआरको कार्यसम्पन्न भएको नियम अनुसार नदेखिएको रु.

अनियमित भएको	७,९०,०००

६६.३ **शित भण्डार निर्माण NCB 10/79-80 -** शित भण्डार निर्माण कार्यका लागि रु.१९२७९४७४।२५ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी सि.ब्रदर्श कन्स्ट्रकसनसंग २०८०।२।२३ मा रु.१३७३३०२२।६१ मा २०८०।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई २०८० असारसम्म रनिंग विल वापत रु.६५५७३००।०० भुक्तानी भई सोही विल अनुसार २०८०।३।१५ मा उक्त कार्य बमोजिम कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरेको देखिन्छ भने पालिकाको प्राविधिकबाट स्वीकृत नभएको २०८०।३।२० को टिप्पणीमा सम्झौताको समय पर्याप्त नभएकोले २०८० मंसिर मसान्तसम्म म्याद थप गर्न अनुरोध समेत गरिएकोमा सो उपर कारवाही भएको देखिएन । यसरी ठेक्का समयमा व्यवस्थापन नगर्ने, अधुरो निर्माण कार्यलाई नै कार्यसम्पन्न तयार गर्ने, म्याद थप समेत नगरी ठेक्काको निर्माण कार्य अलपत्र पारेको देखिएकोले यस सम्बन्धमा आवश्यक निर्णय हुनुपर्ने तथा सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई कार्य सम्पन्न गराउनुपर्दछ ।

उक्त निर्माण कार्यको विमा तथा ल्याब टेस्ट समेत गरेको देखिएन ।उक्त साईट अवलोकण गर्दा कार्य अलपत्र

परेको तथा साईटमा निर्माण व्यवसायीको उपस्थिति समेत नरहेको पाईयो ।

६६.४ **डिपिआर बाहिरको थप तटबन्ध निर्माण कार्य-** ठेक्का नं NCB 11/79-80 , संघ विशेष अनुदान सम्बन्धि कार्यविधिको दफा ८ मा जुन कार्यको लागि अनुदान दिईएको हो सोही कार्यको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले डि.पि.आरको कार्य समेत समयमा नगरी, जोखिमयुक्त क्षेत्र खोलाको छेउमा शित भण्डारको जग्गा छनौट गरेको तथा डिपिआरमा उल्लेख नभएको सुपैला खोलामा तटबन्ध निर्माणाधिन शित भण्डारका लागि उल्लेख गरि ठेक्का व्यवस्थापन गरेको कार्यविधि विपरित देखिएको छ । यस शित भण्डार निर्माणका लागि ठेक्का व्यवस्थापन भईसकेको अवस्थामा डिपिआरको लागत अनुमानमा समावेश नभएको उक्त तटबन्ध निर्माण कार्यको रु ४६६४८१०।०० को लागत अनुमानमा पालिकाले २०८०।२।२५ मा मूल्यांकन गरी निर्माण व्यवसायी रेग्मी निर्माण सेवासंग २०८०।३।७ मा रु.२९२०४८५।०० को सम्झौता गरी २०८०।३।२० मा रु २८८०१४४।०० मा कार्यसम्पन्न गरि भुक्तानी लिएको कार्यविधि विपरित खर्च गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	२८,८०,१४४

६६.५ **विमा र ल्याब टेस्ट -** तटबन्ध निर्माणका निर्माण व्यवसायी ले सार्वजनिक खरिद नियमावली २०६४ तथा सम्झौताको शर्त र विओक्यू बमोजिम निर्माण कार्यको विमा र ल्याब टेस्ट गर्नुपर्नेमा सो समेत गरेको देखिएन ।

६६.६ **एजविल्ट नक्सा -** सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु १ लाख रोक्का राख्नुपर्ने प्रावधान रहेकोमा एज विल्ट नक्सा पेश नभएकोले रोक्का राख्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,००,०००

६७ कोठरी गाउँ हुलाकी सडकदेखि उत्तरगल्ली कालोपत्रे

६७.१ NCB- 5/79-80 कोठरीगाउँ हुलाकी सडकदेखि उत्तरगल्ली कालोपत्रे सडक निर्माण कार्यका लागि रु निर्माण व्यवसायी रिखादेवी कन्स्ट्रकसनसंग २०७९।९।७ मा रु १९०९३७४।३२ मा २०८०।१।३० सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा भेरिएसन गरी परिमार्जित सम्झौता रु २२०५३९७।१४ भई रु २१८३६२०।१९ मा कार्यसम्पन्न तथा भुक्तानी भएको देखिन्छ । यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

भेरिएसन - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले १६ प्रतिशत भेरिएसन जारी गरी शुरु सम्झौता रु १९०९३७४।०० लाई बढाई रु २२०५३९७।०० कायम गरेको छ । पालिकाले साईट अवस्था अनुसार सामान्य थप काम गर्नुपर्ने उल्लेख गरी सबवेश, बेश र प्रिमिक्स कार्पेटको परिमाण मा भेरिएसन गरेको देखिन्छ । सडक निर्माणका आधारभूत आइटम यकिन नगरी सोको परिमाण र स्वीकृत गर्ने पदाधिकारी समेतलाई जिम्मेवार बनाउनुपर्दछ । ठेक्काको BOQ तयार गर्दा शुरुमै अनुमान गर्न सकिने आइटम लाई भेरियसन मार्फत समावेश गर्नु र शुरु सम्झौता भन्दा रु २७४२४६।०० खर्च गरेको नियमतसम्मत देखिएन ।

पालिकाले संघीय र प्रदेश सरकारका बजेट भएका योजनाहरुमा बजेट फिर्ता हुन नदिने गरी आईटमको परिमाण बढाई भेरिएसन गरेको समेत देखिन्छ ।

६७.२ **ट्याक कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.७ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । यसरी उक्त कार्यमा विटुमीन प्रयोगको गुणस्तर परिक्षण समेत नगरेकोले सोही परिमाणको स्प्रे रेट अनुसार विटुमीन खपत भएको आधारसमेत नदेखिएकोले पालिकाले १४३०.२० वर्ग मीटरका लागि बढीमा ०.६ प्रति लिटरका दरले ट्याक कोटको लागत अनुमान र मूल्यांकन गरी ८५८.१२ लिटरको भुक्तानी दिनुपर्नेमा प्रति वर्ग मीटर १ लिटरका दरले स्प्रे दर राखी १४३०.२० लिटरको भुक्तानी गरी प्रति लिटर रु.१८० का दरले ५७२.८० लिटरको रु.११६३६१।०० मूअकर समेत असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,१६,३६१

६७.३ **एजविल्ट नक्सा -** सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु.१ लाख रोक्का राख्नुपर्ने प्रावधान रहेकोमा एज विल्ट नक्सा पेश नभएकोले रोक्का राख्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,००,०००

६८ गोबरडिहा उत्तर चौक देखि पश्चिम सल्यान टोल जाने बाटो

६८.१ NCB- 11/79-80 गोबरडिहा उत्तर चौक देखि पश्चिम सल्यान टोल जाने बाटो निर्माण कार्यका लागि रु निर्माण व्यवसायी के टि एम निर्माण सेवासंग २०८०।१।२७ मा रु.११०३७४४।७९ मा २०८०।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा भेरिएसन गरी परिमार्जित सम्झौता रु १२५०८४६।७० भई रु १२१६३०६।९७ मा कार्यसम्पन्न तथा भुक्तानी भएको देखिन्छ । यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्ः

भेरिएसन - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले १६ प्रतिशत भेरिएसन जारी गरी शुरु सम्झौता रु ११०३७४४।७९ लाई बढाई रु १२१६३०६।९७ कायम गरेको छ । नाला निर्माणको लागि चाहिने आधारभूत आइटम सरियाको परिमाण यकिन नगरी यस्ता पूर्वानुमान गर्न सकिने आईटमका लागि भेरिएसन जारी गर्ने र स्वीकृत गर्ने पदाधिकारी समेतलाई जिम्मेवार बनाउनुपर्दछ । ठेक्काको BOQ तयार गर्दा शुरुमै अनुमान गर्न सकिने आइटम लाई भेरियसन मार्फत समावेश गर्नु र शुरु सम्झौता भन्दा रु.११२५६२।१८ थप खर्च भएको देखिन्छ ।

६८.२ **एजविल्ट नक्सा -** सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायी रिखादेवी कन्स्ट्रकसनले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु.१ लाख रोक्का राख्नुपर्ने प्रावधान रहेकोमा एज विल्ट नक्सा पेश नभएकोले रोक्का राख्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

६९ **कागजात वेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजातहरु स्वीकृत गरी तथा नियम १२४ बमोजिम करारको शर्त अनुसार विल विजक वा अन्तिम भुक्तानी गर्नुपर्ने उल्लेख छ ।पालिकाबाट देहाय अनुसारका भुक्तानीमा भुक्तानी गर्दा गोश्वारा भौचरका देहाय अनसार २०७८।७९ को अधुरो ठेक्काको कार्यसम्पन्न भुक्तानी गर्दा कागजात संलग्न वेगर भुक्तानीको पुष्ट्याई समेत नगरी देहाय अनुसारको व्यहोरा खुलाई भुक्तानी गरेको देखिएकोमा कागजात वेगर नियम विपरित गरेको उक्त भुक्तानी नियम सम्मत नदेखिएको रु.

भौ नं	**ठेक्कानम्वर**	**निर्माण व्यवसायी**	**व्यहोरा**	**सम्झौता रकम रु**	**भुक्तानी रु**
४४।०७९।९।३	NCB-28/78.79	श्री कृष्ण बिल्डर्स	कार्यालय परिसरमा ग्यारेज निर्माण कार्यको पहिलो तथा अन्तिम बिल प्राप्त भएकोमा खरिद नियमावली, २०६४ को नियम १५० मा खरिद सम्झौताको म्याद थप सार्वजनिक निकायको प्रमुखबाटै हुनुपर्नेमा सो अनुसार नभै आफू मुनिको कर्मचारीबाट सिफारिस मात्र भएको देखिई म्याद थप स्वीकृत भएको नदेखिएको र ठेक्काको म्याद थप स्वीकृत हुने समयमै कार्यसम्पादन जमानतको म्याद थप नभई भुक्तानी लिने समय अर्थात् मिति २०७९ मंसिर १९ गतेको सिभिल बैंक लि.को बैंकजमानी पत्र पेश भएकोले म्याद थपको सिफारिसकर्ता र कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताव स्वीकृतकर्तामा जिम्मेवारी र जवाफदेहिता रहनेगरी नियमानुसार बिल रकममा नियमानुसार ३० प्रतिशत मु.अ.कर तथा अन्य कट्टी गर्नुपर्ने रकम कट्टी गरी श्री कृष्ण बिल्डर्सलाई भुक्तानी ।	११४३७०४	१०८४७००
४७।०७९।९।७	**NCB-22/78.79**	उज्जवल निर्माण सेवा	२ नं. वडा अन्तर्गत नमुना प्रा.वि. महादेवा भौतिक पुर्वाधार निर्माण कार्यको पहिलो तथा अन्तिम बिल प्राप्त भएकोमा खरिद नियमावली २०६४ को नियम १५० मा म्याद थप गर्ने अधिकार कार्यालय प्रमुखमा मात्र सीमित रहेको तथा सो ठेक्काको म्याद मिति २०७८।१२।२८ सम्म रहेकोमा नियमावलीको नियम १२० को प्रावधान अनुकुलका कागजात नरहेको आधारमा तयार भै पेश भएका ठेक्का बिल कार्यसम्पन्न प्रतिवेदन र नापी किताव स्वीकृत भएको प्राप्त भएकोले सो को जवाफदेहिता र उत्तरदायित्व सम्बन्धित जिम्मेवार कर्मचारीमा रहने गरी नियमानुसार ३० प्रतिशत मु.अ.कर तथा अन्य कट्टी गर्नुपर्ने रकम कट्टी गरी उज्जवल निर्माण सेवालाई भुक्तानी।	२०१६०४१	२०१५३००
					३१०००००

अनियमित भएको	३१,००,०००

७० **उपभोक्ता समिति मार्फत कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्दावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा १८५ योजनाहरुमा यो वर्ष जम्मा रु.७ करोड ३३ लाख भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

(क) भुक्तानीको सिफारिस - उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

(ख) जनसहभागिता - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा

उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

(ग) कामको नापजाच - कतिपय योजनाको नापी किताबमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

(घ) समिति सदस्यता - बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(ङ) अनुगमन समिति - उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(च) म्यादथप - पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

(छ) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण तथा मर्मत जस्ता योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

(ज) सार्वजनिक परिक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

७१ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यमा निर्माण व्यवसायीको विल संलग्न रहेको देखिएकोले उपभोक्ता समिति आफैले निर्माण कार्य गरेको देखिदैन ।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७२ **बढी दरमा भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाबाट २०७८।७९ को पिपलडाँडा ह्यूम पाइप तथा पक्की नाली निर्माण योजनाका उपभोक्ता समितिसंग रु १०३५९०३।०० को सम्झौता गरी कार्यसम्पन्न गरेकोमा भौ नं १५।०७९।६।१३ बाट ९० से मी ह्युम पाईप NP3 को दररेट २०७८।७९ मा मूअकर समेत रु १२९९५।०० प्रति रनिंङ मीटर रहेकोमा रु.१४६८५।३५ राखेकोले प्रति रनिंग मीटर रु.१६९०।३५ बढी दररेट राखेको पाईयो । ह्युम पाईपको ढुवानी समेतको दर छुटै राखि भुक्तानी गरेकोमा गलत दर राखि २० रनिंग मीटरको रु.१६९०।३५ का दरले रु.३३८०७।०० बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३३,८०७

७३ **नक्सा पास नभएको -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस पालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । पालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन ।यससम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको देखिन्छ । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी पालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ ।

सि नं	निर्माण कार्य	सम्झौता मिति	सम्झौता रकम

१	आधारभूत स्वास्थ्य ईकाई भवन गढवा ७	२०७९।०८।१९	३८,०३,४४७
२	शित भण्डार निर्माण गढवा ४	२०८०।०२।२३	१,३७,३३,०२२

७४ **उपभोक्ता समितिको वील भरपाईहरु -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा उपभोक्ता समिती मार्फत संचालित देहायको निर्माणको प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी।बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा एकिन गर्नुपर्दछ ।

नमुना छनोटको आधारमा देहायका उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु.अ. कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।यसरी मूल्याङ्कन भएका केही उदाहरणहरु देहाय अनुसार छन्:

गो भो	उसको नाम	निर्माण सामाग्री	मूल्यांकन परिमाण	खरिद विल अनुसारपरिमाण	दर विश्लेषण भ्याट समेत	मूल्यांकन अनुसार को भुक्तानी	औषत खरिद दर भ्याटसमेत	विल अनुसार
१२।७९।१०।१७	गढवा बहुमुखी क्याम्पस भौतिक निर्माण	सिमेन्ट	८६४	१५५८	६७८	५८५७९२	३५०	५४५३००
२२।०८०।१।९	श्री आदर्श रात्री आधारभुत विद्यालयको २ कोठे	सिमेन्ट	५९७	८००	६७८	४०४७६६	४४३	३५४४००
३१।०८०।३।५	बाल कल्याण आ वि भौतिक निर्माण	सिमेन्ट	९१७	१३००	६७८	६२१७२६	५०७	६५९५८१

७५ **ईटाको परिमाण -** उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले उपभोक्ता मार्फत हुने निर्माण कार्यमा ब्रिक मेशिनरीको कार्यमा प्रति घन मीटर ५६० ईटा प्रयोग हुने दर विश्लेषण गरी रु मूअकर समेत रु १५.३७ प्रति ईटा दररेट राखेकोमा सोही अनुसार हुने परिमाण अनुसारको ईटाको प्रयोग हुनुपर्नेमा सो भन्दा भन्दा

न्यून परिमाणमा ईटाको खरिद गरेको बिल पेश तथा सार्वजनिक समेत गरेको अवस्थामा समेत बढी ईटा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

भौ नं मिति	योजना उपभोक्ता समिति	परिमाण	नापी अनुसार हुनुपर्ने विल	भएको विल	फरक	रकम
१०।०७९।९।२८ संघ	धैरेनी रतनपुर खानेपानी आयोजना, गढवा ३, दाङ	७.१२	३९८७	३३००	६८७	१०५६१
२।०८०।१।६ स्वास्थ्य	स्वास्थ्य चौकी गढवामा इमर्जेन्सी अस्थायी संरचना निर्माण	२०.९	११७०४	८०००	३७०४	५६९२३
२०।०८।३।२२ शिक्षा	जनता मा वि विद्यालय कालाकाटे भौतिक पूर्वाधार	२६.९५	१५०९२	१२०००	३०९२	४७५१८
३।०७९।११।२८ महिला बालबालिका	सत्यबचन महिला समाज अधुरो भवन निर्माण	९.३८	५२५३	५०००	२५३	३८८५
८६।२०७९।१०।०९	बालाकुटी सामुदायिक भवन निरन्तरता उ.स.		९५४८	८०००	१५४८	२३७९३
९३।२०७९।१०।१८	चैनपुर विद्यालयको हलकोठा निर्माण उ.स.		११९६१	१००००	१९६१	३०१४१
१२७।२०७९।११।०८	टुषा कृषि सहकारी संस्थाको अधुरो भवन निर्माण उ.स.		९०४४	७२००	१८४४	२८३४२
२८५।२०८०।२।१४	क्यान्टिन निर्माण उ.स.		७१४०	६०००	११४०	१७५२२
३१३।२०८०।२।२६	बनईघुस्रि महिला भवन पर्खाल उ.स.		१३९६०	१२०००	१९६०	३०१२५
३३१।२०८०।२।३०	जेठानगाउँ महिला भवन निर्माण उ.स.		९४७०	९०००	४७०	७२२४
						२५६०३४
					असुल गर्नुपर्ने	२,५६,०३४

७६ **जियोटेक्सटाईल** - उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । तटबन्ध तथा संरक्षण कार्यका लागि प्रयोग हुने जियोटेक्सटाईलको विभिन्न गुणस्तरका हुने र जिल्लादररेटमा समेत GSM अनुसार जियोटेक्सटाईलको दर तोकिएको छ । पालिकाले लागत अनुमान तयार गर्दा जियोटेक्सटाईल रु १२५।०० का दरले राखी सोही अनुसार मूल्यांकन गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिबाट घटी जिएसमका र न्यून दरका जियोटेक्सटाईल खरिद गरेको देखिएकोले लागत अनुमान भन्दा घटी दररेटमा खरिद भएका जियोटेक्सटाईलको भुक्तानी असुल

गर्नुपर्ने रु.

भौ नं		कार्यसम्पन्न	मूल्यांकन दर	विल दर	फरक	भ्याट समेत	परिमाण व मी	बढी
८।०७९।१२।२० प्रदेश	माधवपुर सुपैला खोला तटबन्ध गढवा गापा	११०२५१३	१२५	८५	४०	४५.२	१७१	७७२९
४।०७९।१२।२० प्रदेश	कोठरीगाउँ हुलाकी सडकदेखि उत्तरगल्ली कालोपत्रे गढवा गापा २	११०४७७२	१२५	८०	४५	५०.८५	१६०	८१३६
१३।०८०।२।१८प्रदेश	गोबरडिहा जरनहिया खेत संरक्षण चेकड्याम निर्माण गढवा गापा ३	४९८३१६	१२५	८०	४५	५०.८५	१६२	८२३८
२४।०८०।३।२४प्रदेश	दङ्गाली छाप कुलोको मुहान क्षेत्रको तटबन्ध	४५०६४७६	१२५	७३	५२	५८.६२४	८३१	४८७१७
								७२८२०
						असुल गर्नुपर्ने		७२,८२०

७७ **ईन्टरलकिङ कन्क्रिट ब्लक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गढवा बहुमुखी क्याम्पस परिसर भित्र ६० मि मि मोटो हेभी ड्युटी इन्टरलकिंग कन्क्रिट ब्लक ५० मि.मि मोटाईको क्रसर डस्ट माथि राखि बिछ्याउने कार्यका लागि उक्त ब्लकको प्रति वर्ग मिटर मूअकर समेत रु.१५७२।९६ दररेट राखी बिछ्याउने कार्य समेत रु.२५०६।१९ दररेट विश्लेषण गरी ६१३.८१ वर्ग मिटरको रु १५३८३२४।०० भुक्तानी गरेको छ ।सोही ईन्टरलकिंङ सादा ब्लकको जिल्ला दररेट प्रति वर्ग मीटरको मूअकरसमेत रु. १२७४।६४ र रंगिन ब्लकको मूअकर समेत रु.१३४१।३१ गरी क्रमशः रु.२१७८।०४ र रु २२५१।३७ मात्र हुने देखिन्छ । साथै उक्त निर्माण कार्यको फोटो अनुसार कुल परिमाण ६१३.८१ वर्ग मीटरको औषतमा सादा ब्लक ७५ प्रतिशत (४६०.३५ वर्ग मीटर) र रंगिन ब्लक २५ प्रतिशत (१५३.५४ वर्ग मीटर) प्रयोग भएको मात्र देखिन्छ । यसरी देहाय अनुसार दर विश्लेषण गरी बढी भुक्तानी भएको रु. १९०१६७।०० असुल हुनुपर्ने रु

	६० मि मि मोटो हेभी ड्युटी इन्टरलकिंग कन्क्रिट ब्लक ५० मि.मि मोटाईको	परिमाण व मी	दर रु	रकम	रकम
भुक्तानी भएको (क)		६१३.८१	२५०६.१९	-	१५३८३२४
हुनुपर्ने १	सादा	४६०.३५	२१७८.०४	१००२६७७	
हुनुपर्ने २	रंगिन	१५३.५६	२२५१.३८	३४५४७९	
हुनुपर्ने कुल वास्तविक भुक्तानी (ख=१+२)		६१३.८१			१३४८१५६

बढी भुक्तानी (क-ख)					१९०१६७
				असुल गर्नुपर्ने	१,९०,१६७

७८ **सिमेन्ट घटी परिमाण -** उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराखे र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको बिल पेश तथा सार्वजनिक गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

भौ मिति	उपभोक्ता समिति	नापी अनुसार हुनु पर्ने सिमेन्ट परिमाण	विल पेश	घटी	दर मूअकर समेत	रकम रु.
	घुस्रा पक्की नाली निर्माण वडा नं. २	२३३	२००	३३	६७८	२२३७४
३५७।०८०।३।१७	करबलुवा टोल पक्की नाली निर्माण वडा नं. १	४३१	३९८	३३	६७८	२२३७४
३७८	मदरशा प्राथमिक विद्यालय भवन निर्माण वडा नं. ८	३१५	२२०	९५	६७८	६४४१०
९।०७९।१२।२० प्रदेश	गोबरडिहा बाघनाथ टोल बाटो निर्माण गढवा गापा ३	४५६	४२५	३१	६७८	२१०१८
						१३०१७६
					असुल गर्नुपर्ने	१,३०,१७६

७९ **दर विश्लेषण नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाबाट उपभोक्ता समितिसंग देहाय अनुसारका निर्माण कार्यमा निम्न आईटमहरुको दररेट विश्लेषण वेगर लमसममा दर राखी सोही अनुसार पूरै१ भुक्तानी दिएको नियम अनुसार देखिएन । केही उदाहरणहरु:

भौ नं.	उपभोक्त समिति	आईटम	ल.ई रकम	भुक्तानी रकम रु.
२०।०८०।३।२२	मा वि कालाकाटे भवन अगाडि शौचालय	सेनिटर र विद्युतीकरण कार्य	१०००००	१०००००

८० **घटी जियोटेक्सटाईल -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । देहायको उपभोक्ता समितिको निर्माण कार्यमा उपभोक्ताले घटी परिमाणमा जियोटेक्सटाईल खरिद गरेकोमा सो भन्दा बढी परिमाणमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

भौ	उपभोक्ता समिति	नापी अनुसार हुनुपर्ने वर्ग मीटर	भएको विल अनुसार	घटी	मूअकर सहित दर	रकम
२४।०८०।३।२४ प्रदेश	दङ्गाली छाप कुलोको मुहान क्षेत्रको तटबन्ध	११२५	८३१	२९४	१४१.३	४१५२८
					असुल गर्नुपर्ने	४१,५२८

८१ **योजनाको रोयल्टी कट्टी** - पालिकाले उपभोक्ता समितिसंग भएका योजना सम्झौताहरुमा कार्यसम्पन्न भई भुक्तानी गर्दा ढुंगा प्रयोगको परिमाण अनुसारको विल वा रोयल्टी तिरेको प्रमाण पेश नभए प्राविधिकको सिफारिसमा सो परिमाणको रोयल्टी कट्टी गर्ने गरेकोमा नमुना छनौटका आधारमा परिक्षण गर्दा देहाय अनुसारका उपभोक्ता समितिका कार्यको भुक्तानीमा ढुंगाको विल वा रोयल्टी तिरेको प्रमाण नभएकोले प्राविधिको सिफारिस अनुसार ढुंगाको रोयल्टी कट्टी गर्न छुट भएको रकम असुल हुनुपर्ने रु.

भौ नं	उपभोक्ता समिति	ढुंगा घ मी	दर	हुनुपर्ने कट्टी	भएको कट्टी	रकम रु.
३६४।०८०।३।८	वडाभित्रकाखाल्डाखुल्डी पुर्ने कार्य	४५५.०५	३१९.२९	१४५२९२	१२८५८०	१६७१३
३६६।०८०।३।८	सिंचाइ कुलो निर्माणसालभौरी नाका वडा नं. २	११२.७८	३१९.२९	३६००९	३१८३८	४१७२
३६७।०८०।३।१०	पुरानो गल्ली जानेबाटोमा पक्की नाली निर्माण उ.स.	४३.५	३१९.२९	१३८८९	११५८५	२३०४
४८२।०८०।३।२१	कोइलाबास पर्यटकियसुन्दरिकरण	४३.८८	३१९.२९	१४०१०	११५५०	२४६०
	जम्मा					२५६४९
					असुल गर्नुपर्ने	२५,६४९

८२ **उपभोक्ताबाट कार्यालय तथा विद्यालय भवन निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने रहेकोमा पालिकाको देहाय अनुसारको वडा कार्यालय निर्माणको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको देखिएकोले पालिकाले खरिद विधि छनौट गर्दा नियमावलीको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

सि न	उपभोक्ता समिति	सम्झौता रकम	भुक्तानी रु.
१	महेन्द्र आधारभुत विद्यालय भवन निर्माण	१११५०३८	९६७४२१
२	रतनपुरको अधुरो महिला भवन निरन्तरता	६००४	५९३६१६

३	धैरेनी रतनपुर खानेपानी आयोजना अधुरो भवन	१११६६३५	९७२८८५
४	टुषा कृषि सहकारी संस्थाको अधुरो भवन निर्माण	५६०५३५	४९२८४२
५	मनिकापुर खोपकेन्द्र भवन तथा पर्खाल निर्माण	११३८२२२	९८५८११
६	मदरशा प्राथमिक विद्यालय भवन निर्माण	११२९२९८	९८९६६१
७	गोवरडिहा आयुर्वेद औषधालय भवन निर्माण	७१४९८९६	५६९२९२

८३ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु.

भौ.नं.	उपभोक्ता समिति	सम्झौता रु.	कार्यसम्पन्न रु.	निर्माण व्यवसयी	बिल रकम रु.
१८।०८०।७।२२	कक्रहवा खोला र गुरुङ्गखोला विपद व्यवस्थापन उ.स.	४५००००	४४०३५७	सतगैया निर्माण सेवा	५१००००
४९।०७९।११।२८	पर्सिया सिचाई कुलो मर्मत उ.स.	३६००००	३५८७३५	सोनपुर कन्स्ट्रक्सन प्रा.लि	३३००१७
११८।०७९।१०।२९	कोइलावास खबरनीका बाटो मर्मत उ.स.	३००००००	२९९०९८	यादव बिल्डर्स प्रा.लि.	२९८३२०
१३१।०७९।११।११	सिक्रहवा खोलामा नयाँ ट्र्याक विस्तार उ.स.	११०४००८	११०५८४८	यादव बिल्डर्स प्रा.लि.	३४४०८५
				सतगैया निर्माण सेवा	७१३५९५
					२१९६०१७
				अनियमित भएको	२१,९६,०१७

८४ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक,सिचाई लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

८५ **अमानत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सरसफाई र सानातिना नियमित मर्मत जस्ता कार्य अमानतबाट गराउन सकिने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा अमानतबाट काम गर्न एक तह माथि अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यस्था छ । पालिकाले देहाय अनुसारका कार्यको भुक्तानी प्राविधिक, वडा सचिव तथा अन्य कर्मचारी र व्यक्तिलाई भुक्तानी दिएकोमा पूर्व स्वीकृति लिएको देखिएन । नियमावलीको व्यवस्था बमोजिम मात्र कार्यालयले व्यक्ति वा कर्मचारी मार्फत कार्य गराई भुक्तानी दिनुपर्दछ । केही उदाहरण :

भौ। मिति	विवरण	भुक्तानी लिने	रकम रु.
६।०८०।३।१५	गोबर्डिहा स्वास्थ्य चौकीमा प्लासेन्ट पिट मर्मत	खुमानन्द भट्टराई	९३९४०
४०८।०८०।३।१९	झोलुङगे पुल मर्मत सम्भार तथा पर्यटकीय पूर्वाधार निर्माण	आशिष चौधरी	९९०३०

८६ **नन् फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम बिक्रेताले संकलन गरेको मू.अ.कर पछिल्लो महिनाको २५ गते सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न ठेक्काको निर्माण कार्यबापत निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा प्यान सर्च गर्दा उक्त निर्माण व्यवसायि ननफाईलर देखिएकोले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

गो भौ नं मिति	निर्माण व्यवसायी	प्यान नं	विजक नं/ मिति	ननफाइलर मिति (देखी)	विल रकम	मूअकर	७० प्रतिशत मूअकर
७।०८०।२।९	सृष्टि सम्झना निर्माण सेवा	६१९४९४२४७	०२।०८०।२।१	Non-filer since 2080/T/1	९३६७१२	१०७७६३	७५४३४
११।०८०।३।२४	सुरेश के.सि.निर्माण सेवा	१०२०३४२८०	०४।०८०।२।२४	Non-filer since 2080/T/1	५४०७८९	६२२१४	४३५५०
१७।०८०।३।२०	ब्लु ह्वाईट्स कन्स्ट्रकसन	६१००४२१७३	१२।०८०।३।८	Non-filer since 2080/T/1	२७१८९५८	३१२८००	२१८९६०
८३।२०८०।३।८	आश्रेया डेभलपर्स प्रा लि सिक्रहवा खोला ट्र्याक विस्तार निर्माण	६०६६९४६५६	१०।०८०।२।२५	2079।M।12	७८३०१३	४९२४४	३४४७०
२१४।०७९।१२।२९	यादवनिर्माण	३००१२७१३१	१६।२०७९।१२।	२०७९।M।१०	६७२७८५	८७४६२	६१२२३

	सेवा(विद्युतिय तारपोल शिफ्टिङ्ग सम्बन्धी कार्य)		२३				
२७०।२०८०।२।८	सु शंकर निर्माण सेवा(गढवा गाउँपालिकाको नवनिर्मित सभाहलको संचालन)	६१४२०१७४५	६।२०८०।२।१	2080।T।1	८२९९२२	१०७८८९	७५५२२
			जम्मा				५०९१५९
						प्रमाण पेश नगरेको	५,०९,१५९

८७ **रित पूर्वकको कर बिजक -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्ध करमा दर्ता भएको व्यक्ति/फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक उपलब्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार निर्माण व्यवसायीहरुलाई बिल वापत मू अ कर भुक्तानी गरेकोमा मू.अ.कर बिलमा बिजक नम्बर केरमेट गरी पेश गरेकोले सो बिजकबाट भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने रु.

गो भौ नं मिति	ठेक्का नं	निर्माण व्यवसायी	प्यान नं	विजक नं/ मिति	ननफाइलर मिति (देखी)	विल रकम	मूअकर	७० प्रतिशत मूअकर
५६।०७९।९।२१		खड्का निर्माण सेवा	३०५६२९०७६	०१।०७९।९।१९	विल नम्बर हातले लेखेको	९४०३५०	१०८१८१	७५७२७
३५७।०८०।३।१७	करबलुवा टोल पक्की नाली निर्माण वडा नं. १	सि ट्रेड सेन्टर	६१५९०१२४४	३२।०८०।१।८	विल नम्बर हातले लेखेको	६९४०४	७९८४	७९८४
३५७।०८०।३।१७	करबलुवा टोल पक्की नाली निर्माण वडा नं. १	सि ट्रेड सेन्टर	६१५९०१२४४	३२।०८०।१।८	विल नम्बर हातले लेखेको	२२८८९	२६३२	२६३२
								८६३४३
							प्रमाण पेश नगरेको	८६,३४३

८८ ढुंगा गिट्टी तर्फ

८८.१ ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट

उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २कमा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २ख बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४क बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४ख बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसै गरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वय सम्बन्ध परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार प्रभावकारी रुपमा कार्य गरेको पाईएन । यसरी तोकिएको कानुन तथा कार्यविधि अनुसार कार्य नगरेकोले यस सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन । यससम्बन्धमा पालिकाले जिम्मेवार भई कार्य गर्नुपर्दछ । पालिकाले नदीजन्य पदार्थ विक्रि तथा उत्खन्न सम्बन्धि कानुनहरुको पालना गरी व्यवस्थित रुपमा ठेक्का व्यवस्थापन गरी तथा प्रभावकारी अनुगमन गरी आन्तरिक आय बढाउनु पर्दछ ।

(क)ढुंगा गिट्टी तर्फको समष्टिगत राजश्व विवरण - पालिकाबाट यस वर्ष ढुंगा गिट्टी तर्फ : पालिकाको क्षेत्रमा पर्ने विभिन्न खोलाको IEE प्रतिवेदन प्रतिवेदन अनुसार विभिन्न क्षेत्रमा घाट तोकी उक्त क्षेत्र वाट यसवर्ष जम्मा २४४५८८ घ.मि. ढुंगा गिट्टी उत्खनन् गर्न सकिने उल्लेख गरेकोमा देहाय अनुसार ठेक्का सम्झौताबाट, अमानतबाट र स्टक जफत तथा जरिवानाबाट निम्नानुसार राजश्व संकलन भई विभाज्य कोष तथा आन्तरिक राजश्व खातामा दाखिला भएको विवरण प्राप्त भएको छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् :

सि नं	समष्टिगत विवरण	रकम रु.
१	ठेक्का आय मार्फत	१८२३४२५७
२	जरिवाना मार्फत	९१९४१७
३	अमानतबाट	३३६३६१०
४	स्टक जफत	१७५८९७५
	जम्मा	२,४२,७६,२५९

(ख) विभाज्य कोष खातामा दाखिला राजस्व -

नदीजन्य पदार्थ उत्खन्न गरी ढुंगा गिट्टी तर्फको राजस्व पालिकाले विभाज्य कोष खातामा दाखिला गर्नुपर्दछ । पालिकाले २०७९।८० मा विभाज्य कोष खातामा देहाय अनुसार ढुंगा गिट्टी तर्फको राजस्व दाखिला गरेको विवरण पेश भएको छ ।

सि नं	व्यवसायी/अमानत	रकम रु.	कैफियत
१	वर्षा कन्स्ट्रकसन एण्ड सप्लायर्स गढवा १	८१२७०००	ठेक्का
२	के वि कन्स्ट्रकसन सप्लायर्स मल्लरानी	८९४५००	ठेक्का रकमको ५० प्रतिशत
३	आश्रेय डेभलपर्स काठमाडौं	२५००००७	ठेक्का

४	श्रीकृष्ण बिल्डस गढवा ५ दाङ	१५५५०००	ठेक्का २०८०।८१ मा जरिवाना समेत असुल भएको
५	सगरमाथाकार्पोरेशन घोराही १५ दाङ	५१५७७५०	ठेक्का
६	आश्रेय डेभलपर्स काठमाडौं	९१९४१७	बढी उत्खन्न गरेको जरिवाना
७	स्टक जफतबाट प्राप्त	९३४२०	रु १८०८० र रु ७५३४०
८	अमानतबाट संकलन	१०२७९२०	
	जम्मा	२,०२,७५,०१४	

(ग) आन्तरिक राजश्व कोष खातामा दाखिला - नदीजन्य पदार्थ उत्खन्न गरी ढुंगा गिट्टी तर्फको राजस्व पालिकाले विभाज्य कोष खातामा दाखिला गर्नुपर्नेमा पालिकाले पालिकाले २०७९।८० मा विभाज्य कोष खातामा देहाय अनुसार ढुंगा गिट्टी तर्फको राजस्व दाखिला गरेको विवरण पेश भएको छ ।

सि नं	विवरण	रकम रु
१	वडागत रुपमा अमानतबाट उठाएको	२३३५६९०
२	स्टकबाट प्राप्त	१६६५५५५
	जम्मा	४००१२४५

८८.२ **ढुंगा गिट्टी तर्फ ठेक्का व्यवस्थापन -** गाँउपालिकाको क्षेत्रमा पर्ने विभिन्न खोलाको IEE प्रतिवेदन प्रतिवेदन अनुसार विभिन्न क्षेत्रमा घाट तोकी उक्त क्षेत्र वाट यसवर्ष जम्मा २४४५८८ घ.मि. ढुंगा गिट्टी उत्खनन् गर्न सकिने उल्लेख गरेको विवरण पेश गरेकोमा पालिकाबाट नदिजन्य पदार्थ विक्रिवितरणका लागि विभिन्न १५ वटा घाटका लागि प्रथम र दोस्रो पटक सूचना आह्वान गर्दा कुनैपनि वोलपत्र पेश नभएको र तेस्रो पटक सूचना आह्वान गर्दा ६ वटा घाटको लागी विभिन्न फर्मबाट प्रस्ताव पेश भई स्वीकृत भएका निम्नानुसार निर्माण व्यवसायी र कवोल रकम सम्बन्धि विवरण पेश भएको छ ।

सि.	नदी तथा घाट	IEE अनुसार उत्खनन गर्न सकिने परिमाण	ठेकेदारफर्म।अमानत	न्यूनतम बोलपत्र रकम मूअकरबाहेक	कबोल अंक मूअकरबाहेक	मूअकर दाखिला	उत्खनन परिमाण
१	रङसिङरापि नदी मलमला घाट	२७०००	बर्षाकन्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.गढवा १ दाङ	७६२८०४०	८१२७०००	१०५६५१०	२७२५३
२	राप्ति नदी खडगपुर घाटक्षेत्र ख	६२७७	के.वि.कन्ट्रक्शन मल्लरानी ३ प्यूठान	१७७३३७८	१७८८९४५	२३२५६२	३६९५.६३
३	राप्तिनदी झारबैरा घाट क्षेत्र १	८१६०	आश्रेयाडेभलपर्स कोटेश्वर काठमाण्डौ	२३०५३६३	२५००००७	३२५०००	११९६१

४	रासिनदी धर्मपुर घाट क्षेत्र ३	४९७६	श्रीकृष्ण विल्डस गढवा ५ दाङ	१४०५८१८	१५५५०००	२०२१५०	६६८७.७८०
५	रासि नदी वडा नं ४नं.घ रतनपुर	१७४४२	सगरमाथाकार्पोरेशन घोराही १५ दाङ	४९२७७१३	५१५७७५०	६७०५०७	२८०५१.७५
६	रासि नदी खैरा बाट खडकपुर क्षेत्र क	१०१०८	ठेक्का नपरेको	२८५५७१२	०	०	०
७	रासि नदी धर्मपुर क्षेत्र १	११७९९	ठेक्का नपरेको	३३३३४५३	०	०	०
८	रासिनदी धर्मपुर घाट क्षेत्र २	९७९८	ठेक्का नपरेको	२७६८१३०	०	०	०
९	रासिनदी धर्मपुर घाट क्षेत्र ४	६५२८	भवानी निर्माण सेवा	१८४४२९०	१९९४९५६	सम्झौता नगरेको	धरौटी जफत रु १११०००
१०	रासि नदी झारबैरा क्षेत्र द्द	४५००	ठेक्का नपरेको	१२७१३४०	०	०	०
११	रङसिङखोला चिसापानी झरौनी खोला पूर्व देखि जुरौनी पुल माथि सम्मको खण्ड	३००००	ठेक्का नपरेको	८४७५६००	०	०	
१२	रासि नदी मलमला घाट देखि बनघुस्री घाट सम्म	२७०००	ठेक्का नपरेको	७६२८०४०	०	०	०
१३	रासि नदी माथिल्लोबद्दहरा देखि तल्लो बद्दहरा सम्म	२७०००	ठेक्का नपरेको	७६२८०४०	०	०	०
१४	पत्रिङगा घाट देखिजेठन गाउँ सम्म	२७०००	ठेक्का नपरेको	७६२८०४०	०	०	०
१५	पचहिया देखि महदेवापुल माथि सम्म	२७०००	ठेक्का नपरेको	७६२८०४०	०	०	०
		२४४५८८		४७८८७१४०	१९१२८७०२	१२५८६६०	३८४१४

उपरोक्त विवरण अनुसार ६ वटा ठेक्का कबोल भएकोमा सो मध्ये रासि नदी धर्मपुर घाट क्षेत्र ४ का कबोलकर्ता भवानी निर्माण सेवा सम्झौता गर्न नआएकोले जमापत वापत राखेको रकम रु ११००००।०० प्रशासनिक दण्ड जरिवाना वापत पालिकाको आन्तरिक राजश्व खाताको राजश्व शीर्षक नं १४३१२ मा दाखिला गरेको जनाएको छ

८८.३ **दाखिला गर्न बाँकी रकम (खडकपुर घाट क्षेत्र नं २, ठेक्का नं ३।७९-८०, के.वि कन्स्ट्रकसन)** - रासी नदीको खडकपुर क्षेत्र २ घाटका लागि ठेकेदार कम्पनी के.वि कन्स्ट्रकसन, प्यूठानले कबोल रकम मूअकर बाहेक रु १७८८९४५।०० मध्ये रु.८९४४४५।०० मात्र बुझाएकोमा रु.८९४४४५।०० दाखिला गर्न बाँकी रहेको देखिन्छ । उक्त रकममा १० प्रतिशतले हुने जरिवाना रु.८९४४४।५० गरी रु ९८३८८९।५० तथा सोको मूल्य अभिवृद्धि कर रु.१२७९०५।६३ र आय कर रु.१४७५८।३४ गरी कुल जम्मा रु.११२६५५३।०० दाखिला गर्न बाँकी रहेकोमा पालिकाले २०८०।७।१३ मा बैंक जमानत जफत गरी रु.८९५०००।०० दाखिला गरेकोले बाँकी रु.२३१५५३।०० ठेकेदारसंग असुल गरी सम्बन्धित खाता तथा राजश्व शीर्षकमा

दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,३१,५५३

८८.४ **ठेक्काको मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । तर आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट मूल्य अभिवृद्धि कर रकम असुल गरि कार्यालयले स्थानिय तहकै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नु पर्ने मुल्य अभिबृद्धि कर निर्माण व्यवसायीले आफ्नै नामबाट दाखिला गरेको देखियो । मु.अ.कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट गर्ने संकलन गरि दाखिला गर्ने राजश्व शीर्षक नं.३३३१७ को खातामा रु.२६७५७९५।०० जम्मा गर्नुपर्नेमा देहाय अनुसारका मूल्य अभिवृद्धि कर ठेकेदारको नाम उल्लेख गरी राजश्व शिर्षक नम्बर ३३३१४ मा रु.२६०६२५३।०० र रु.६९५४२।०० मात्र राजश्व शिर्षक नम्बर ३३३१७ मा दाखिला गरेकोले व्यवसायीहरुलाई अनुचित लाभ हुन गएको देखियो । अतः उल्लिखित बमोजिमको मू.अ.कर रकम पालिकाले एकिन गरेर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्नेमा सो अनुसार असुल नगरेकोले रु.२६०६६५३।०० असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

सि	नदी तथा घाट	ठेकेदार फर्म।अमानत	कबोल अंक मू अ कर बाहेक	मू अ कर दाखिला	मूलकर दाखिला शिर्षक ३३३१७	मूअकर दाखिला शिर्षक ३३३१४
१	रङसिङ रासि नदी मलमला घाट	बर्षा कन्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.गढवा १ दाङ	८१२७०००	१०५६५१०		१०५६५१०
२	रासि नदी खडगपुर घाट क्षेत्र ख	के.वि. कन्ट्रक्शन मल्लरानी ३ प्यूठान	१७८८९४५	२३२५६२		२३२५६२
३	रासि नदी झारबैरा घाट क्षेत्र १	आश्रेया डेभलपर्स कोटेश्वर काठमाण्डौ	२५००००७	३२५०००		३२५०००
	जरिवाना	आश्रेया डेभलपर्स कोटेश्वर काठमाण्डौ	९१९४१७	११९५२४		११९५२४
४	रासि नदी धर्मपुर घाट क्षेत्र ३	श्री कृष्ण विल्डस गढवा ५ दाङ	१५५५०००	२०२१५०		२०२१५०
	जरिवाना	श्रीकृष्ण विल्डर्स		६९५४२	६९५४२	
५	रासि नदी वडा नं ४ नं.घ रतनपुर	सगरमाथा कार्पोरेशन घोराही १५ दाङ	५१५७७५०	६७०५०७		६७०५०७
				२६७५७९५	६९५४२	२६०६२५३

असुल गर्नुपर्ने	२६,०६,२५३

८८.५ **आय ठेक्का स्वीकृत परिमाण भन्दा बढी उत्खन्न** - ढुंगा, गिट्टि, वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन मापदण्ड,

२०७७ को दफा ७ मा भएको व्यवस्था अनुसार सम्बन्धित गाउँपालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिन नियमित अनुगमन गर्ने, घाटगद्दी गर्न स्थान तोकिदिने, उत्खननयोग्य परिमाणभन्दा वढी परिमाण उत्खनन् वा संकलन भएमा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा संकलन कार्य बन्द गर्न निर्देशन दिने, बढी परिमाण संकलन तथा उत्खनन् गरेमा जफत गरी लिलाम विक्रि गर्ने, सम्बन्धित निकायले नापँचाज नगरी ती वस्तुहरु लैजान नपाउने व्यवस्था गर्ने व्यवस्था रहेको छ ।

पालिकाले यस आ.व.मा १५ वटा घाट तोकी IEE गरी जिसस र राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिमा स्वीकृतिको लागि सिफारिस गरेकोमा मिति २०७९।०९।१४ गते मात्र नदीजन्य पदार्थ उत्खनन वा संकलन सहमति प्राप्त गरेको देखिन्छ । गाउँपालिकाले समयमा नै कार्ययोजना वनाई तोकीएको घाटमा IEE गरी जिसस र राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिबाट नदीजन्य पदार्थ उत्खनन वा संकलन सहमति लिई ठेक्का लगाउनु पर्ने तर्फ ध्यान दिनुपर्दछ । त्यस्तै तोकिएको क्षेत्रमा तोकिएको परिमाणभन्दा वढी परिमाण उत्खनन हुन नदिन प्रभावकारी रुपमा नियमित अनुगमन कार्य गर्नुपर्दछ ।

पालिकाले आ.व.२०७९।०८० मा ५ वटा नदीघाटहरुमा ठेक्का सम्झौता गरेकोमा आन्तरिक लेखापरिक्षण प्रतिवेदन र पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको विभिन्न मितिहरुमा भएको अनुगमनबाट बढि उत्खन्न गरेको देखिएकोले बढी उत्खनन गर्ने कबोलकर्ता निर्माण व्यावसायीहरुलाई उत्खनन तथा संकलन कार्यमा रोक लगाएको जनाएको छ । पालिकाबाट प्राप्त विवरण अनुसार देहाय अनुसारका कबोलकर्ताले बढी नदिजन्य पदार्थ उत्खनन गरेको देखिएको छ । बढी परिमाण बमोजिमको देहायबमोजिमको रकम जरिवाना समेत एकिन गरी असुल गर्नुपर्ने रु.

ठेकेदार	**वर्षा कन्स्ट्रक्सन ठे नं ९।०७९-८० (राप्ती रङसिङ दोभान देखिमलमला घाट)**	**सगरमाथा कर्पोरेसन प्रा.ली. ठे नं१।०७९-८० (रतनपुर घाट वगर क्षेत्र)**
स्वीकृतपरिमाण घ.मि.	२७,०००	१७४४२
उत्खनन गरेको परिमाण	२७२५३	२८०५१.७५
उत्खनन बढी परिमाण	२५३	१०६०९.७५
कबोल दरअनुसार हुने रु	७६१५३	३१३७३४०
जरिवाना १० प्रतिशत	७६१५	३१३७३४
जम्मा	८३७६८	३४५१०७४
मूअकर	१०८८९	४४८६३९
आयकर	१२५६	५१७६६
जम्मा	**९५९१४**	**३९५१४७९**
कुल जम्मा	४०४७३९३	

असुल गर्नुपर्ने	४०,४७,३९३

८८.६ **स्टक जफतबाट प्राप्त राजश्व** - आर्थिक बर्ष आ.व.०७९।०८० को नदीजन्य पदार्थ स्टक जफत बाट प्राप्त राजश्व आम्दानीको देहाय अनुसार रु.१७५८९७५।०० जफत गरी दाखिला गरेको विवरण देहाय अनुसार पेश भएको छ । उक्त रकम मध्ये पालिकाले रु.९३४२०।०० विभाज्य कोषमा र बाँकी रु.१६६५५५५।०० विभाज्य कोषमा जम्मा नगरी पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको विवरण पेश भएकोले उक्त रकम मध्ये नियमानुसार ४० प्रतिशत रकम रु.६६६२२२।०० प्रदेश संचित कोषमा पठाउनुपर्ने मा पठाएको देखिएन । उक्त रकम बाँडफाड हुनुपर्दछ ।

सि.नं.	व्यक्तिको नाम थर	ठेगाना	मासिक दाखिला रकम	दाखिला मिति	परिमाण घ.मी.
१	निर्गुण प्रसाद यादव	गढवा गा.पा. २	२,९०,०००।-	२०७९।०५।०९	१०२६.६३
२	निर्गुण प्रसाद यादव	गढवा गा.पा. २	३,००,०००।-	२०७९।०७।१५	१०६१.७२
३	प्रकाश कुमार थापा (सुरेश माझी)	गढवा गा.पा. १	८३,५००।-	२०७९।०८।०८	२९५.५१
४	बिर बहादुर पुनमगर	गढवा गा.पा. १	१,८०,७९०।-	२०७९।०८।११	६३९.८२
५	उमा शंकर यादव,राजकुमार लोध	गढवा गा.पा. २	२,८५,०००।-	२०७९।०८।२३	१००८.६३
६	आशा राम यादव	गढवा गा.पा. २	१,३७,५५०।-	२०७९।०९।०१	४८६.७९
७	प्रकाश कुमार थापा (अनन्त शाह)	गढवा गा.पा. १	१,४७,६००।-	२०७९।०९।२३	५२२.३६
८	गोकर्ण पौडेल (बलदेवकुमाल)	गढवा गा.पा. १	२,०९,१००।-	२०७९।१२।०६	७४०.०१
९	पदम गिरी	गढवा गा.पा. १	३२,०१५।-	२०७९।१२।०९	११३.३
१०	भानु घर्तिमगर	गढवा गा.पा. १	१८,०८०।—	२०८०।०१।०८	६३.९८
११	बालचन्द्र बुढाथोकी	गढवा गा.पा. १	७५,३४०।—	२०८०।०१।१४	२६६.६३
	जम्मा		१७,५८,९७५।-		६२२५.३८

पालिकाले अवैध ढुंगा जफत गर्दाको इन्धन/ढुवानी खर्च र खाजा खर्च वापत रु.१३२००३९ खर्च गरेकोमा ढुंगा जफत वापत रु.१७५८९५७ आम्दानी गरेको विवरण पेश गरेको छ । पालिकाले अवैध ढुंगा जफत कार्यमा भएको अधिक खर्चलाई मितव्ययीयत कायम गरी नियन्त्रण गर्नुपर्दछ ।

८८.७ **वडागत अमानतबाट ढुंगा गिट्टी बिक्रीको राजश्व** - पालिकाले सूचना गर्दा समेत ठेक्का नलागेपछि पालिका तथा वडाबाट नगदी रसिद प्रयोग गरी अमानतमा ढुंगा गिट्टी बिक्री गरी देहाय अनुसार रु.३३६३६१०।०० राजश्व संकलन गरेको विवरण पेश भएको छ । उक्त रकम मध्ये पालिकाले रु.१०२७९२०।०० विभाज्य कोषमा र बाँकी रु.२३३५६९०।०० विभाज्य कोषमा जम्मा नगरी पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको विवरण पेश भएकोले उक्त रकम मध्ये नियमानुसार ४० प्रतिशत रकम रु.९३४२७६।०० प्रदेश संचित कोषमा पठाउनुपर्ने मा पठाएको देखिएन । उक्त रकम बाँडफाड हुनुपर्दछ ।

८८.८ **रसिद विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार राजश्व सम्बन्धि

व्यवस्थित अभिलेख राख्न रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७९।८० मा के कति रसिद छपाई गरेको छ सोको प्रमाणित अभिलेख तथा रसिद नियन्त्रण खाता अद्यावधिक राखेको छैन । रसिद नियन्त्रण खाता अद्यावधिक नहुँदा के कति रसिद प्रयोग भएको हो सो सम्बन्धमा यकिन हुन सकिएन । कार्यालयले रसिद नियन्त्रण खाता अद्यावधिक राख्नुका साथै रसिद ठेली अनुसारको विवरण समेत राखी राजश्व अभिलेखांकन गर्नुपर्दछ ।

पालिकाबाट प्राप्त विवरण अनुसार देहाय अनुसारको रसिद छपाई गरी प्रयोग गरेको छ । सो मध्ये देहाय अनुसारका वडा नं ५ को ४ ठेली र वडा नं ६ को २ ठेली गरी जम्मा ६ ठेलीबाट के कति रकम उठेको सम्बन्धमा पालिकाले ठेली प्राप्त गरी सम्बन्धित व्यक्ति एकिन गरी जरिवाना समेत रकम असुल गर्नुपर्दछ ।

विवरण	**रसिद छपाई**	**रसिद नम्बर**	**प्रयोग नभएका ठेली**	**फिर्ता नगरेको तथा राजश्व नबुझाएको बाँकी ६ ठेली**
रसिद	११० ठेली	०१-५० बाट ५४५०-५५०० सम्म	५ ठेली रसिद ठेली नम्बर	प्राप्त नभएको र राजश्व समेत नबुझाएको वडा नं ५ ले ४ ठेली (१७०१-१८५०) वडा नं ६ ले २ ठेली (७०१-८००)
उठेको राजश्व	३३६३६१०		**उठ्न बाँकी**	एकिन गरी असुल गर्नुपर्ने

८८.९ **अमानतबाट संकलित दाखिला गर्न बाँकी राजश्व** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ५८ मा राजश्व दाखिला र राजश्व लेखा सम्बन्धी व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार आ.व. २०७९।०८० मा नदीजन्य पदार्थ संकलनको लागि रसिद प्रदान गरिएको निम्न वडा कार्यालयहरुले रसिद ठेलि बुझिलिएको र ठेली तथा ठेलि बमोजिमको रकम दाखिला नभएको हुदाँ रकम एकिन गरी जिम्मेवार व्यक्तिबाट जरिवाना समेत असुल हुनुपर्दछ ।

वडा नम्बर	**ठेलि संख्या**	**रसिद नं.**	**रकम**	**कैफियत**
२	-	५४०१देखि ५५००	८८२८०	ठेलिअनुसारको रकम दाखिला नभएको
५	४	८५१—९००र १७०१—१९५०		पालिकामाठेली पेश नभएको
६	२	७०१—८००	-	पालिकामाठेली पेश नभएको
			असुल गर्नुपर्ने	८८,२८०

८८.१० **अमानतबाट ढुंगा गिट्टी विक्रीबाट उठाएको राजश्वको मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन

गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा अमानतबाट ढुंगा गिट्टी विक्री वापतको राजश्व रु.३३६३६१० संकलन गरेको विवरण पेश भएकोमा सोको मूअकर रु.४३७२७०।०० राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,३७,२७०

८८.११ **रोयल्टी कट्टीबाट प्राप्त रकम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ५८ मा राजश्व दाखिला र राजश्व लेखा सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले आर्थिक बर्ष आ.व.०७९।०८० को नदीजन्य पदार्थ तर्फ विभिन्न योजनामा ढुंगा गिट्टीको विल पेश नगरेको वापत पालिकाले भुक्तानी गर्दा गोश्वारा भौचरबाट अन्य कट्टी उल्लेख गरी रु २०१७२८०।०० कट्टी गरेको विवरण पेश भएको छ । उक्त रकम रु.२०१७२८०।०० विभाज्य कोषमा जम्मा नगरी पालिकाको खातामा जम्मा गरेको विवरण पेश भएकोले उक्त रकम मध्ये नियमानुसार ४० प्रतिशत रकम रु ८०६९१२।०० प्रदेश संचित कोषमा पठाउनुपर्नेमा पठाएको देखिएन । उक्त रकम बाँडफाड हुनुपर्दछ ।

८८.१२ **राजश्व दाखिलामा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा सरकारी नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । पालिका केन्द्र र वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

८९ **काठ दाउरा लिलामी -** यस पालिकाको पुरानो भवनको मर्मत तथा पर्खाल निर्माण कार्य गर्दा भवन परिसरमा रहेका रुखहरु कटान भई पालिका भवन अगाडी डम्पिङ गरि राखेकोले पालिकाले मिति २०८०।०३।१२ गते ५६७ घन फीट काठको लागत अनुमान मूअकर बाहेक रु २८३३५६।०० र संकलन तथा घाटगद्धी खर्च रु ७६०९२।०० कायम गरी सूचना प्रकाशन गरेकोमा तीन फर्महरु भवानी सःमिल एण्ड फर्निचर उद्योग, आदीशक्ति सःमिल तथा फर्निचर र देउखुरी भेनियर एण्ड सःमिलबाट प्रास्ताव प्राप्त भएकोमा सोमध्ये आदीशक्ति सःमिल तथा फर्निचरले मूअकर बाहेक रु २८६७९२।३८ मा कबोल गरेको विवरण प्राप्त भएकोमा सम्झौता गर्न नआएको पालिकाले जनाएको छ ।

पालिकाले आदीशक्ति सःमिल तथा फर्निचरले १० प्रतिशत वापत राखेको धरौटी रकम जफत गरी पालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरेको जनाएको तर सम्झौता गर्न नआएकोमा कारवाही गरेको देखिएन । ठेक्का कबोल गरी सम्झौता गर्न नआउने फर्मलाई नियमानुसार कारवाही हुनुपर्दछ ।

यससससम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको छ । पालिकाबाट प्रथम कबोलकर्ताको धरौटी जफत गरेतापनि दोस्रो कवोलकर्तालाई जानकारी गराएको देखिएन ।उक्त काठ, दाउराहरु पालिकाको कम्पाउन्डमा खुला क्षेत्रमा राखेको देखिन्छ र समयमा लिलाम विक्री नभए उक्त काठ ह्रास हुदैं जाने र सो अनुसार काठको लागत अनुमान समेत कम हुने भएको हुदाँ पालिकाले समय मै लिलाम विक्री गरी आम्दानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९० कवाडी कर ठेक्का

९०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ को १(घ) मा प्रस्तावदाताले आपसमा मिलेमते गरी प्रस्ताव दिएको प्रमाणित भएमा सो प्रस्ताब अस्वीकृत गर्ने र खरिद कारवाही रद्द गर्ने व्यवस्था रहेको छ ।आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार गाउँपालिकामा रहेका कवाड जन्य बस्तुहरुको संकलन तथा विक्रि वितरण गर्न मिति २०७९।०८।१३ गतेको गाउँकार्यपालिकाको वैठकको निर्णयानुसार न्यूनतम कवोल रकम रु. ३,००,०००।०० स्विकृत गरिएको र सोहीबमोजिम ठेक्का आह्वानको लागि सूचना प्रकाशन गरिएकोमा मिति २०७९।०९।१४ गते प्राप्त दरभाउपत्रको मुचुल्का खोल्दा तिन सेवाप्रदायक रेशम स्मृति कन्स्ट्रक्सन प्रा.लि. काठमाडौंले मुअकर वाहेक रु. ५,११,१११।०० अक्षर, अकंमा लेखेर केरमेट गरी पुन रु.३,०१,०००।०० अक्षर,अकंमा लेखि छाप लगाईएको, सोही अनुसार स्वर्गद्वारी निर्माण सेवा लमहीले रु.३,४०,०००।०० अक्षर, अकंमा लेखेर केरमेट गरी पुन रु. ३,००,५००।०० अक्षर,अकंमा लेखि छाप लगाईएका र शुसिला सप्लायर्स लमहीले समेतज मुअकर बाहेक रु. ३,०१,१००।०० मात्र अक्षर,अंकमा लेखिएको प्रतिवेदनमा उल्लेख गरेको छ । मिति २०७९।०९।१७ गतेको सिलबन्दी दरभाउपत्र खोलिएको प्र.प्र.अधिकृतको संयोजकत्वमा मुल्यांकन समितिको वैठकले कवोलकर्ताले पेश गरेको दरभाउपत्र केरमेट भएकोले यस सम्बन्धमा नियमानुसार मुचुल्का उठाएको विवरण उल्लेख गरि न्यूनतम कवोलकर्ता श्री शुसिला सप्लायर्सले पेश गरेको कवोल रकमलाई स्वीकृत गरि मिति २०७९।११।१० गते सम्झौता गरेको छ । यसरी दुईवटा कवोलकर्ताले पेश गरेको दरभाउपत्रको रकम अक्षर र अंक दुवैमा केरमेट भएको अवस्थामा ठेक्का प्रक्रिया रद्द गरी पुन सुचना आह्वान गर्नुपर्नेमा सो नगरी सम्झौता गरेको उचित देखिएन । यससससम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत औंल्याएको छ । यससम्बन्धमा पालिकाले एकिन गरी सम्बन्धितलाई कारवाही गर्नुपर्दछ ।

९०.२ कवोलकर्ता शुसिला सप्लायर्सले अग्रिम आयकर र मुअकर वापतको रकम रु.४,५१६।५ र रु.३९,१४३ गाउँपालिकाको आन्तरिक राजश्व खाता जम्मा गरेकोले सम्बन्धीत राजश्व शिर्षकमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४३,६५९

अनुसूचीहरू

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : गढवा गाउँपालिका, दाङ , गढवा गाउँपालिका, दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अमर राज शर्मा	२०८०-६-२३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	आशिष चौधरी	२०७९-५-२७	२०८०-३-३१
लेखा प्रमुख	शम्भु राज आचार्य	२०७९-४-१	२०८०-३-३१

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
११,६४३,६८३	३२,२६७,८७५	१६,०९९,४१५	०	१,१२५,०००	३,०९६,४००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६४,२३२,३७३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६४,२३२,३७३

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

स्थानीय तह : गढवा गाउँपालिका

गत बर्षको जिम्मेवारी		१५९४०५०९८.०७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५७२६४५२२२.८३	**चालु खर्च**	५१५२२८३४६.३४
प्रदेश सरकारबाट अनुदान	६९८६७१४३.२९	**पूँजीगत खर्च**	३४२१२९६५०.११
राजश्व बाँडफाँट	१२१९८०८९१.४	**वित्तीय/अन्य व्यवस्था**	७२५७७४७६.७२
आन्तरिक आय	१७४४९५४६.०७		
अन्य आय	४७८६७४०१.४२		
कुल आय	८२९८१०२०५.०१	**कुल खर्च**	९२९९३५४७३.१७
बाँकी मौज्दात		५९२७९८२९.९१	